# ‘ह्योल्मो जातिको सामाजिक सांस्कृतिक अवस्था एक समाजशास्त्रीय अध्ययन : क्यूल गाविस सिन्धुपाल्चोक’

## शोधपत्र

प्रस्तुतकर्ता

डेमलाल घिमिरे

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत

समाजशास्त्र विषयको स्नातकोतर तहको आंशिक आवश्यकता

परिपूतिको लागि तयार पारिएको

त्रिभुवन विश्वविद्यालय

केन्द्रीय क्याम्पस, कीर्तिपुर

२०६८

# सिफारिसपत्र

मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूर्तिको लागि डेमलाल घिमिरेले 'ह्योल्मो जातिको सामाजिक सांस्कृतिक अवस्था एक समाजशास्त्रीय अध्ययन : क्यूल गाविस सिन्धुपाल्चोक' शीर्षकमा गर्नुभएको यो शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्रमा निजले मेहनतपूर्वक सिन्धुपाल्चोक जिल्लाको क्यूल गाविस अन्तर्गतका ह्योल्मो जातिको विविध पक्षबारे अध्ययन गर्नुभएकोमा यसको उचित मूल्यांकनको लागि सिफारिस गर्दछु ।

**उद्धव राई**

**शोध निर्देशक**

**त्रिभुवन विश्वविद्यालय**

**केन्द्रीय क्याम्पस, कीर्तिपुर**

# स्वीकृतिपत्र

**डेमलाल घिमिरेबाट समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि तयार गरी प्रस्तुत 'ह्योल्मो जातिको सामाजिक सांस्कृतिक अवस्था एक समाजशास्त्रीय अध्ययन : क्यूल गाविस सिन्धुपाल्चोक' शीर्षकको शोधपत्र उक्त विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि उपयुक्त ठहरिएकाले स्वीकृत गरिएको छ ।**

शोध मूल्यांकन समिति

१. **विभागीय प्रमुख**

**प्रा.डा. ओम गुरुङ** ....................................

२. **शोध निर्देशक**

**उद्धव राई** ....................................

३. **बाह्य निरीक्षक**

**डा विनोद पोखरेल** ....................................

# कृतज्ञता ज्ञापन

बहुजातीय बहुसांस्कृतिक विविधताले भरिपूर्ण नेपाली जनजीवनको एउटा सानो अंशको रुपमा ह्योल्मो जाति पनि रहेको छ । नेपालमा रहेका करिब १०१ जाति जनजातिहरुमध्ये धेरैको विभिन्न सन्दर्भमा अध्ययन तथा खोज अनुसन्धान पनि हुने गरेका छन् । यसै सन्दर्भमा अहिलेसम्म अध्ययन अनुसन्धानको सूचीमा खासै नदेखिएको, उत्पत्तिको बारे पनि खासै ठोस प्रमाणहरु फेला पर्न नसकेको, परापूर्वकालदेखि नै आफ्नो मातृभूमि सिन्धुपाल्चोक जिल्लाको उत्तरपश्चिम, नुवाकोटको उत्तर र रसुवा जिल्लाको पूर्वी सिमाना हेलम्बु क्षेत्र नै प्रथम मातृभूमि भन्दै आएको हिमाली जनजातिको श्रेणीमा पर्ने ह्योल्मोहरु र उनीहरुको परिवर्तित जीवनशैलीको बारेमा समाजशास्त्रीय अध्ययन गर्ने चासो बढेको हो ।

कुनै पनि जाति विशेषको सबै पक्षको अध्ययन गर्नु सजिलो कुरा हुँदैन । समय, साधन र स्रोतलाई ख्याल गरी सिन्धुपाल्चोक जिल्ला अन्तर्गतको क्यूल गाविसका ह्योल्मोहरुको सामाजिक सांस्कृतिक पक्षको वर्णनात्मक अध्ययन गरिएको छ । यसरी यस अध्ययनमा सम्पूर्ण ह्योल्मोहरुको संस्कृतिबारे चर्चा गर्न खोजिएको छैन ।

मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने सिन्धुपाल्चोक जिल्लाका ह्योल्मोहरुको सीमित मात्रामा अध्ययन अनुसन्धान भएको देखिन्छ । त्यसैले स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको लागि लेख्नुपर्ने शोधपत्रको लागि मैले सिन्धुपाल्चोकको क्यूलका ह्योल्मोको अध्ययन विषयलाई रोजेको छु । यस अध्ययनको क्रममा अध्ययन क्षेत्रमा जाँदा धेरैजसो युवाहरु गाउँ थिएनन् । कोही बाहिरी देशमा रोजगारीको लागि घर छाडेका थिए भने कुनैले काठमाडौंमा बसेर जीवन गुजारेका थिए । गाउँका केही बूढापाका र विद्यालयका शिक्षकहरुसँग विभिन्न पक्षको जानकारी लिइएको छ । साथै ह्योल्मो जाति र यससँग सम्बन्धित अन्य जातिहरुको सम्बन्धमा प्रकाशित पुस्तक, लेखरचनाको प्रयोग गरी यस शोधलाई पूर्णता दिने प्रयास गरिएको छ ।

यस शोधपत्रमा ह्योल्मोहरुको उत्पत्ति तथा नामाकरण, यिनीहरुको सामाजिक सांस्कृतिक अवस्था, ह्योल्मो जातिमा परिवर्तनको प्रभाव र संरक्षणको वर्तमान अवस्थाबारे प्रकाश पार्ने चेष्टा गरिएको छ । यसले ह्योल्मोहरुको समग्र पक्षबारे अध्ययन अनुसन्धानमा एउटा स्रोत सामग्रीको रुपमा काम गर्ने आशा लिएको छु ।

यस शीर्षकमा शोधपत्र लेख्नमा मार्गनिर्देशकको रुपमा रहेर आफ्नो अमूल्य समय दिई उपयुक्त निर्देशन, सरसल्लाह र सहयोग प्रदान गरिदिनुहुने आदरणीय गुरु श्री उद्धव राईप्रति कृतज्ञता व्यक्त गर्दछु । यो शोधकार्य लेखनको लागि स्वीकृत प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानवशास्त्र विभागका प्रमुख डा. ओम गुरुङप्रति आभारी छु ।

यस अध्ययनको विषयवस्तु छनौटदेखि लेखनकार्यसम्म नियमित सुझाव दिइरहने जनजाति अभियानकर्ता रामबहादुर बुढालाई सम्झिनैपर्छ । यसैगरी ह्योल्मो जातिको सामाजिक सांस्कृतिक पक्षलाई बचाउँदै यसलाई समाजको मूलप्रवाहमा समेट्न लगातार लागिरहेको नेपाल ह्योल्मो सेवा संघ परिवार, ह्योल्मो संरक्षक उत्थान परिषद् र यसैको अध्यक्ष टासी छिरिङ ह्योल्मो, दाबा लामा, क्यूल गाविस सचिव नवराज कोइरालाप्रति आभार व्यक्त गर्दछु ।

शोधग्रन्थ लेखनकार्यमा नियमित साथ दिने, स्रोत सामग्रीलाई सुरक्षित व्यवस्थित गरिदिने जीवनसाथी सीता र छोरी अनिसा साथै मलाई यहाँसम्म पुऱ्याउनुहुने बुबा, आमा, भाइबहिनीलई पनि सम्झदा अन्यथा मान्दैन । यो शोधपत्रको सम्पूर्ण टाइपसेटिङ गरिदिने मित्र विमल पोखरेप्रति पनि कृतज्ञ छु ।

शोधार्थी

**डेमलाल घिमिरे**

**सि. नं. २८२५४९/२०६४/६६**

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर**

**२०६८**

विषयसूची

**अध्याय एक : परिचय** ९

१.१. **अध्ययनको पृष्ठभूमि** ९

१.२. **समस्याको कथन** ११

१.३. **अध्ययनको उद्देश्य** १२

१.४. **अध्ययनको महत्व** १२

**अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन** १४

**अध्याय तीन : अनुसन्धान विधि** १९

३.१. **अध्ययन क्षेत्रको छनौट** १९

३.२. **अनुसन्धान ढाँचा** २०

३.३. **तथ्यांकको प्रकृति तथा स्रोत** २०

३.४. **तथ्यांक संकलन पद्धति** २०

३.४.१. **घरधुरी सर्वेक्षण** २०

३.४.२. **अवलोकन** २१

३.४.३. **जानकार व्यक्ति** २१

३.५. **तथ्यांकको सम्पादन र वर्गीकरण** २१

३.६. **तथ्यांकको विश्लेषण र प्रस्तुतीकरण** २२

३.७. **अध्ययनको सीमा** २२

**अध्याय चार : अध्ययनक्षेत्रको परिचय** २३

४.१. **क्यूल गा.वि.स.को अवस्थिति** २३

४.२. **जनसंख्या** २४

४.३. **धर्म र संस्कृति** २७

४.४. **शिक्षा** २८

४.५. कृषि २९

४.६. पशुपालन ३२

४.७. व्यापार तथा उद्योगधन्दा ३३

४.८. महिला तथा अन्य वर्गको स्थिति ३३

४.९. विविध ३४

अध्याय पाँच : जाति परिचय ३५

५.१. ह्योल्मो जातिको उत्पत्ति तथा नामाकरण ३५

५.२. सिन्धुपाल्चोकमा ह्योल्मो जातिको जनसंख्या ४६

अध्याय छ : ह्योल्मो जातिको सामाजिक तथा सांस्कृतिक पक्ष ४८

६.१. सामाजिक पक्ष ४८

६.१.१. बसोबास एवं रहनसहन ४९

६.१.२. घरको बनावट ४९

६.१.३. शारीरिक बनोट ५१

६.१.४. भेषभुषा र गरगहना ५१

६.१.५. खानपान र भाँडावर्तन ५४

६.१.६. भाषा र लिपि ५६

६.१.७. शैक्षिक अवस्था ५७

६.१.८. पेशा ५८

६.१.९. हातहतियार ५९

६.१.१०. प्रचलित थरहरु ६०

६.२. सांस्कृतिक पक्ष ६१

६.२.१. जन्म संस्कार ६१

६.२.२. विवाह संस्कार ६४

६.२.३. मृत्यु संस्कार ६८

६.२.४. धर्म ७०

६.२.५. परम्परागत धार्मिक विश्वास ७४

६.२.६. चाडपर्वहरु ७६

ल्होसार

६.२.७. ह्योल्मो जातिका आफ्नै चाडपर्वहरु ८०

क्षीजु पर्व (च्हेच्यू)

न्युङने पूजा

छोग

नाहारा पर्व

मनिबुम पूजा

६.२.८. नाचगान ८६

मानिछेपा

छेर्लु

छ्याङ्लु

छ्याम्नु

६.२.९. बाजागाजाहरु ८८

अध्याय सात : ह्योल्मो जातिमा परिवर्तनको प्रभाव र संरक्षकको अवस्था ८९

७.१. परिवर्तनको प्रभाव ८९

७.१.१. भेषभुषामा आएको परिवर्तन ९०

७.१.२. भाषामा आएको परिवर्तन ९१

७.१.३. रीति संस्कार र पर्वमा आएको परिवर्तन ९२

७.२. परिवर्तनका कारणहरु ९४

७.२.१. अन्तरसांस्कृतिक सम्बन्धको प्रभाव ९४

७.२.२. बाह्य सम्पर्कको प्रभाव ९५

७.२.३. आधुनिकता ९५

७.२.४. शिक्षा ९६

७.३. ह्योल्मो जातिको संस्कृति संरक्षणको वर्तमान अवस्था ९७

अध्याय आठ : सारांस, निष्कर्ष र सुझाव १००

८.१. सारांस १००

८.२. निष्कर्ष १०४

८.३. सुझावहरु १०५

सन्दर्भ सूचीहरु

अनुसूचीहरु

टिप्पणीहरु

तालिका सूची

तालिका नं. १. वडागत जनसंख्या विवरण २५

तालिका २. उमेरअनुसार जनसंख्या विवरण २६

तालिका ३. ह्योल्मोहरुको वडागत जनसंख्या २६

तालिका ४. जातिगत जनसंख्या २७

तालिका ५. खाद्यबाली उत्पादन विवरण ३०

तालिका ६. नगदेबालीबाट वार्षिक आम्दानी विवरण ३१

तालिका ७. पशुपालन ३२

तालिका ८. ह्योल्मोहरुको गाविसगत जनसंख्या विवरण ४७

# अध्याय एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुजातीय, बहुसांस्कृतिक तथा अनेकन विविधताको बीचमा एकता भएको मनोरम देश हो । संसारको सबभन्दा अग्लो हिमाल सगरमाथा र अन्य हिमश्रृंखलाको लस्करले मनै लोभ्याउने गरी काखमा राखेको एउटा सुन्दर फूलवारी भन्दा पनि अन्यथा हुँदैन । उत्तरमा चीन र पूर्व, पश्चिम र दक्षिणमा भारतजस्ता आफूलाई शक्तिशाली देखाउने देशको बीचका इतिहासदेखि नै सभ्य, सुसंस्कृत र स्वतन्त्र राखिराखेको आफ्नो पहिचानलाई आजसम्म पनि विश्वसामु शीर नझुकाएर ठडिरहेको छ । विभिन्न भाषा, धर्म, संस्कार र संस्कृति तथा मौलिकताको बाहुल्यता रहेको साथै प्राकृतिक स्रोत र सम्पदाले भरिपूर्ण नेपालमा नेपाली हुनुको गर्व जोसुकैले पनि गर्न सकेका छन् । सांस्कृतिक रुपमा अत्यन्तै समृद्धशाली भए तापनि नेपाली समाज आर्थिक रुपले भने पछाडि परेको छ । सानो भूगोल रहेता पनि यहाँभित्रको धरातल, वातावरण, भाषा, संस्कृति र वन सम्पदाको विविधताले गर्दा यसको सामाजिक स्वरुप बृहत् बनेको छ ।
नेपालको प्रत्येक क्षेत्रमा धेरै प्रकारका जाति, जनजातिहरु अन्तर्घुलित र अन्तर्सम्बन्धित भएर बसेका छन् । उत्तरी भेगमा भोटे, शेर्पा, तामाङ, थकाली, मध्यखण्डमा मेचे, चेपाङ, धिमाल, दनुवार, थारु, यादव, राजवंशी, सतार, सन्थाल, मैथिली, मुसलमानको अधिक देखिन्छन् भने ब्राम्हण, क्षेत्री, ठकुरी पनि धेरै ठाउँमा छरिएर रहेका छन् । विभिन्न जनजातिहरु प्राय: आपसमा आआफ्नो मातृभाषा बोल्छन् तर सबै समुदायले राष्ट्रभाषाको रुपमा नेपाली बुझ्ने र बोल्ने पनि गर्छन् । विभिन्न क्षेत्रबाट सांस्कृतिक, समूहहरुको आगमन, बसोबास, अन्तरक्रिया, भेटघाट र सम्पर्कबाट यहाँको जनजीवन प्रभावित हुनपुगेको छ । नेपालको उत्तरी खण्डबाट प्रवेश गरेका मंगोलियन प्रजातिहरु, दक्षिँणतिरबाट राजनैतिक र धार्मिक कारणले नेपाल प्रवेश गरेका आर्यनहरु तथा पश्चिमबाट व्यापारिक उद्देश्यले नेपाल भित्रिएका इस्लामहरु आज एउटै फूलको माला बनेर बसेका छन् ।
आज मुलुकमा भिन्न प्रकारका जाति, जनजाति, भाषाभाषी तथा सांस्कृतिक समुदायहरु विद्यमान छन् । विभिन्न सम्पर्क तथा अन्तर्क्रियाले गर्दा नेपाली समाज र संस्कृति जटिल बन्न पुगेको छ ।

प्रजातान्त्रिक/लोकतान्त्रिक आन्दोलनहरुपछि देशमा आएका राजनैतिक, आर्थिक, सामाजिक परिवर्तन साथै यातायात, संचार र शिक्षाको विकासले गर्दा नेपालका जाति तथा जनजातिहरु व्यवसाय, सुविधा तथा अवसरको खोजी पुर्खौली बासस्थान छोडेर अन्यत्र बसाइ सराइ गरेको देखिन्छ । हाम्रो बसोबासको ढाँचा, चालचलन, स्वरुप अलग अलग भए पनि राष्ट्रिय एकीकरण, सांस्कृतिक विविधतामा एकता आएको पाइन्छ । नेपालमा विभिन्न जातजातिले बसोबास गर्दै आएको भए तापनि जातीय रुपमा सुक्ष्म अध्ययनको सुरुआत भने २००७ सालपछि मात्र भएको पाइन्छ । वि.सं. २००७ साल पूर्व भएका सीमित विवरणात्मक अध्ययनहरु विदेशीहरुबाट भएको र ती अध्ययनको उद्देश्य समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन नभई केवल विभिन्न जातजातिको खास पक्षको अध्ययन गर्नु थियो । पछि नेपाली अध्ययनकर्ता/सोधकर्ताहरुले विभिन्न जाति, जनजातिको बारेमा अनुसन्धान/अध्ययन गरेको पाइन्छ । यसै सन्दर्भमा उत्पत्तिको ठोस प्रमाण फेला पर्न नसके पनि परापूर्वकालदेखि नै आफ्नो मातृभूमि सिन्धुपाल्चोक जिल्लाको उत्तरपश्चिम, नुवाकोटको उत्तर र रसुवा जिल्लाको पूर्वी सीमाना हेलम्बु क्षेत्र नै प्रथम मातृभूमि भन्दै आएको, हिमाली जनजातिको श्रेणीमा पर्ने ह्याल्मोको बारेमा समाजशास्त्रीय अध्ययन गर्ने प्रयास गरिएको छ । २०४८ को जनगणनामा उल्लेख नै हुन नसकेको ह्याल्मो जाति २०५८को जनगणनामा ५७९ र २०६५ को एक सर्वेक्षणअनुसार सिन्धुपाल्चोक जिल्लामा मात्र ५१७४ को संख्यामा पुगेको देखिन्छ ।

मंगोल समूह अन्तर्गत पर्ने ह्योल्मो जातिको आफ्नो छुट्टै भाषा, भेषभुसा, रीतिरिवाज, सामाजिक रहनसहन, मूल्यमान्यता र संस्कृतिहरु रहेका छन् । त्यसकारण यो एक आफ्नै मौलिक पहिचान भएको जाति हो । आजसम्म पनि केही हदसम्म यस जातिले आफ्नो संस्कृति बचाएर राखेको छ र नेपालको एकीकरणसँगै ह्योल्मोहरुले राज्यसत्तासँगको पहुँच राखेको अध्ययनहरुले देखाउँछन् । तापनि, अशिक्षा, अन्धविश्वास, बेरोजगारी, अन्तरसांस्कृतिक प्रभाव, गरिबी आदि कारणले कतिपय क्षेत्रका ह्योल्मोहरु पछाडि परेको पाइन्छ । त्यसकारण यस जातिका सामाजिक सांस्कृतिक पक्ष परिवर्तनको प्रभाव, संरक्षणको अवस्था लगायत विविध विषयबारे गहन अध्ययनको खाँचो भएको छ । राष्ट्रिय स्तरमा परिचय गराई यस जातिका मौलिक संस्कृतिबारे अध्ययन गर्नु गराउनु आजको टड्कारो आवश्यकता भएको छ । यही तथ्यलाई दृष्टिगत गरी यस शोधपत्रमा ह्योल्मो जातिको सामाजिक तथा सांस्कृतिक जीवनका विविध पक्षहरुबारे अध्ययन गरिनेछ ।

## २. समस्याको कथन

नेपालको आदिवासी जनजातिको रुपमा परिचित ह्योल्मो जाति चिनियाँ तिब्बती तथा भोटबर्मेली भाषा परिवार अन्तर्गत मंगोलियन प्रजातिका मानिन्छन् । लोकसंस्कृति तथा सांस्कृतिक दृष्टिकोणबाट धनी रहेका ह्योल्मो जातिको आफ्नै भाषा, रीतिरिवाज, भेषभुषा, गरगहना, मनोरञ्जन, धार्मिक क्रियाकलाप, संस्कार, चाडपर्व, पूजाआजा तथा सांस्कृतिक मूल्यमान्यताहरु रहेका छन् । यस्ताखाले सांस्कृतिक मूल्य मान्यताहरु सम्बन्धित जातिका मात्र नभएर समग्र राष्ट्रकै प्रतिनिधित्व हुने गर्दछन् । यहाँ ह्योल्मो जातिको सामाजिक रहनसहन, जीवनयापन पद्धतिबारे तथ्यहरु संकलन गर्नुका साथै उनीहरुको धार्मिक तथा सांस्कृतिक पक्षबारे अध्ययन गरिएको छ ।

ह्योल्मोहरुको जनसंख्या सानो आकारको भए तापनि यसको राज्यसत्तासँगको पहुँच यिनीहरुको आगमनसँगै भएको देखिन्छ । यिनीहरुको मूल बसोबासस्थल सिन्धुपाल्चोकको हेलम्बु क्षेत्र हो । उनीहरु वर्षौंदेखि त्यो क्षेत्रमा बस्दै आएका छन् । त्यसबाहेक याङ्ग्री, लार्के, रसुवाको लाङटाङमा पनि यिनीहरुको बसोबास रहेको छ । नेपालमा रहेका आठवटा धर्मावलम्बीहरुमध्ये १० प्रतिशतमा रहेको बौद्ध धर्मबाट ह्योल्मोहरु प्रभावित देखिन्छन् । त्यसमा पनि उनीहरु खासगरिकन तिब्बतीयन लामा बौद्ध धर्मबाट प्रभावित रहेका छन् । यिनीहरुको अलग्गै भाषा, संस्कृतिलाई उत्थान र विकास गर्ने आवाज उठिरहेको सन्दर्भमा ह्योल्मो जातिको पनि अध्ययन गरि यथार्थता बुलन्द गर्नुपर्ने आवश्यकता देखिन्छ ।

नेपाली समाज विकासको क्रममा मंगोलियन प्रजातिका विभिन्न जनजातिहरु आफ्नो पहिचानलाई कायम राख्दै आएको कुरा विभिन्न अध्ययनबाट अवगत हुन्छ । खासगरी पृथ्वीनारायण शाहको एकीकरण अभियानको साथसाथै विभिन्न सांस्कृतिक समुदायबीच पनि घुलमिल हुँदैगयो । राणा शासनको समयमा पनि यस प्रक्रियाले तीब्रता पायो तर २०४६ सालको आन्दोलनपछि विभिन्न जाति जनजातिमा सामाजिक चेतनाको जागरणले बढ्दै गयो । मौलिक परम्परा, संस्कार, धर्म, भाषा, लिपि, संस्कृति र सभ्यताको उत्थान र संरक्षणको निम्ति विभिन्न संघसंस्थाबाट र कार्यक्रमहरु अस्तित्वमा आउन थाले । आफ्नो भाषा संस्कृतिको विकास र प्रबर्द्धन गर्नको लागि ह्योल्मोहरुले विभिन्न संस्था खोली कार्यक्रमहरु सञ्चालन गर्दै आए । यसैक्रममा 'ह्योल्मो सेवा समाज'को माध्यमबाट यिनीहरुले आफ्नो अधिकारको निम्ति संघर्ष गरिरहेका छन् । आइएलओ महासन्धि नं. १६९ ले आदिवासी जनजातिहरुको बस्ती भएका ठाउँमा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा, विकास निर्माण वा कुनै पनि परियोजना सञ्चालन गर्दा स्थानीय

आदिवासीलाई सन्धि वा उनीहरुलाई निर्णयप्रक्रियामा सहभागी नगराइकन उक्त कार्यहरु गर्न नपाइने व्यवस्था भएबमोजिम ह्योल्मोहरु पनि संघर्षरत छन् । अहिले निर्माणाधिन मेलम्ची खानेपानी परियोजनाको क्रममा पनि ह्योल्मोहरुसँग सल्लाह, सहमति गरेर नै सञ्चालन गर्ने सहमति भएको छ ।

राज्य सञ्चालन र सामाजिक अवसरहरु जस्तै शिक्षा, स्वास्थ्य, रोजगारी आदिमा ह्याल्मो जातिको लागि विशेष व्यवस्था, आरक्षण वा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नतिर ध्यान जानुपर्ने देखिन्छ । यसर्थ निम्नलिखित समस्याहरुमा यो अध्ययन केन्द्रित हुनेछ ।

क. ह्याल्मो जातिको सामाजिक तथा सांस्कृतिक जीवन कस्तो छ ।

ख. ह्योल्मो जातिको संस्कृतिमा के कस्ता परिवर्तनहरु आएका छन् ।

ग. यस जातिले लोप हुँदै गइरहेको भाषा, संस्कृतिलाई संरक्षण गर्न कस्तो पहल गरेको छ ।

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य ह्याल्मोहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गर्नु रहेको छ । यसका मुख्य उद्देश्यहरु निम्न छन् :

क. ह्योल्मो जातिको इतिहासबारे जानकारी गराउँदै उनीहरुको सामाजिक सांस्कृतिक पक्षहरुको अध्ययन गर्ने ।

ख. ह्योल्मोहरुको सामाजिक सांस्कृतिक परम्परामा देखिएका परिवर्तन र तिनको संरक्षणको अवस्थाबारे अध्ययन गर्ने ।

ग. ह्योल्मो समुदायमा देखापरेको मुख्य समस्या पहिचान गर्ने ।

## १.४. अध्ययनको महत्व

नेपाल अनेक जाति, जनजातीय विविधता भएको देश हो । कुनै पनि जाति जनजाति वा समुदायको सामाजिक तथा सांस्कृतिक पक्षको पहिचान, विश्लेषण तथा चिन्तन मनन गर्नु आफैमा एक महत्वपूर्ण कार्य हो ।

यस अध्ययनबाट प्राप्त हुने सैद्धान्तिक ज्ञानलाई व्यवहारिक पक्षमा उतार्ने, विद्यमान सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नु र त्यसबाट निस्केका जानकारीगत तथ्यहरुलाई प्रयोग गर्दै यिनीहरुको विकासको लागि विभिन्न योजना बनाउने उद्देश्य तय गर्ने योजनाको कार्यान्वयन पक्षको

मूल्यांकनतर्फ विशेष ध्यान दिने, तालिमको व्यवस्था मिलाउने र कार्ययोजना बनाउने आदि कुराहरुका बारेमा यस सैद्धान्तिक ज्ञानको व्यवहारिक महत्व रहन जान्छ । त्यसैगरी यस अध्ययनबाट भविष्यमा गर्ने जुनसुकै अनुसन्धानकर्ता, विद्यार्थी अर्थात् यस सम्बन्धी चाख राख्ने सबैलाई सहयोग मिल्नेछ । बुँदागतरुपमा उल्लेख गर्दा यस सोधले निम्नबमोजिमको महत्वपूर्ण पक्षहरु समेट्नेछ भन्ने विश्वास छ ।

क. ह्याल्मो जनजातिको बारेमा जानकारी राख्न इच्छुक व्यक्ति, संस्था वा अन्य निकायलाई यसले एउटा स्रोतको रुपमा कार्य गर्नेछ ।

ख. जो कोहीले पनि यस सोधलाई आधार बनाएर ह्याल्मोहरुको व्यापक खोज र अनुसन्धान गर्न सक्नेछ ।

ग. राष्ट्रका योजनकार, नीतिनिर्माता तथा विभिन्न सरकारी संघ संस्थाहरुबाट ह्याल्मो समुदायको उत्थानको लागि सञ्चालन गरिने विकास निर्माण साथै जनचेतनाका कार्यहरुमा यो सोध मार्गनिर्देशक बन्नेछ ।

घ. यस सोधले ह्याल्मो जातिको मौलिक संस्कृति तथा त्यसमा आएको सांस्कृतिक परिवर्तनहरुबाट प्रकाश पार्न सहयोग गर्नेछ ।

ङ. ह्योल्मोहरुको सामाजिक रहनसहन र जीवनपद्धतिबारे बुझ्न सहयोग गर्नेछ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

विभिन्न जनजातिहरुबारे कलम चलाउने लेखक मधुसुदन पाण्डेयले आफ्नो पुस्तकमा ह्योल्मोलाई हेल्मु, यालमो भनी भनिने गरेको बताएका छन् । पाण्डेयले पनि ह्योल्मोहरुको मूल थलोको रुपमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बुलाई मानेका छन् । ह्योल्मोको नामाकरण सम्बन्धमा पाण्डेयका अनुसार तिब्बती भाषामा हे भनेको आलु र लबु भनेको मुला हुन्छ । हेलम्बुमा आलु र मुला प्रशस्त उब्जनी हुने हुँदा हेलबु भन्न थालियो र त्यसको अपभ्रंस हुँदै हेलम्बु भयो ।

पाण्डेयले पुस्तकमा ह्योल्मो जातिको भाषा, धर्म, पेशा, भेषभुसा, चाडपर्व तथा विभिन्न संस्कारहरुबारे संक्षिप्त रुपमा मात्र गरेका छन् जुन त्यतिमा मात्र पर्याप्त छैन । जसभित्र विभिन्न क्रियाकलाप तथा त्यसमा परिवर्तनहरु आइरहेको देखिन्छ । पाण्डेयले भाषाको चर्चा गर्दा ह्योल्मो जाति भोटको सीमा नजिक बस्ने हुँदा यिनीहरुको भाषामा भोटे भाषाको सम्मिश्रण पाइने बताएका छन्, ह्योल्मो जातिका व्यक्तिहरुसमेत आफ्नो भाषा शेर्पा र तामाङ नजिक रहेको बताउँछन् । यसमा पनि भाषादेखि लिएर अन्य सामाजिक तथा सांस्कृतिक क्रियाकलापमा समेत शेर्पासँग आफूहरुका बढी समीप्यमा रहेको कुरा शोधपत्र तयार गर्ने क्रममा ह्योल्मोहरुले बताएका थिए ।

पाण्डेयद्वारा लिखित पुस्तकमा ह्योल्मो जातिबारे थोरै मात्र उल्लेख गरिएको छ । उत्पत्ति, नामाकरण, सामाजिक जनजीवन, भेषभुसा, चाडपर्व, संस्कार आदि कुराहरुलाई केवल १ पानामै मात्र पाण्डेयले अटाएका छन् जसबाट धेरै कुराहरु पाउन सकिँदैन साथै सोध प्रस्तावका विषयवस्तुलाई यस पुस्तकले पूरै नसमेटेको हुँदा यसलाई खोजपूर्ण मान्ने आधार छैन ।

विभिन्न जनजातिबारे कलम चलाउने लेखक नगेन्द्र शर्माले आफ्नो पुस्तक नेपाली जनजीवनमा तामाङ जातिको बारेमा उल्लेख गर्ने क्रममा यो शीर्षकमा ह्योल्मो जातिको बारेमा छोटो कुरा लेखेका छन् । उनले ह्योल्मोलाई योल्माली भनेका छन् । उनले तामाङ, कागते र ह्योल्मोली भाषागत दृष्टिले एकै जातिका मानिसहरु हुनसक्ने विचार राखेका छन् ।

शर्माको विचार अनुसार तिब्बत-नेपाल सीमाना क्षेत्रका बासिन्दा ह्योल्मोलीको भाषा तिब्बती भाषाकै एक हाँगो हो र हेल्मु वा हेलम्बु शब्द योल्मुकै अपभ्रंस भएको हुनसक्ने विचार शर्माको छ । शर्माले उल्लेख गरेअनुसार ह्योल्मोली र तामाङहरुले बसोबास गरेका क्षेत्रको माझमा कागते बस्दछन् र तिनीहरुको बोलीमा उक्त दुवैथरीका बोलीको समिश्रण पाइन्छ । यसप्रकार शर्माले ह्योल्मो जातिसम्बन्धी थोरै मात्र लेखेका छन् भने यो जातिको उत्पत्तिसम्बन्धी ठोस कुराहरु उल्लेख गरेका छैनन् ।

नेपाल ह्योल्मो समाज सेवा संघद्वारा प्रकाशित यस पुस्तकमा ह्योल्मो जातिको ऐतिहासिक लगायत ह्योल्मो जातिको चाडपर्व, रीतिरिवाज, सामाजिक तथा सांस्कृतिक, धार्मिक क्रियाकलाप बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत पुस्तकमा ह्योल्मो जातिको पुरानो इतिहास कहाँबाट र कहिलेदेखि सुरु भयो भन्ने कुरामा स्पष्टसँग उल्लेख गरिएको छैन तैपनि पूर्वकालदेखि नै आफ्नो मातृभूमिको रुपमा सिन्धुपाल्चोक जिल्लाको उत्तरपश्चिम, नुवाकोट जिल्लाको उत्तर र रसुवा जिल्लाको पूर्वी सीमानामा हेलम्बु क्षेत्रलाई नै मान्दै आएको उल्लेख गरिएको छ ।

पुस्तकाअनुसार ह्योल्मो जातिको आफ्नै भाषा, आफ्नै भेषभुसा, आफ्नै संस्कृति, आफ्नै संस्कार छ तर यति हुँदाहुँदै पनि आफूहरु पिछडिएको गुनासो व्यक्त गरिएको छ । ह्योल्मो जातिको विवाह प्रक्रिया र रीतिरिवाजबारे पुस्तकमा लेखिएको छ । पुस्तकाअनुसार यस जातिमा मामा र फुपूचेलामा विवाह चल्दछ । वैवाहिक प्रक्रियाका लागि केटातर्फबाट केटी माग्न जाँदा ४/५ जना व्यक्तिहरु सगुन लिई जाने परम्परा छ । सगुनको रुपमा रक्सी (धम्बे) काठको ठेकीजस्तो भाँडो जसलाई सिलावर वा पित्तलको पाताले तीन ठाउँमा बाँधेको र बीचमा केही बुट्टाहरु हालेको भाँडामा रक्सी राखेर घैंटीमा खादाले बेरिएको र मुखमा ३ ठाउँमा घीउको टीका लगाएर लगिन्छ ।

ह्योल्मो जातिले मनाउने विभिन्न चाडपर्वहरुमध्ये मुख्य पर्व ल्होसार हो । सोनम ल्होसार र घ्याल्बो ल्होसार मध्ये ह्योल्मो जातिले सदाब्दीयौंदेखि मनाउँदै आएको ल्होसार चाहिं सोनम ल्होसार भएको कुरा पुस्तकमा उल्लेख गरिएको छ । पुस्तकमा ह्योल्मो जातिका महिला तथा पुरुषले लगाउने पहिरन र गहनाबारे लेखिएको छ । महिलाहरुले नरम सेतो गोजेनबाट तयार पारिएका घाँटीदेखि छ्युवाभित्र होन्ज्यू लगाउने गर्दछन् । त्यस्तै कम्मरको पछाडिबाट घुँडा र गोडाको बीचसम्म छ्यूवामाथि स्याह लगाउँछन् । पुरुषहरुले लगाउने पहिरनलाई खेन्जर तथा जुतालाई स्होमबा भनिन्छ । गलामा लगाउने बहुमूल्य गहना ज्यूरु जी हो ।

ह्योल्मो जातिको मृत्यसंस्कारको विधिबारे पुस्तकमा चर्चा गरेअनुसार यिनीहरुले मृतकलाई जलाउने गर्दछन् । मृतकको जन्मकुण्डली हेरी जन्म र मृत्युको दिन हेरेर, दिनको समय मिलाएर दाहसंस्कार गर्दछन् । मृत्युसंस्कार सम्पन्न गर्दा आफ्नो पुरोहित लामाको भूमिका महत्वपूर्ण हुन्छ । बौद्ध परम्पराअनुसार एक सयदेखि एक हजारसम्म बत्ती बाली गुरु लामाले २ देखि ३ दिनसम्म पुस्तक पढेर घेवा गर्ने परम्परा रहेको छ ।

रनबहादुर कार्कीले इलाम जिल्लाको विविध विषयमा कलम चलाउनुभएको छ । उहाँले आफ्नो पुस्तक 'इलाम दर्शन'मा इलामका मुख्य जातिहरुमा ह्योल्मोलाई पनि समावेश गर्नुभएको छ । जसलाई कार्कीले हेल्मु भन्नुभएको छ ।

प्रेमप्रसाद लुईंटेलले आफ्नो शोधग्रन्थमा ह्योल्मोहरुलाई योल्मोवा भन्नुभएको छ । उहाँले ह्योल्मोहरुको प्रमुख बसोबास क्षेत्र सिन्धुपाल्चोक जिल्लाको आजभोलिको प्रचलित भाषामा हेलम्बु क्षेत्र पर्दछ र यस जातिको नाम पनि यही क्षेत्रसँग जोडिएर (योल्माली) ह्योल्मो रहन गएको तथ्य स्वत: पुष्टि हुने उल्लेख गर्नुभएको छ ।

लुईंटेलका अनुसार महायानी बौद्ध धर्मका अनुयायी ह्योल्मोहरु गुरु पद्मसम्भवलाई आफ्नो जातिको बारेमा पहिचान गराउने महान् व्यक्तित्वको रुपमा हेर्ने गर्दछन् । तिब्बतको साम्ये भन्ने ठाउँ ल्हासाको दक्षिणतर्फ साङ्पो नदीको किनारमा अवस्थित छ र साम्येमा एउटा गुम्बा निर्माण गर्न र उहाँको प्रेतात्मक भूतहरुको दुर्व्यवहारदेखि हार खाएर यिनीहरुलाई वध गर्न तिब्बत देशका धर्मराज, ठिसुङदेवचेनको राजत्वकालमा उहाँले गुरु पद्मसम्भवलाई निमन्त्रणा गरे । यो निमन्त्रणा पाउनुभएपछि गुरु पद्मसम्भव भारतदेखि पैदल हिंडेर तिब्बत पुगे । यिनको यो यात्रा नेपाल भएर रहेको थियो । तिब्बतमा पुग्नुभन्दा अघि नेपालको हिमालयका पूर्वपट्टि पर्वतले धेरैको एउटा स्थानमा पुग्न सके त्यस स्थानमा पुगेर उहाँले त्यहींका घरहरुमा पालैपालो गरेर भिक्षा माग्न थाले तब त्यस ठाउँका सरल र धार्मिक स्वभावका नारीहरुले एक अञ्जुलीभरिको दान गरे अनि उहाँको श्रद्धापूर्वक सेवा गरे । यसै कारणले त्यस स्थानको नामाकरण ह्योल्मो राखे । यसै सन्दर्भमा उहाँले मानिसहरुलाई योल्मोवाको जात दिए । ह्योल्मोको गोपनीय अर्थ यसप्रकारले जन्म भयो कि 'योल' को अर्थ अञ्जुली र 'मो' को अर्थ नारी र याल्मोको समग्र अर्थ नारीहरुको अञ्जुली भरिको दान दिएको पवित्र स्थान भयो । लुईंटेलले इलाममा ह्योल्मोहरुको आगमनबारे शोधग्रन्थमा बताए अनुसार ह्योल्मोहरु हेलम्बु क्षेत्रबाट कालन्तरमा विभिन्न कारणले अन्यत्र गएका हुन् ।

शोध अध्ययनको क्रममा इलामका ह्योल्मोहरुले आफूहरु हेलम्बुबाट आएकोले नै आफ्नो जातिलाई ह्योल्मो भनिएको बताए ।

अन्तर्राष्ट्रिय मञ्चले २०६३ भदौमा प्रकाशित गरेको 'नेपालका आदिवासी जनजाति सामान्य ज्ञान' भन्ने पुस्तकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले सूचीकृत गरेका ५९ वटा आदिवासी जनजातिहरुको जनसंखया, भाषा, परम्पराका सम्बन्धमा सामान्य जानकारी दिएको छ । यसको अर्को विशेषता प्रश्नोत्तर शैलीमा विभिन्न जातिहरुको महत्वपूर्ण पक्षहरुलाई संक्षिप्तमा उत्तरित गरिएको छ । यसमा आदिवासी जनजातिको परिभाषा दिनुका साथै नेपालका अन्य जातिहरुको २०५८ को जनगणना अनुसारको जनसांख्यिक अवस्थाको पनि जानकारी दिइएको छ ।

परशुराम तामाङद्वारा लिखित 'नयाँ संविधान र अल्पसंख्यक आदिवासी' भन्ने पुस्तक २०६६ असारमा प्रकाशित भएको छ । यसमा आदिवासी जनजाति र अल्पसंख्यक समुदायको बारेमा व्यापक चर्चा गरिएको छ । अल्पसंख्यक आदिवासी र जनजातिको परिभाषा दिनुका साथै विश्वमा कुनकुन मुलुकहरुमा उपरोक्त समुदायहरुलाई कसरी अधिकार प्रदान गरिएको छ भन्ने कुराको व्याख्या गरिएको छ । यो पुस्तकको महत्वपूर्ण विशेषता भनेको के हो भने संयुक्त राष्ट्रसंघ र आइएलओ महासन्धि नम्बर १६९ ले आदिवासी जनजाति तथा अल्पसंख्यक समुदायहरुको अधिकारसम्बन्धी गरेका व्याख्याहरुमा यसको समग्र विश्लेषण केन्द्रित भएको छ ।

सन् १९५७ मा H Kihara बाट सम्पादन भएको र Fauna and Flora Rearch Society, Tokyo, Japan बाट प्रकाशित People of Nepal, Himalayan नामक पुस्तकमा पनि हिमाली जातिको बारेमा उल्लेख गरिएको छ । यसबाट ह्योल्मो जातिको सामान्य सांस्कृतिक विशेषताबारे जानकारी लिन सकिन्छ ।

सन् २००४ मा आन्ना मारिया हारी दाङ र छेगु लामागी रुहप पेहक्योद्वारा सम्पादन गरिएको 'ह्योल्मो-नेपाली अंग्रेजी शब्दकोश' प्रकाशन भएको छ । यसमा ह्योल्मो जनजातिको भाषालाई सहज रुपमा बुझ्ने गरी अनुवाद गरिएको छ । बढी ह्याल्मो समुदायभित्र प्रयोगमा आउने शब्दार्थलाई उल्लेख गरिएको सो शब्दकोषले ह्योल्मो जनजातिलाई बुझ्न थप मद्दत पुग्दछ ।

University of California Press बाट Sensory Biographies Lives and Death among Nepal's Yolmo Buddists नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त

पुस्तकमा ह्योल्मोहरुको जन्मसंस्कारदेखि मृत्युसंस्कारसम्मका उत्पत्ति, विकास, परम्परा, रीतिरिवाज, धर्मकर्मबारे स्पष्ट उल्लेख गरिएको छ । यसमा अन्य आदिवासी जनजातिसँगको अन्तरसम्बन्ध, सामाजिक प्रचलनबारे पनि चर्चा गर्ने प्रयास गरिएकोले ह्योल्मोबारे थप अध्ययनमा सहयोग पुऱ्याउने छ ।

ग्राहम क्लार्कले जनरल अफ सिनासको भोलुम ४ पृष्ठ ४ मा 'अ हेलम्बु हिस्ट्री'बारे नोट लेखेका छन् । त्यसमा ह्योल्मो आदिवासीको उद्गमस्थल, त्यसको ऐतिहासिक बनावट, रहनसहन, सामाजिक सांस्कृतिक विकासबारे चर्चा गरिएको छ ।

पछिल्लो समयमा चैतन्य मिश्रद्वारा लेखिएको 'बदलिंदो नेपाली समाज' भन्ने २४० पेजको पुस्तकलाई राजेन्द्र महर्जनले सम्पादन गर्नुभएको छ । फाइनप्रिन्ट आइएनसी झम्सीखेल- ३, ललितपुरले २०६७ मा प्रकाशन गरेको यस पुस्तकमा नेपालको सामाजिक, सांस्कृतिक विकासक्रम, बदलिएको सन्दर्भमा विभिन्न जाति, जनजातिहरुले पनि परिवर्तित समयसँग समायोजन हुने ढंगले आफ्ना आवाजहरु उठाउँदै आएको कुरा उल्लेख गरिएको छ । यसले ह्योल्मोको बदलिएको स्वरुपलाई पनि अप्रत्यक्ष रुपमा सम्बोधन गरेको छ । यसबाट अध्ययनमा सहजता आउँछ ।

हिमाल किताब, हिमाल एसोसिएसन, पाटनढोकाले सन् २००७ मा प्रकाशन गरेको डोरबहादुर विष्टद्वारा लिखित 'सबै जातको फूलबारी'मा विभिन्न जनजातिको थलो, सामाजिक संरचना, आर्थिक जीवन र बदलिंदो परिस्थितिबारे राम्रो व्याख्या गरिएको छ । यसमा 'ह्योल्मो'लाई स्पष्ट उल्लेख नगरे तापनि हिमाली जनजाति र तामाङको बारे प्रकाश पार्दा स्वत: ह्योल्मो जनजातिको पनि रहनसहन पर्ने भएकाले यसको अध्ययनबाट ह्योल्मोबारे अध्ययन गर्न सजिलो हुने देखिन्छ ।

परशुराम तामाङद्वारा लिखित नेपालका तामाङहरुको परिचय पुस्तकमा पनि तामाङ संस्कृतिबारे प्रशस्त चर्चा गरिएको छ । ह्योल्मोहरुको विकास नहुँदै पनि सुरुमा यिनीहरु आफूलाई तामाङ समुदायभित्रै पर्ने भएकाले त्यसबाट यिनीहरुको विकासक्रमबारे अध्ययन गर्न मद्दत पुग्छ ।

यीबाहेक आदिवासी जनजाति संघसंस्थाका बुलेटिनहरु, जनजाति अध्ययनमा बढी ध्यान दिनुहुने रामबहादुर बुढाका फुटकर लेखरचनाहरु, नोटहरु, अखिल नेपाल जनजाति सम्मेलनले प्रकाशित गर्ने 'जनजाति आवाज'का धेरै अंकहरु, ह्योल्मो समाज सेवा संघका विविध दस्तावेजहरु र रचनाहरु अध्ययन गर्दा ह्योल्मो जातिको सोधग्रन्थले पूर्णता पाउने आशा गरिएको छ । यसबाहेक इन्टरनेटको पनि सहारा लिई सामग्रीहरु खोजिएको छ ।

# अध्याय ३

## अनुसन्धान विधि

### ३.१. अध्ययनक्षेत्रको छनोट

मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने बागमती अञ्चलको सिन्धुपाल्चोक जिल्लामा अवस्थित कियुल गा.वि.स.लाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । यस गाविसको वडा नम्बर ४ मा अत्यधिक ह्योल्मोहरुको बसोबास रहेको छ । जसलाई अध्ययन क्षेत्रको केन्द्रविन्दु मानिएको छ । कियुल गाविसलाई अध्ययनक्षेत्रको रुपमा छनौट गर्नुको पछाडि थुप्रै कारणहरु छन् । खासमा सिन्धुपाल्चोकको हेलम्बु, इचोक, बरुवा, बाँसखर्क, महाँकाल, पाल्चोक, भोताङ, थाङपाल्कोट, सिङपाललगायतका गाउँहरुमा पनि ह्योल्मोहरुको बसोबास भएको पाइन्छ । त्यसमध्ये पनि अलिक बढी ह्योल्मो संख्या हुनु, ह्योल्मोको संस्कृतिबारे केही गतिविधिहरु हुनु, त्यहाँका केही विद्वतवर्गसँगको भेटघाट आदिले गर्दा कियुल गाविस रोजिएको हो । राजधानीको केही नजिक रहेको जिल्लाको गाउँ भएको र शोधग्रन्थको विषयवस्तु त्यही क्षेत्रसँग मिल्दोजुल्दो पनि भएकाले अध्ययन गर्न हौसला प्राप्त भएको हो । सानो जनसंख्या भएको जाति भए तापनि ह्योल्मो जातिको बारेमा अध्ययन अनुसन्धानहरु भएका देखिन्छन् । यहाँका कुल जनसंख्या ४१२३ मध्ये ह्योल्मोहरुको कुल संख्या १२२६ रहेको छ (स्रोत : सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७, प्रकाशन जि.वि.स.) । यसरी हेर्दा ह्योल्मोहरु नै अरु जातिभन्दा बढी देखिन्छन् । यहाँका ह्योल्मोहरुको आफ्नै खालको जीवनशैली अहिले पनि विद्यमान छ । जसकोबारे अध्ययन गर्नु आवश्यक देखिन्छ । त्यहाँको आन्तरिक रहनसहनलाई सजिलैसँग प्राप्त गर्न सकिनु, अन्तर्वार्ता र जानकार व्यक्तिहरुसँगबाट प्रशस्त प्राथमिक सूचना तथा तथ्यांकहरु संकलन गर्न सक्नु, आर्थिक रुपले बोझ कम हुनु र आर्थिक, सामाजिक, व्यवाहारिक र सैद्धान्तिक रुपमा अध्ययनको विषय अनुरुपको क्षेत्र रहेकाले कियुल गाविसलाई नै छनौट गरिएको छ ।

३.२ अनुसन्धान ढा“चा

यो सोध ह्योल्मो जातिको सामाजिक तथा सांस्कृतिक अध्ययनसँग सम्बन्धित रहेकाले यसमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिने छ । यो शोधमा कुनै पनि औपचारिक परिकल्पनाको निर्माण गरिएको छैन । यस अध्ययनको मुख्य जोड ह्योल्मो जातिको उत्पत्ति, विकास, सामाजिक, आर्थिक पक्षको अध्ययन गर्नु रहेकाले विभिन्न आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक पक्षको वर्णनात्मक अध्ययन गरिएको छ ।

३.३ तथ्यांकको प्रकृति तथा स्रोत

यस शोधपत्रको लागि आवश्यक सामग्रीको मूल स्रोत अध्ययन क्षेत्रलाई मानिएको छ । अध्ययन क्षेत्रका ह्योल्मोहरुको चाडपर्व, संस्कार र संस्कृति, रीतिरिवाज, पूजाआजा तथा विभिन्न सामाजिक संघसंगठनलाई मूलस्रोतको रुपमा लिइएको छ भने यिनै पक्षहरुसँग सम्बन्धित साहित्यहरुलाई सैद्धान्तिक आधार बनाउँदै तथ्यांक संकलनको गौण स्रोतको रुपमा लिइएको छ । तसर्थ तथ्यांकको स्रोत मूलत: प्राथमिक र द्वितीय तथ्यांक रहेको छ ।

३.४. तथ्यांक संकलन पद्धति

स्तरीय अनुसन्धानको लागि उचित तथ्यांकहरु संकलन पद्धतिको आवश्यकता हुने तथ्यलाई विचार गरी प्रस्तुत अनुसन्धानको लागि आवश्यक सूचना तथा तथ्यांक संकलन गर्ने निम्नलिखित विधिहरु अपनाइएको छ ।

३.४.१. घरधुरी सर्वेक्षण

यस प्रविधिबाट सम्बन्धित उत्तरदाताहरुसँग सम्पर्क गरी उनीहरुबाट आवश्यक सूचना प्राप्त गर्नको लागि उद्देश्य अनुरुप तयार पारिएको प्रश्नावली सोधी तथ्यांक संकलन गरिएको छ । यसबाट उनीहरुको सामाजिक आर्थिक एवं सांस्कृतिक अवस्थाको बारेमा प्रशस्त जानकारी लिइएको छ । साथै उनीहरुको पेशागत धारणा, आम्दानीको स्रोत, स्वास्थ्य अवस्था आदि पनि समेट्ने गरी आवश्यक पर्ने सूचनाहरु लिइएको छ ।

क्यूल गाविसका विविध जातीय तथा जनजातिको कूल संख्या ४१२३ रहेको छ । त्यसमध्ये ह्योल्मोको संख्या १२२६ रहेको छ । त्यसले कुल संख्याको लगभग ३४ प्रतिशत ओगटेको छ । यसमा पनि वडा नं. ६, ७, ८ र ९ मा ह्योल्मोहरुको बसोबास अत्यधिक रहेको छ । अध्ययनको लागि वडा नं. ७ का ५४१ जनसंख्यामध्ये ह्योल्मोका ३४८ रहेकोमा २० घरधुरीभित्रका ३६ जनालाई नमुना छनौट गरि लिइएको छ । उत्तरदाताको छनौट गर्दा १३ वर्षसम्मकोलाई समावेश गरिएको छैन किनकि उनीहरुमा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा परिपक्वता आएको हुँदैन र आवश्यक सूचना प्राप्त गर्ने सम्भावना कम रहन्छ । शोधकार्य सजिलो हुने विश्वासले वडा नं. ७ का कूल घरधुरी १०० लाई अध्ययनको समग्रता मानी साधारण दैवी विधि र उद्देश्यपूर्ण नमूना छनौट तरिकाबाट हयोल्मोका २० घरधुरीअन्तर्गतका परिवारलाई उमेर, लिङ्ग, शिक्षा, भौगोलिक स्थिति तथा वैवाहिक स्थिति तह विभाजनका आधारमा उत्तरदाताको छनौट गरिएको छ ।

### ३.४.२. अवलोकन

स्थलगत अध्ययनमा कियुल गाविसका ह्योल्मोहरुको पहिरन, भेषभुषा, खानपिन, चाडपर्व, धर्म, पूजाआजा, जीवनशैली आदिको बारेमा अवलोकन पद्धति अपनाइएको छ । यसबाट प्रत्यक्ष अनुभव गरेका कुराको आधारमा पनि धेरै आवश्यक सूचनाहरु लिन सहयोग पुग्नेछ ।

### ३.४.३. जानकार व्यक्ति

ह्योल्मो जातिको बारेमा थप सूचना संकलन गर्दा यस जातिको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको जानकारी भएका व्यक्तिहरु, समाजसेवी, ह्योल्मो समाजका वर्तमान र पूर्व पदाधिकारी, शिक्षक, गाविसका जनप्रतिनिधिहरुलाई पनि सहयोगी बनाइ जानकारी लिइएको छ ।

### ३.५. तथ्यांकको सम्पादन र वर्गीकरण

अध्ययन र अनुसन्धानका क्रममा प्राप्त विभिन्न प्रकारका सूचना तथा तथ्यांकहरुलाई आर्थिक सामाजिक तथा सांस्कृतिक जस्ता भिन्दाभिन्दै शीर्षकअन्तर्गत वर्गीकरण गरी तालिकामा स्पष्ट हुनेगरी प्रस्तुत गरिएको छ । तथा उक्त तालिकामा देखाइएका तथ्यांकको विश्लेषण गरी विद्यमान समस्यामा अन्तरनिहित कारण र असरको सम्बन्धलाई देखाइएको छ ।

### ३.६. तथ्यांकको विश्लेषण र प्रस्तुतीकरण

अध्ययन अनुसन्धानबाट प्राप्त तथ्यांकलाई व्यवस्थित रुपमा सूचीकरण गरी विभिन्न तहमा प्रस्तुत गरिनेछ । यसैका आधारमा गुणात्मक सूचनालाई आवश्यक रुपमा व्याख्या र वर्णन गरिने छ भने परिमाणत्मकलाई तालिकामा देखाइनेछ । जसअनुसार तथ्यांकलाई विश्लेषण र विस्तार गरिनेछ । सकेसम्म सरल भाषामा विवेचना गर्ने प्रयास गरिएको छ ।

### ३.७. अध्ययनको सीमा

यस शोधमा निम्नानुसारका सीमाहरु रहेका छन् ।

क. सिन्धुपाल्चोक जिल्ला अन्तर्गको कियुल गाविसको भौगोलिक सीमाभित्रमात्र सीमित रही यो शोधकार्य सम्पन्न गरिनेछ । यो शोध कियुल गाविसको ह्योल्मो जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षका सामान्य अध्ययनसँग सम्बद्ध केही निश्चित उद्देश्यहरुमा आधारित रहेकाले अध्ययनपश्चात् प्राप्त निष्कर्षले व्यापक क्षेत्र र परिवेशको प्रतिनिधित्व गर्न सक्नेछैन ।

ख. परिकल्पनाको निर्माण र परीक्षणजस्ता कार्य यस अध्ययनमा गरिएको छैन ।

ग. यो अध्ययन एक स्थलगत अध्ययन भएकाले प्राय: सबै कुराहरु उत्तरदाताबाट आएका सूचनाका आधारमा व्याख्या गर्ने प्रयास गरिएको छ ।

घ. वर्णात्मक अनुसन्धान ढाँचा मात्र प्रयोगमा ल्याइएको छ ।

ङ. समाजशास्त्रीय अध्ययन भए पनि कुनै समाजशास्त्रीय सिद्धान्तको आधारमा अध्ययन गरिएको छैन ।

# अध्याय ४

## अध्ययनक्षेत्रको परिचय

### ४.१. क्यूल गाविसको अवस्थिति

पूर्वपश्चिम लम्बाइमा भारत र चीनजस्ता शक्तिशाली राष्ट्रहरुको बीचमा अवस्थित नेपाल २७ डिग्रीदेखि ३० डिग्री उत्तरी अक्षांस र ८० डिग्रीदेखि ८८ डिग्री पूर्वी देशान्तर रेखाको बीच विद्यमान छ । लगभग ८०० किलोमिटर पूर्वपश्चिम लम्बाई र लगभग १३० किलोमिटर उत्तरदक्षिण चौडाई रहेको नेपाल भौगोलिक रुपले अपेक्षाकृत सानो भए तापनि समुद्री सतहबाट २०० मिटर देखि ८८४८ मिटरसम्म उचाइ भएका भूभागहरु अवस्थित छन् । यहाँ विभिन्न किसिमका मौसम, वातावरण, जीवजन्तु, वनस्पति, प्राकृतिक सौन्दर्यता, अनेकौं जातीय, क्षेत्रीय, भौगोलिक अन्तरसम्बन्ध रहेका छन् । पूर्वमा मेची नदी, पश्चिममा महाकालीको बीचमा, उत्तरको चीनको स्वशासित क्षेत्र तिब्बत प्रदेश र दक्षिणमा भारतको उत्तर प्रदेश र विहार राज्यसँग सीमा जोडिएको संसारको सबभन्दा अग्लो हिमाल सगरमाथा र अन्य अग्ला मध्येका हिमश्रृंखलाको लस्करले मनै लोभ्याउने गरी काखमा राखेको एउटा सुन्दर फूलबारीको रुपमा नेपाल परिचित रहेको छ ।

५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला, ५८ नगरपालिका साथै ३९१५ गाविस रहेको नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तरगत सिन्धुपाल्चोक जिल्ला पर्दछ । नेपालको कूल क्षेत्रफलमध्ये १.७३ प्रतिशत भूभाग ओगटेको सिन्धुपाल्चोक जिल्ला मध्यमाञ्चल विकास क्षेत्रका १९ वटा जिल्लामध्ये क्षेत्रफलका दृष्टिले सबैभन्दा ठूलो जिल्ला हो । यस जिल्लाको क्षेत्रफल २५४२ वर्गकिलोमिटर रहेको छ । यो जिल्ला विश्व मानचित्रमा २७°२७' देखि २८°१३' उत्तरी अक्षांस र ८५°२७' देखि ८६°०६' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । दक्षिणमा काभ्रेपलाञ्चोक र रामेछाप जिल्ला, पश्चिममा काठमाडौं र नुवाकोट जिल्लासँग जोडिएको छ भने उत्तरतर्फ रसुवा जिल्ला र चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको छ । सदरमुकाम चौतारा समुद्री सतहबाट १४१८ मिटरको उचाइमा अवस्थित छ भने जिल्लाको पूर्वपश्चिम औषत चौडाई ४९.३८ किलो मिटर र उत्तर दक्षिण औसत लम्बाई ५३.०६ किलो मिटर रहेको छ ।

नेपाललाई प्रशासनिक रुपमा १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नुअघि सिन्धुपाल्चोक जिल्ला 'पूर्व १ नम्बर' प्रशासनिक क्षेत्र अन्तर्गत पर्दथ्यो । काभ्रे र सिन्धुपाल्चोक दुवै इलाकाहरु समाहित 'पूर्व १ नम्बर'को मुख्य प्रशासनिक मुकाम चौतारा थियो ने धुलीखेलमा छोटीमुकाम थियो । त्यसबेला प्रशासनिक सुविधाका लागि चालिस वटा धुमहरु खडा गरिएका थिए । ती चालिस थुमहरु भित्र सिन्धु र पाल्चोक नामका दुईवटा थुमहरु पनि थिए । तिनै दुई थुमहरुको संश्लेषणबाट सिन्धुपाल्चोक जिल्लाको नामाकरण भएको मानिन्छ । सिन्धुपाल्चोक जिल्लामा चीनसँग सडक मार्ग भएर जोड्ने महत्वपूर्ण व्यापारिक नाका तातोपानी, काठमाडौंबाट सबैभन्दा नजिक मानिने जुगल हिमाल, मुलुकमा नै सबैभन्दा बढी सन्यासीहरुको बसोबास, भोटेकोशी आदि पर्ने गर्दछन् (जि.वि.स. प्रोफाइल, २०६७, सिन्धुपाल्चोक) ।

सदरमुकाम चौतारबाट ११ कोष उत्तर रहेको क्यूल गाविस २७ वर्गकिलोमिटरको क्षेत्रफल ओगटेर रहेको छ । यो हेलम्बु, बरुवा, पाल्चोक, इचोक र बासखर्क गाविसको बीचमा अवस्थित छ । बहुचर्चित मेलम्ची खानेपानी परियोजनास्थलको नजिकै रहेकोले क्यूलको समेत प्रचार भएको देखिन्छ । पहाडी गाविस भएकाले रमणीय हिमश्रृंखलाहरु मनै लोभ्याउने गरी लस्कार लागेको देखिन्छन् । क्यूल गाविसमा जानको लागि काठमाडौंबाट बनेपा-साँखु हुँदै जानुपर्ने भएकाले यात्रुहरुले त्यस बीचमा अनेकौं रमणीय स्थलहरु समेत देख्ने गर्दछन् ।

### ४.२. जनसंख्या

क्यूल गाविसका ९ वटै वडाको घरधुरी संख्या ६७१ र कुल जनसंख्या ४ हजार १ सय २३ रहेको छ । जसमा महिलाको संख्या २ हजार ३१ र पुरुषको संख्या २ हजार ९२ रहेको छ । यसप्रकारले हेर्दा त्यहाँको जनसंख्या महिला र पुरुषको समानुपातिक नै देखिन्छ । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका नं.** १.

वडागत जनसंख्या विवरण

| वडा नम्बर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १. | ५१९ | ४९८ | १०१७ |
| २. | १९९ | २२० | ४१९ |
| ३. | १८९ | १९८ | ३८७ |
| ४. | १६६ | १६४ | ३३० |
| ५. | २०३ | २३८ | ४४१ |
| ६. | २०६ | २१५ | ४२१ |
| ७. | २६६ | २७५ | ५४१ |
| ८. | ४५ | ५० | ९५ |
| ९. | २३८ | २३४ | ४७२ |
| जम्मा | २०३१ | २०९२ | ४१२३ |

*स्रोत : जि.वि.स. प्रोफाइल: २०६७, सिन्धुपाल्चोक*

तालिका नं. २

उमेरअनुसारको जनसंख्या हेर्दा निम्नानुसार रहेको छ :

| लिङ्ग | ०-५ वर्ष | ६-१० वर्ष | ११-१५ वर्ष | १६-४५ वर्ष | ४६-६० वर्ष | ६० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|
| महिला | १७३ | २२८ | २४५ | ९९४ | २११ | १८० | २०३१ |
| पुरुष | १७८ | २४३ | २४१ | १००४ | २४४ | १८२ | २०९२ |
| जम्मा | ३५१ | ४७१ | ४८६ | १९९८ | ४५५ | ३६२ | ४१२३ |

*स्रोत : जि.वि.स. प्रोफाइल: २०६७, सिन्धुपाल्चोक*

**यसरी हेर्दा १६ देखि ४५ वर्षभित्रका युवाहरुको जनसंख्या अत्यधिक रहेको देखिन्छ । स्कुल उमेरका बच्चाहरु पनि ६ देखि १५ वर्षभित्रका ९५७ जना रहेको देखिन्छन् ।**

**तालिका नं. ३**

हेल्मोहरुको वडाअनुसार जनसंख्या

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|
| ७२ | ४२ | ७८ | ९६ | १५२ | १२८ | ३४८ | ४८ | २६२ |

*स्रोत : क्यूल गा.वि.स. कार्यालय, सिन्धुपाल्चोक*

**तालिका नं. ४**

जातिगत जनसंख्या, क्यूल गा.वि.स.

| अन्य | | | | | जनजाति | | | | | | दलित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जाति/ लिङ्ग | बाहुन | क्षेत्री | सन्यासी | जम्मा | तामाङ | घले | ह्योल्मो | शेर्पा | मगर | जम्मा | वि.क. | नेपाली | जम्मा | अन्य |
| महिला | २३४ | १०५ | ० | ३३९ | ४४७ | ५ | ६०३ | १५५ | १७ | १२२७ | १४३ | ८ | १५१ | ३१४ |
| पुरुष | २४८ | १०५ | १ | ३५४ | ४६२ | ५ | ६२३ | १५४ | १७ | १२६१ | १६७ | ७ | १७४ | ३०३ |
| जम्मा | ४८२ | २१० | १ | ६९३ | ९०९ | १० | १२२६ | ३०९ | ३४ | २४८८ | ३१० | १५ | ३२५ | ६१७ |

*स्रोत : जि.वि.स. प्रोफाइल: २०६७, सिन्धुपाल्चोक*

**यस गाविसमाा सबभन्दा बढी संख्या ह्योल्मोको रहेको छ । यसबाहेक तामाङ, बाहुन, क्षेत्रीको संख्या पनि निकै नै देखिन्छ । जातिगत रुपमा हेर्दा ह्योल्मोहरुको संख्या १२२६ रहेको छ ।**

**यहाँका मानिसहरुले बोल्ने भाषाहरुमा नेपाली, तामाङ, ह्योल्मो, शेर्पा पर्दछन् । आआफ्नो जातिभित्र बोल्दा यिनीहरुले जातीय भाषा नै बढी प्रयोग गरेको पाइन्छ भने अन्य समुदायसँग नेपाली भाषानै प्रयोग गर्दछन् ।**

## ४.३. धर्म र संस्कृति

**विभिन्न जातिहरुको बसोबास रहेको क्यूल गाविसमा मुख्य गरी हिन्दू, बौद्ध धर्म मान्ने मान्छेहरुको बसोबास रहेको छ । बौद्ध धर्माबलम्बीहरुले पूजाआजा गर्नको लागि विभिन्न बौद्ध गुम्बाहरु यहाँ रहेका छन् । विभिन्न धर्माबलम्बीहरु बीच कुनै प्रकारको साम्प्रदायिक भेदभाव तथा वैमनश्यताको भाव भने यहाँ छैन । यहाँ ह्योल्मो संस्कृतिसँग तामाङ, मगर, बाहुन, कामीहरु समेत घुलमिल भएको देखिन्छ । सबै जातिगत समुदाय तथा धर्म मन्ने व्यक्ति समाजप्रति आपसी सद्भाव तथा पारस्परिक मेल रहेको कुरा स्थलगत अवलोकनबाट थाहा भयो ।**

क्यूल गाविसमा बसोबास गर्ने मानिसहरुको संस्कृतिमा विविधता पाइन्छ । भाषिक, धार्मिक, जातीय तथा सांस्कृतिक बाहुल्यतामा आधारित यहाँको सांस्कृतिक विशिष्टतामा उनीहरुका आआफ्नै मौलिक सांस्कृतिक पहिचान रहेका छन् । विविधताभित्र पनि एकताको भाव लिई बसोबास गरेका मानिसहरुले आआफ्नो परम्परागत मूल्यमान्यता, रीतिथिति, चालचलन, सामाजिक रहनसहन, मनोरञ्जन, धार्मिक तथा सांस्कृतिक पहिचान, भेषभुषा आदिलाई अंगालेको पाइन्छ । जीवनचक्रका सामाजिक तथा धार्मिक संस्कारहरुमा जातअनुरुपकै पूरोहितहरुलाई लगाई विविध क्रियाकलाप सम्पन्न गर्ने परिपाटी यहाँ रहेको छ । बाहुन तथा क्षेत्रीहरुले बाहुन पूरोहित लगाउँछन् भने शेर्पा, ह्योल्मो, तामाङहरुले लामाका माध्यमबाट विभिन्न धार्मिक कार्यहरु सम्पन्न गर्दछन् अन्य जातिहरुका पनि आआफ्नै जातीय पूरोहितहरु छन् जसको माध्यमबाट प्राकृतिक प्रकोपबाट बच्ने उपायदेखि लिएर अन्य सामाजिक, धार्मिक तथा सांस्कृतिक कार्यहरु सम्पन्न गर्दछन् ।

४.४. शिक्षा

क्यूल गाविसको वडा नं. १ मा अवस्थित भूमेश्वरी उच्च माध्यमिक विद्यालय त्यहाँको पुरानो सरकारी विद्यालय हो । यसै विद्यालयमा इचोक र हेलम्बु र क्यूल गाविसअन्तर्गतका विद्यालयको स्रोतकेन्द्र रहेको छ । यस श्रोतकेन्द्रअन्तर्गत कुनै पनि उच्च माध्यमिक विद्यालय नरहेकाले एसएलसी पास गरेपछि अन्यत्र अध्ययनको लागि जानुपर्ने बाध्यता छ । यस गाविसमा एउटा सरकारी माध्यमिक विद्यालय, एक निजी बोर्डिङ मा.वि., वडा नम्बर ७ मा एक निम्नमाध्यमिक विद्यालय र ७ वटा प्राथमिक विद्यालयहरु रहेका छन् ।

यस गाविसमा अवस्थित विभिन्न विद्यालयमा स्थानीयबाहेक छिमेकी गाउँहरुबाट पनि विद्यार्थीहरु अध्ययनको लागि आउने गर्दछन् । यहाँका विद्यालयहरुमा शैक्षिक सामग्रीको अभाव, कम शिक्षक दरबन्दी तथा भौतिक असुविधाको कारण शैक्षिक गुणस्तर त्यति सन्तोषजनक देखिदैन । यहाँ उच्च मा.वि. खोल्ने प्रयासहरु पनि भइरहेका छन् । तर, अलि सचेत वर्गका मान्छेहरु, सम्पन्न मान्छेहरु काठमाडौंतिर बसाइ सर्ने गर्ने परिपाटीले त्यहाँ पहलकदमीमा ढिलासुस्ती भएको देखिन्छ ।

यस गाविसमा बसोबास गर्ने मानिसहरुको कुल जनसंख्यामध्ये ५६.२३ प्रतिशत साक्षरता रहेको छ । जसमा महिलाको ५०.१३ र पुरुषको ६१.७८ साक्षरता रहेको देखिन्छ ।

४.५. कृषि

क्यूल गाविसका मान्छेहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो । यहाँको मुख्य खाद्यबाली मकै, गहुँ, भट्टमास, कोदो, तोरी रहेको छ भने आलु प्रशस्त पाइने गर्दछ । यहाँ उत्पादित मुख्य तरकारीहरुमा काउली, बन्दा, स्कुस, साग, मूला र फलफूलहरुमा आरु, नास्पाति, आदि विशेषरुपमा पाइन्छ । यस गाविसमा करिब ९० प्रतिशत मानिसहरु कृषि व्यवसायमा सम्बद्ध रहेका छन् ।

क्यूल गाविस २३३६ हेक्टर कुल क्षेत्रफल रहेको भए तापनि १०५८ हेक्टरमात्र खेतीयोग्य जमीन छ । जिल्लाभरमा रहेका पाँचवटा कृषि सेवाकेन्द्र अन्तरगत मेलम्ची कृषि सेवाकेन्द्र अन्तरगत यस गाविसमा कृषि क्रियाकलापहरु सञ्चालित रहेका छन् । कृषि क्षेत्रको विकासको लागि भनेर सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च, किसान अधिकारका लागि सहायोगी समूह, ग्रामीण पशु तथा कृषि सेवा समितिलगायतका एनजीओहरु पनि क्रियाशील रहेका छन् ।

यस गाविसमा रहेको खेतीको लागि अनुपयुक्त मौसम र सिंचाईको असुविधाको कारण खेत एकदमै न्यून रहेको छ । सिंचाईको सुविधा नभएको पहाडी भिरालो जमिन भएकाले परम्परागत उत्पादन हुने बालीहरु मकै, गहुँ, कोदोको उत्पादन गर्ने गरिन्छ ।

**तालिका नं. ५**

खाद्यबाली उत्पादन विवरण

| क्र.सं. | खाद्यबाली | वार्षिक उत्पादन प्रतिशत | उत्पादन गर्ने कृषक प्रतिशत |
|---|---|---|---|
| १. | धान | ५.३६ | ३.४४ |
| २. | मकै | ७५.७७ | ७०.२० |
| ३. | गहुँ | ९.२६ | १५.७८ |
| ४. | कोदो | ९.६१ | १७.३४ |

*स्रोत : क्यूल गा.वि.स. कार्यालय, सिन्धुपाल्चोक*

यस गाविसमा नगदेबालीको रुपमा खासगरी आलु, अदुवा, तोरीबालीहरु मुख्य रहेका छन् । व्यावसायिक रुपमा त नगदेबालीलाई सञ्चालन गरेको पाईंदैन । खासगरी यातायातको अभाव, कृषि सामग्री, औषधिहरुको अभाव, कृषि प्राविधिकहरुको शून्यता आदि कारणले पनि नगदेबाली या अन्य कुनै खाद्यबाली फस्टाउन सकेको छैन । अर्कोतिर काम गर्ने जनशक्तिको विदेशतिर या शहरतिर पलायनको कारणले पनि उत्पादन बढ्न सकेको छैन ।

क्यूल गाविसमा उत्पादन हुने तरकारी बालीहरुमा काउली, बन्दागोभी, आलु, साग, फर्सी, सिमी, स्कुस आदि मुख्य पर्दछन् । तरकारी खेतीको लागि आवश्यक जमिन प्रशस्त भए पनि पानीको अभाव, बजार र यातायातको दृष्टिकोणबाट सुगम नभएको कारण तरकारी बालीबाट यस गाविसका जनताले अपेक्षाकृत लाभ लिन सकिरहेका छैनन् ।

**तालिका नं. ६**

वार्षिक नगदेबालीबाट आम्दानी विवरण

| क्र.सं. | विवरण | वार्षिक आम्दानी | उत्पादन गर्ने घर प्रतिशत |
|---|---|---|---|
| १. | दूध | ३० प्रतिशत | ४० प्रतिशत |
| २. | अलैंची | १२ प्रतिशत | २५ प्रतिशत |
| ३. | आलु | ४२ प्रतिशत | ७० प्रतिशत |
| ४. | अम्लिसो | ६ प्रतिशत | २० प्रतिशत |
| ५. | अदुवा | १० प्रतिशत | ३५ प्रतिशत |

*स्रोत : क्यूल गा.वि.स., सिन्धुपाल्चोक*

माथिल्लो भेगमा अन्नबालीको उब्जाउ कम हुन्छ भने आलु, बन्दा, काउली, मूला, मटरकोसा, लगाइन्छ । तर यातायात र बजारको सुविधा कम भएकोले त्यसबाट सोचेजस्तो आम्दानी भएको देखिंदैन । त्यस गाविसका केही वर्षहरुमा कागती, जुनार, अम्बा, नास्पाती, आरु, स्याउजस्ता फलफूलहरु पनि पाइन्छन् । हावापानीको अनुकूलता भए पनि व्यवसायिक फलफूल खेती गरेको पाइएन ।

जसको कारण दक्ष प्राविधिक र चेतनाको कमी नै हो भन्न सकिन्छ । यहाँ कृषि क्षेत्रको विकाससँग जोडिएर आउने सिंचाई सुविधा प्रशस्त हुन सकेको छैन । पानीका स्रोतहरु कमै मात्रामा छन् । कृषिको विकाससँगै पर्यटकहरुलाई लोभ्याउन सकिने सम्भावनालाई मूर्त रुप दिनको लागि पानीको स्रोतको खोजी र व्यवस्थापन हुनु जरुरी छ ।

४.६. पशुपालन

**तालिका नं. ७**

| दुहुनो गाई | थारो गाई | दुहुनो भैंसी | थारो भैंसी | भेंडा च्याङ्ग्रा | हाँस कुखुरा | बंगुर | अन्य |
|---|---|---|---|---|---|---|---|
| ८० | ३७० | ४७२ | २०८ | १०३२ | ११८२ | ५ | २४ |

*स्रोत : गा.वि.स. कार्यालय, सिन्धुपाल्चोक*

क्यूल गाविसको आम्दानीको स्रोतमध्ये पशुपालन पनि अग्रपंक्तिमा आउँछ । यहाँका मान्छेहरुले गाई, भैंसी, भेंडा च्याङ्ग्रा, खसी, बाख्रा, कुखुरा, बंगुरलगायतका पशुपंक्षीहरु पाल्दे गर्दछन् । दूध उत्पादनका लागि गाई, भैंसी, जमिन जोत्नको लागि गोरु, मासु खान र अन्य आयको लागि खसी, बाख्रा, कुखुरा, बंगुर पाल्ने गरेको पाइन्छ । पशुपालनको विभिन्न स्वरुपबाट स्थानीयबासीहरुको आर्थिक स्तर बढ्नमा सहयोग पुऱ्याएको देखिन्छ भने सामाजिक, सांस्कृतिक क्षेत्रमा पनि उल्लेखनीय प्रभाव पारेको छ । खासगरी गाईहरु भन्दा भैंसी पालनबाट बढी दूध उत्पादन गरी स्थानीय संकलनकेन्द्रमा बेचेर आम्दानी गरिन्छ भने मासुको खपत पनि स्थानीयस्तरमै हुने गर्दछ । भेंडाच्याङ्ग्रा खरिद गर्न काठमाडौंलगायत अन्य ठाउँका मानिसहरु पनि आउने गर्दछन् ।

यसो हेर्दा सुविधासम्पन्न राजधानीको नजिकै अवस्थित भएजस्तो देखिए पनि बत्ती मुनिको अँध्यारोजस्तै सिन्धुपाल्चोकको क्यूल गाविसमा वैज्ञानिक तरिकाले पशुपालनको विकास हुन सकेको छैन । पशु डाक्टरहरु गाउँ जान चाहँदैनन् । प्राय: पशुहरुलाई रोग लाग्यो भने उच्चस्तरको औषधिउपचारको व्यवस्था छैन । प्राय: पशुहरुलाई गोठमा बाँधेर घाँस दिइन्छ भने केहीलाई चरन क्षेत्रमा चराउने गरिन्छ । घाँसको लागि खेती नगरिएको खाली जग्गा, सार्वजनिक वन लगायतको प्रयोग गरिन्छ । गाईवस्तुलाई खुवाउनको लागि स्थानीय समुदायले बाँस, दूधिलो, खनियू, अम्रिसो आदि घाँसको प्रयोग गर्दछन् ।

४.७. व्यापार तथा उद्योगधन्दा

पशुपालन तथा कृषि यस गाविसका मानिसहरुको मुख्य पेशा भए तापनि अवसरअनुसार व्यापार व्यवसायमा पनि क्रियाशील रहेका छन् । क्यूल गाविसभित्र क्यूलमा नै गाविसको मुख्य केन्द्र रहेको छ । जहाँबाट स्थानीयबासीहरुले सामान किनबेच गर्ने गर्दछन् । नजिकको व्यापारिक केन्द्र मेलम्ची हो । बहुचर्चित मेलम्ची खानेपानी परियोजना त्यसै ठाउँमा पर्ने भएकाले विभिन्न क्षेत्रका व्यापारीहरु त्यहाँ रहने गरेका छन् र क्यूलका बासिन्दाहरु पनि मेलम्चीबाट आवश्यक सामग्रीहरु ओसारपसार गर्ने गर्दछन् ।

स्थानीयस्तरमा उत्पादित कुचो, अलैंची, अदुवा, आलु तथा अन्य तरकारीहरुको व्यापार त्यहाँ प्रशस्त हुने गरेको देखिन्छ । यातायातको हिसावले पनि सुविधासम्पन्न हुँदै गएकाले पहिलेपहिले जस्तो दुई तीन दिन भारी बोकेर सामान किनबेच गर्नुपर्दैन । क्यूल गाविसका लगभग १.५ प्रतिशत मानिसहरु व्यापार व्यवसायमा संलग्न भएका छन् । उनीहरु कोही क्यूलमै, कोही मेलम्ची र काठमाडौंका विभिन्न ठाउँहरुमा खासगरी बौद्ध, तिनचुलीलगायतमा व्यापारमा क्रियाशील छन् । हेलम्बु क्षेत्र पर्यटकीय रुपमा पनि प्रख्यात भएकाले आन्तरिक तथा बाह्य पर्यटकहरुले पनि व्यापारमा सघाउ पुऱ्याएका छन् । यसको अलावा पशुजन्य वस्तुहरु गाई, भैंसी, सुँगुर, कुखुरा आदिको पालनबाट पनि दूध, मासु, अण्डा उत्पादन गरी प्रशस्त आम्दानी गरेको देखिन्छ ।

व्यापारसँग जोडिएको अर्को महत्वपूर्ण उद्योगक्षेत्र यहाँ खासै छैन भन्दा हुन्छ । सामान्य दूध संकलन केन्द्र, तरकारी संकलन केन्द्रबाहेक ठूलो प्रकारका उद्योगहरु यहाँ सञ्चालित छैनन् ।

४.८. महिला तथा अन्य वर्गको स्थिति

नेपालको सामाजिक वा आर्थिक विकासमा महिलाको अवस्था अत्यन्तै दयनीय भएको सन्दर्भमा सिन्धुपाल्चोकको क्यूल गाविस पनि यसबाट अछुतो छैन । जनसंख्याको हिसावले यस गाविस लगभग ४९ प्रतिशत महिलाहरु रहेका छन् । जनसंख्या पुरुषको हाराहारीमा भए पनि महिला साक्षरता स्थिति, स्वस्थता, रोजगारीको अवस्था पुरुषभन्दा साह्रै कमजोर रहेको देखिन्छ ।

सामान्य साक्षर महिलाहरु धेरै भए पनि घरायस काममै उनीहरु सीमित भएकोले बाहिरी रोजगारीमा संलग्न हुन पाइरहेका छैनन् । शिक्षा, स्वास्थ्य, रोजगारीमा कमजोर मात्र होइन प्रशासनिक, राजनीतिक क्षेत्रमा पनि महिलाहरुको सहभागिता नगन्य नै देखिन्छ । सामाजिक कुरीति, अन्धविश्वास, पिछडिएको संस्कार, संस्कृतिको कारण महिलाहरु स्वतन्त्रतापूर्वक अगाडि बढ्न पाइरहेका छैनन् । र आफ्नो अधिकारबाट बञ्चित हुनुपरेको छ ।

क्यूल गाविसका महिलाहरुको शैक्षिक अवस्था पनि त्यति सन्तोषजनक छैन । धेरै महिलाहरु प्राविसम्म मात्र पढेर छोडेका छन् । एसएलसी पास हुने पनि लगभग १ सय जना जति भेटिन्छन् । उच्च शिक्षाको अवसर त साह्रै भिनो संख्यामा देखिन्छ ।

यस्तै क्यूल गाविसमा रहेका अन्य वर्गहरु उपेक्षित, उत्पीडित दलित तथा जनजातिको अवस्था पनि सोचनीय रहेको छ । समाजमा सामाजिक आर्थिक रुपले पिछडिएको जनजाति र परम्परादेखि नै अपहेलित उपेक्षित वर्ग भनेर चिनिने कामी, दमाई, सार्की हुन् । यसमध्ये दमाईको संख्या नगन्य छ भने कामी ३१० र सार्की १५ जना रहेका छन् । बसोबासको हिसाले वडा नम्बर १ मा तामाङ, गिरी, बाहुन, क्षेत्री, वडा नम्बर २ मा तामाङ, ३ मा बाहुन, क्षेत्री, ४ मा तामाङ, ५ मा आधा ह्योल्मो, तामाङ, ६ मा ह्योल्मो, ७ मा ह्योल्मो, विक, ८ र ९ मा पनि ह्योल्मोको बर्चस्व रहेको छ । शैक्षिक तथा रोजगारी एवं राजनीतिक हिसावले पछाडि पारिएकाहरुको उत्थानको लागि छुट्टै संस्था स्थानीय रुपमा नभए पनि जिल्ला तहमा खोलिएका केही संस्थाहरुले सामान्य सचेतनाका कार्यहरु सञ्चालन गरेको देखिन्छ । (स्थलगत अध्ययन)

४.९. विविध

सिन्धुपाल्चोकको सदरमुकामबाट उत्तरी क्षेत्रमा पर्ने क्यूल गाविस भौतिक पूर्वाधार, बिजुली, सञ्चार र यातायातमा सम्पन्न हुँदै गइरहेको छ । काठमाडौंबाट बनेपा, साँखु, हुँदै छोटो दुरीमै क्यूल पुग्न सकिने गरी यातायातका साधनहरु सञ्चालनमा रहेका छन् । स्थानीय जनताको सेवा सुविधाको लागि स्वास्थ्यचौकी, हुलाक कार्यालय, गाविस कार्यालय रहेका छन् । क्यूल गाविसका धेरैजसो ग्रामीण भेग भएकाले खाना पकाउने काम दाउराबाटै हुन्छ । आजभोलि स्थानीय बजार रहेका ठाउँका केही परिवारले ग्यास चुल्हो प्रयोग गर्न थालेका छन् । गोबरग्यास पनि गाउँहरुमा केही परिवारले राखेको देख्न सकिन्छ ।

# अध्याय ५.

## जाति परिचय

### ५.१. ह्योल्मो जातिको उत्पत्ति तथा नामाकरण

नेपाल एक बहुजातीय, बहुधार्मिक तथा बहुसांकृतिक मुलुक हो । अर्थात् अनेकतामा एकताको संगमस्थल हो नेपाल । जसरी देशका हरेक पक्षमा विविधता नै विविधता छ, त्यस्तै देशको कुनै पनि कुनाको निश्चित ठाउँको अध्ययन गरे यो सम्पूर्ण अवस्था यथावत रुपमा पाउन सकिन्छ । 'नेपाली संस्कृतिको ठूलो छातामुनि धार्मिक, सामाजिक र परम्परागत संस्कृतिहरुले आफ्ना मौकाहरुलाई माथि उठाउनका लागि ठूलो भूमिका खेल्दछन् (Khatri : p. 17) । नेपाल राज्यभर विभिन्न जातजातिहरु छरिएर रहेका छन्, जसको भाषा, धर्म, संस्कृति, सामाजिक जीवन यापन पद्धति आ-आफ्नै किसिमका छन् । विभिन्न जिल्लाहरुमध्ये सिन्धुपाल्चोक जिल्ला पनि विभिन्न जातजातिहरुको बसोबास रहिआएको तथा विविध धर्म, संस्कृति मान्ने मानिसहरुको संगमस्थल हो । सिन्धुपाल्चोकमा बसोबास गर्ने विभिन्न जातिहरुमध्ये ह्योल्मो जाति अल्पसंख्यक तथा पिछडिएको जाति हो । आजको बदलिंदो विश्व परिवेश अनुरुप कुनै पनि जाति वा त्यसभित्रका मानिसले आफ्नो छुट्टै जातीय अस्तित्व अर्थात् पहिचान कायम राख्न उद्यत नभएमा स्वतः अस्तित्वविहीन हुने सम्भावना हुन्छ । सिन्धुपाल्चोकको परिप्रेक्ष्यमा अल्पसंख्यक तथा पिछडिएको ह्योल्मो जातिको सेरोफेरोमा यो शोधपत्र केन्द्रित रहेकाले यहाँ यो जातिको उत्पत्ति तथा नामाकरण बारेमा अध्ययन गरिनेछ ।

यो जाति तिब्बत-बर्मेली मूलको भाषा बोल्ने समूहको भए पनि यसै मुलुकभित्रका अथवा बाहिरका कुनै जातिको हाँगा भन्न मिल्दैन किनभने यो जातिको आफ्नै भाषा, संस्कृति र भेषभुसा भएबाट आफ्नो स्वतन्त्र अस्तित्व रहिआएको कुरा स्वीकार्य छ । यस जातिको प्रमुख बसोबास क्षेत्र सिन्धुपाल्चोक जिल्लाको हेलम्बु पर्दछ । यस जातिको नाम पनि यही क्षेत्रसँग जोडिएर ह्योल्मो रहन गएको तथ्य स्वतः पुष्टि हुन्छ (लुईंटेल, २०५५ : २१) ।

माथिको भनाइलाई हेर्दा ह्योल्मो जातिको नाम ह्योल्मो क्षेत्रका आधारमा तय भएको पाइन्छ । तसर्थ सर्वप्रथम त ह्योल्मो क्षैत्र (हेलम्बु)का बारेमा छोटो चर्चा गर्नु आवश्यक देखिन्छ । तिब्बतको ल्हासाबाट

दक्षिण, लछिया छ्यूपार र छिरिङ च्येङा हिमपर्वतबाट पश्चिम बुद्धगया र स्वयम्भुबाट उत्तर र रिवा पम्बार र ब्हती साङबोबाट पूर्वमा पर्ने उक्त ऐतिहासिक, धार्मिक एवं अति महत्वपूर्ण धार्मिक सथानहरुको बीच भागमा अवस्थित ऐतिहासिक, धार्मिक एवं तपोभूमि 'योल्मो क्षेत्र' नेपालको नुवाकोट, सिन्धुपाल्चोक र रसुवा जिल्ला अन्तर्गत विभिन्न भागहरुमा पर्दछ । यस योल्मो क्षेत्रलाई दोर्जे लेप्पा, गेन्येन लेरु, ज्योवो छ्यती र लाङटाङ जस्तो अति महत्वपूर्ण हिम श्रृंखलाहरुले घेरिएको बीच भागमा पर्ने धार्मिक तीर्थस्थलहरुमध्ये विशेष गरी आमा ज्योमो याङरी (देवी)को पर्वत र पेमा छल भएको हुँदा 'मो' हुन गई योल+मो = योल्मो नामाकरण गरिएको हो भनी विभिन्न धार्मिक ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ । शान्तिका अग्रदूत भगवान गौतम बुद्धले योल्मो क्षेत्रको विषयमा 'धो-फाल-पो-छ' ग्रन्थमा उल्लेख भएको भविष्यवाणी अनुसार डऔं शताब्दीमा महासिद्ध गुरु पद्मसम्भव (गुरु रिम्पोछे) सर्वप्रथम योल्मो क्षेत्रमा आउनुभई याङदग छ्येकी गफुग (गुफा)मा तप गर्नुभएको थियो र गुरु रिम्पोछेद्वारा उक्त योल्मो क्षेत्रलाई तपोभूमि र धार्मिक निधिको लागि अति महत्वपूर्ण गोप्य स्थानको रुपमा लिनुभई उक्त क्षेत्रलाई पुण्य र पवित्र बनाइ आशिष दिनुभएको थियो । सो ऐतिहासिक धार्मिक एवं तपोभूमि कार्ग्य सम्प्रदायका संस्थापक मर्पा रिम्पोछेको आज्ञाअनुसार महाकवि योगी मिलारेपा (सन् १०५०)ले तिब्बतबाट योल्मो क्षेत्रको सिङ गालिङ जंगलको बाघगुफा (तगफुग सिंगी जोङ)मा आउनुभई तप् गर्नुका अलाबा ह्योल्मोहरुलाई धार्मिक ज्ञान प्रदान गर्नुभएको थियो भने योल्मो क्षेत्रको विषयमा गीतको माध्यमबाट प्रशंसा गर्नुभएको उहाँको जीवनकथामा उल्लेख भएको पाइन्छ । त्यसपछि चङ ङ्येनहरुकाको महाप्रसिद्ध शिष्य गोछाङ रेछ्येनलाई योल्मो क्षेत्र जानुभई ह्योल्मोमा नै गुम्बा स्थापना गरी कार्ग्यू सम्प्रदायको प्रचारप्रसार गर्नुका साथै सम्पूर्ण मानव कार्य गर्नु भनी आज्ञा भएअनुसार आमा याङरी क्षेत्रमा आउनुभई योल्मोमा नै कार्ग्यू सम्प्रदायका गोछाङ रेछ्येनले सर्वप्रथम सन् १४९४-१५५९ मा गोछाङलिङ गोम्बा स्थापना गर्नुभई योल्मो क्षेत्रमा धर्म प्रचारप्रसारका अलाबा अध्यापनसमेत गर्नुभएको स्थान ङ्ग छयङ श्याक्या साङबो, कर्मा छेसाङ, छैटौं श्यामर्पा, पाल्छेन छेयकी देण्डुप सन् १६९५-१७३५ को जन्मभूमि जस्तो धार्मिक ऐतिहासिक एवं तपोभूमिको रुपमा विश्वका बौद्ध धर्माबलम्बीहरुले लिएका छन् (लामा, २०६२:१) ।

योल्मो क्षेत्र पवित्र तथा धार्मिक रहेको पुष्टि गर्ने अरु कथनहरु पनि रहेका छन् । तिब्बतका बौद्ध धर्माबलम्बीले योल्मो क्षेत्रलाई अत्यन्तै महत्वपूर्ण ठाउँका रुपमा हेर्ने गरेका छन् । जस्तो कि तिब्बती बौद्ध धर्मको महान् ग्रन्थ काङग्युरको डोयेफालबुद्देमा शाक्यबुद्धले (थुपा साङगे चेन्देन्देल) भविष्यवाणी गरेका

थिए कि भविष्यमा नेपालको कुनै खण्डमा 'योल्मो' भन्ने स्थानको जन्म हुनेछ । जसले अरु ठाउँमा ज्ञान प्राप्त गर्नुलाई तपस्या गर्दा तीन वर्षको समय लाग्छ भने यहाँ केबल एक महिनाको समय लाग्छ । यसै कुरामा विश्वास गरेर अहिले पनि ठूलाठूला लामाहरु ज्ञान प्राप्त गर्नलाई यहाँ आएर विधिवत तपस्या गर्छन् । धर्मसूत्रको मतअनुसार यो पनि भनिन्छ कि एसिया महादेशमा केवल २ वटा मात्र अति पवित्र भूमि छन्- त्यो हो पहिलो पवित्र गुप्त भूमि योल्मो (वेपे युल योल्मो) र अर्को पवित्र गुप्त भूमि डेन्जोङ (सिक्किम) जसलाई वे युल डेमोजोङ भनिन्छ । अझ अगाडि आएर योल्मोको नामाकरणको सम्बन्धमा ऐतिहासिक तथा धार्मिक मान्यता यसप्रकार देखिन्छ । धेरै वर्षअघि तिब्बतमा युका, आजुयुका र अन्य नाउँ भएका चारजना दाजुभाइहरु थिए । त्यसमा माहिलो भाइ उहाँदेखि एक्कासी लापत्ता भए र पछि ६ वर्षपश्चात् वे युल ( योल्मो)मा छ भनेर जेठा दाजुले चाल पाएपछि भाइले युलमा बसेर के कति ज्ञान र शक्ति उपार्जन गरे म जाँच गर्छु भनेर बाघको रुप धारण गरेर त्यहाँ पुगे । त्यस समय भाइले पनि दाजु आएको बुझेर आफै पनि सिंह रुप धारण गरेर आए । भेट भएपछि दुई भाइहरुमा डरलाग्दो युद्ध भयो र अन्त्यमा (माहिलो) भाइको विजय भयो । यसैकारण 'तक्बु सिङ्गी जोङ बे युल' भयो । कारण तक्बु को अर्थ बाघ, सिङ्गीको अर्थ सिंह र जोङको अर्थ डाँडा र बेयुलको अर्थ गुप्त स्थान भए र बाघ र सिंहको युद्ध भएको पवित्र गुप्त स्थान भयो । अत: त्यसैबाट तकबु सिङ जोङ् बेयुल ह्योल्मो भन्दछन् । यसर्थ त्यसैबाट तकबु तकबु सिङगी जोङ बेयुल ह्योल्मो भन्दछन् । यसर्थ अहिले पनि ह्योल्मोको पौराणिक एवं धार्मिक नाम तकबु सिङ्गी जोङ बेयुल ह्योल्मो भनेर भने सबैले यसलाई स्वीकृति एवं समर्थन गर्दछन् (लुईंटेल, २०५५ : २२, २३) ।

माथिको प्रसंग हेर्दा आठौं शताब्दीमा सर्वप्रथम गुरु रिम्पोछे (पदमसम्भव)द्वारा भ्रमण गरिएको ह्योल्मो क्षेत्रमा विविध धार्मिक गतिविधिहरु भएको कारण त्यो समयदेखि नै यो क्षेत्र पवित्रस्थल भएको तथ्यसमेत पाइन्छ । प्रकृतिको भौतिक सुन्दरताले मात्र धनी नभई आध्यात्मिक सौन्दर्यताको भाव झल्कने यो क्षेत्रबारे यस्तै भाव लुकेको कुरा महाकवि मिलारेपाका बाणीहरुबाट थाहा पाइन्छ । ह्योल्मो क्षेत्रको प्रशंसाबारे योगी मिलारेपाले आफ्नो गुरु मार्फ रिम्पोछेको आज्ञा मुताबिक ह्योल्मो क्षेत्रमा सन् १०५०-११३५ मा आउनुहुँदा एउटा गीतसमेत गाउनुभएको थियो ।

यसैक्रममा अब आएर प्राचीन समयको ह्योल्मो क्षेत्र आजभोलि प्रचलित भाषामा हेलम्बु कसरी रहन गयो त भन्ने चर्चा गर्नु यहाँ आवश्यक देखिन्छ । यस सम्बन्धमा प्रचलित एक मान्यता अनुसार धेरै वर्ष पहिले यो ह्योल्मो भन्ने स्थानमा कुनै एक जना विदेशी पर्यटक घुम्दै त्यहाँ पुगेछ र त्यहाँका मानिसहरुले आफ्नो

बारीमा फलाएको मूला र आलु देख्दा अचम्मित तथा मोहित भएर त्यस स्थानको नाउँ जान्ने जिज्ञासा जागेर आएछ । त्यसैले त्यस स्थानको कृषकहरुलाई यो ठाउँको नाम के हो ? भनी जिज्ञासा राख्दा कृषकले यहाँ के लगाएको भनेर सुनेर 'हे-लबु' भनेछ । कारण ह्योल्मो जातिले आफ्नो भाषामा आलुलाई हे र मूलालाई लबु भन्दछन् । यसर्थ त्यस विदेशीले यस स्थानको नाम हेलबु (हेलम्बु) रहेछ भनी सोही दिनदेखि ह्योल्मो क्षेत्रको नाम हेलम्बु रहन गयो (टासी छिरिङ लामा, २०६८, अन्तर्वार्ता) ।

माथिको भनाइलाई पुष्टि गर्नको लागि ग्राहम कलर्कको खोज पनि भरपर्दो नै मानिन्छ । उनका अनुसार पनि ह्योल्मो क्षेत्रमा पर्याप्त मात्रामा उत्पादन हुने २ प्रकारका खाद्यवस्तु आलु र मूलालाई तिब्बती भाषामा हे (जभथ उयतबतय) भनेको आलु र लबु (labu radish) भनेको मूला हुन्छ । त्यहाँ प्रशस्तै मूला र आलु उत्पादन हुने भएकाले यो ठाउँको हेलबु नाम रहन गयो र क्रमश: अपभ्रंस हुँदै हेलम्बु भयो (Clarke, 1980:4)।

ह्योल्मोको नाम हेलम्बु कसरी रहन गयो भन्ने सम्बन्धमा अर्को धारणा पनि पाइन्छ । जसअनुसार, परापूर्वकालमा उणेच्यासाक्या सार्वा नामक एक प्रख्यात बौद्ध धर्माबलम्बी भिक्षा माग्दै यस हेलम्बु क्षेत्रमा आइपुगेछन् । यिनी धर्मगुरुका सयौं महान् तान्त्रिक पनि थिए । यिनी जुन जुन ठाउँमा भिक्षा माग्दै जान्थे त्यहाँ उनलाई माना, पाथीजस्ता भिक्षापात्रद्वारा भिक्षा दान दिने गरिन्थ्यो । यस क्षेत्रमा पनि भिक्षा माग गर्दा हातको अञ्जुलीले भिक्षा दिएछन् । जहिले पनि भिक्षापात्रद्वारा भिक्षा लिएका भिक्षुले भिक्षा दिनुको कारणबारे तान्त्रिक विधिद्वारा विचार गर्दा नै महान् धार्मिकस्थल भएको कुरा उनले पत्ता लगाएछन् । त्यसपछि भिक्षुले शेषजीवन धर्म र कल्याणको मार्ग अबलम्बन गरी त्यही व्यतित गरे भन्ने किम्ब्दन्ती छ । यही अञ्जुलीभरीलाई स्थानीय शेर्पा भाषामा ह्वोल्मा भनिने हुँदा त्यहाँको नाउँ नै ह्वोल्मा रहन गएको र कालान्तरमा 'ह्वोल्मा'को अपभ्रंस भई हेलम्बु हुन गएको भन्ने भनाइ छ । यो कुनै प्रमाणिक कुरा नभएको र किम्बदन्तीको आधार लिइएको हुँदा विश्वसनीय नै भने छैन । यसै क्रममा हेलम्बुको अपभ्रंस शब्द सम्बन्धी पुस्तकलाई उद्धृत गर्दै एनबी लामा ह्योल्मोले उल्लेख गरेअनुसार 'नेछेना'को अर्थ तीर्थमहास्थल, 'बेयुला'को अर्थ तेर (अमूल्य) लुकाएको ठाउँ । ह्योलको अर्थ वरिपरि हिमालले घेरिएको स्थान र मो को अर्थ देवी अर्थात् आमा झोमो याङ्ग्रीको क्षेत्र, एरिया भन्ने अर्थ लाग्ने कुरा प्रकाशित पुस्तकमा उल्लेख पाइन्छ (लामा, एम.बी. २०५७ : ८) ।

योल्मो क्षेत्रको परिचयपश्चात् अब यो क्षेत्रमा बसोबास गरेको ह्योल्मो जातिको उत्पत्ति तथा नामाकरणबारे चर्चा गर्नु आवश्यक देखिन्छ । ह्योल्मो क्षेत्र (आजभोलिको हेलम्बु) मा बसोबास गर्ने मानिसहरुलाई नै ठाउँको आधारमा ह्योल्मो, ह्योल्मो जाति भनिएको हो भन्ने कुरा प्राप्त सबै लिखित स्रोतहरुबाट थाहा पाइन्छ । साथै सोधग्रन्थ तयार पार्ने क्रममा शोधार्थीले राखेको जिज्ञासामा पनि सम्बन्धित जातिका सबै व्यक्तिहरु यसै कुरामा सहमत भएका थिए उनीहरुको प्रमुख बसोबास भएको क्षेत्र सिन्धुपाल्चोकको हेलम्बु नै हो । तर ह्योल्मो क्षेत्रमा यो जातिका मानिसहरु कहिलेदेखि बसोबास गर्न थाले भन्ने कुराको ठोस प्रमाण पाउन सकिंदैन । ह्योल्मो जनजातिको सृष्टि कुन शताब्दीदेखि भएको भन्ने ठोस प्रमाण नभए तापनि पूर्वकालदेखि नै आफ्नो मातृभूमि सिन्धुपाल्चोक जिल्लाको उत्तर पश्चिम नुवाकोट जिल्लाको उत्तर र रसुवा जिल्लाको पूर्व सिमाना हेलम्बु क्षेत्र नै आफ्नो प्रथम मातृभूमिको रुपमा मान्दै आइरहेका छन् ।

ह्योल्मो आदिवासी आठौं शताब्दीतिर हालको तिब्बतको ल्हासा, ते डक्कार र केरोङ आदि क्षेत्रहरुबाट ह्योल्मो क्षेत्रमा आएको विश्वास गरिन्छ । ११औं शताब्दीमा तिब्बतको बौद्ध धर्मका महान् गुरु महाकवि योगी मिलारेपा (११५० र ११३५) ले आफ्नो मार्फा रिम्पोछेको आज्ञाअनुसार ह्योल्मो क्षेत्रमा आउनुभएर सिङगालिङ जंगलको बाघगुफा (तकफू सिङगी जोङ)मा तप गर्नुभएको थियो र उक्त समयमा मिलारेपाका ५ जना योल्मो पा शिष्यहरु पनि थिए भनी उहाँको जीवनकथा (ज्यिचेन मिला रेपा गुरबुम)मा उल्लेख भएको पाइन्छ । त्यसकारण ह्योल्मो क्षेत्रमा ११औं शताब्दीभन्दा पहिले नै ह्योल्मोहरु स्थायी रुपमा बसोबास भइसकेको प्रमाणित हुन्छ । यस ह्योल्मो आदिवासी जनजातिहरु तिब्बतबाट आएको हुनाले महायान बौद्ध धर्माबलम्बी हुन् भने ह्योल्मो जातिको आफ्नो छुट्टै भाषा, भेषभुषा, रीतिरिवाज, परम्परा, संस्कार एवं संस्कृति आदि छन् । ह्योल्मो भाषा तिब्बती भाषामा ७५ प्रतिशत र तिब्बतको डक्कर र केरोङ क्षेत्रसँग ९५ प्रतिशत मिल्छ भने भेषाभुषा पनि मिल्दछ ।

शोधार्थीसमक्ष कान्छा लामाले बताउनुभयो कि आठौं शताब्दीतिर महापण्डित पद्मसम्भव (गुरु रिम्पोछे)ले ह्योल्मो क्षेत्रमा थुप्रै धार्मिक निधिहरु लुकेको र त्यसलाई आवश्यकता अनुसार समय समयमा विभिन्न प्रतापी लामाहरुद्वारा प्रवर्तन गरिने कार्य हुनेछ भन्ने भविष्यवाणी गर्नुभएको कुरा 'लिउधिमा' सम्यक नामको पुस्तकमा उल्लेख भएको पाउन सकिन्छ । यसले के इंगित गर्दछ भने आठौं शताब्दीतिर नै ह्योल्मो आदिवासी जनजातिहरुको त्यस क्षेत्रमा अस्तित्व रहन थालेको भनेर मान्न सकिने आधार भेट्टाउन सकिन्छ ।

ह्योल्मो जातिको उत्पत्ति तथा नामाकरण सम्बन्धमा एक प्रसंग अनुसार महायानी बौद्ध धर्मका अनुयायी ह्योल्मोहरुसँग गुरु पद्मसम्भवलाई आफ्नो जातिको बारेमा पहिचान गराउने महान् व्यक्तित्वको रुपमा हेर्ने गर्दछन् । यिनीहरु ह्योल्मो वा पद्मसम्भवसँग सम्बन्धित छ भन्ने कुरामा विश्वास गर्दछन् । तिब्बतको सामय भन्ने ठाउँ ल्हासाको दक्षिणतर्फ साङ्पो नदीको किनारामा अवस्थित छन् र सामयेमा एउटा गुम्बा ( गेन्या) निर्माण गर्न तिब्बत देशका धर्मराज, ठिसुङदेवचेनको राजत्वकालमा उहाँले गुरु पद्मसम्भवलाई निमन्त्रणा गरे । यो निमन्त्रणा पाएपछि गुरु पद्मसम्भव भारतदेखि पैदल हिंडेर तिब्बत पुगे । यिनको यो यात्रा नेपाल भएर भएको थियो । तिब्बतमा पुग्नुभन्दाअघि नेपालको हिमालयको पूर्वपट्टि पर्वतले घेरेको एउटा स्थानमा पुग्न सकें । त्यस स्थानमा पुगेपछि उहाँले त्यहींका घरहरुरुमा पालैपालो भिक्षा माग्न थाले तब त्यसबेला ठाउँका सरल र धार्मिक स्वभावका नारीहरुले एक अञ्जुली भरिको दान गरे अनि उहाँको नामाकरण ह्योल्मो राखे । यसै सन्दर्भमा उहाँले गोपनीय अर्थ यसप्रकारले जन्म भयो कि ‘योल’को अर्थ अञ्जुली र ‘मो’को अर्थ नारी र योल्मो (ह्योल्मो)को समग्र अर्थ नारीहरुले अञ्जुली भरीको दान दिएको पवित्र स्थान भयो र त्यसमा मानिसहरुलाई ह्योल्मो भनियो (लुईंटेल, २०५५:२१-२२) ।

यसरी ह्योल्मोको नामाकरण सम्बन्धमा विभिन्न अवधारणा देखा परे पनि अन्य भरपर्दो स्रोतले प्रमाणित एवं पुष्टि नगरेसम्म स्थानको आधारमा र माथि उल्लेखित विभिन्न मान्यताको आधारमा विश्वास गर्नुपर्ने हुन्छ । कुनै पनि जातिको नामाकरण विभिन्न ठाउँ वा परिवेशको आधारमा हुने कुरा साझा मान्यता जस्तो भइसकेको छ ।

निष्कर्षमा भन्नुपर्दा ह्योल्मो जातिका पुर्खा तिब्बतबाट नेपालतर्फ पसेको मान्ने आधारहरु लिखित रुपमै पनि धेरै छन् भने स्वयं ह्योल्मोहरु पनि यसलाई स्वीकार गर्दछन् । यस जातिको भाषा तिब्बती भाषासँग ७५ प्रतिशत मिल्ने कुरा प्रकाशित गरेका पुस्तकहरुका आधारमा र यता यिनीहरुको धर्म तथा संस्कृति केही हदसम्म मिल्ने तामाङ र शेर्पा जाति पनि तिब्बती मूलका नै मानिएकाले यो अन्दाज लगाउन सकिन्छ कि ह्योल्मोहरु पक्कै पनि तिब्बतमूलबाटै आएका हुन् ।

यस क्रममा शोधार्थीसमक्ष पनि अधिकांश ह्योल्मोहरुले आफूहरुका पुर्खाहरु तिब्बती मूलका हुन् र कालन्तरमा बसाई सर्दै सिन्धुपाल्चोकको हेलम्बु र रसुवाको लाङटाङसम्म आएको बताए । तसर्थ आफूहरुले हेलम्बुलाई मातृभूमि मानेको र त्यही मुख्य बसोबासको क्षेत्रबाट क्रमश: विभिन्न कारणवश अन्यत्र बसोबास गर्न थालेका हुन् भन्न सकिन्छ । ह्योल्मो क्षेत्रमा बसोबास गर्ने भएकाले यस जातिको नामाकरण

पनि ठाउँको आधारमा भयो । यस्ता उदाहरणहरु अन्य जातिहरुमा पनि देख्न सकिने भएकोले यसलाई अस्वभाविक मान्नुपर्ने छैन ।

ह्योल्मो जातिको उत्पत्ति तथा नामाकरणको चर्चापछि अबको चर्चाको विषय जाति कुन जातिसँग बढी नजिक छ भन्ने हो । कतिपय विद्वान तथा इतिहासकारहरुले ह्योल्मो र कागतेलाई एउटै भनेका छन् त कतिपयले संस्कृति, धर्म आदि पक्षहरु तामाङ तथा शेर्पा जातिसँग केही हदसम्म मिल्ने भएकाले यी जातिहरुभित्रकै एक शाखा जातिको रुपमा पनि हेर्ने गरेको पाइन्छ । तामाङ, शेर्पा तथा ह्योल्मो जाति तिब्बती मूलकै भएकाले र ह्योल्मो जाति चाहिं अल्पसंख्यक, पिछडिएको तथा त्यति चर्चामा नआएको कारण यो जाति तामाङ र शेर्पाभित्रकै हो कि भन्ने अनुमान पनि अस्वभाविक होइन । धर्म, संस्कृतिमा पनि केही मात्र समानता देखिएको आधारमा ह्योल्मोलाई तामाङ तथा शेर्पा जातिभित्रकै हो कि भन्ने आशंका गरिरहेका बेला जब छुट्टै जातिको रुपमा ह्योल्मोले जनजाति महासंघमा सूचीकृत गराएपछि यो आशंका हटेर गएको हो । 'जातीय संगठनको रुपमा जनजाति महासंघमा दर्ता गराएपछि ह्योल्मो जातिले सदस्यता प्राप्त गऱ्यो र आफ्नो जातिभित्रकै हो भनी अरुले दाबी गर्ने कुरा स्वत: हराएर गयो । (डीबी ह्योल्मो, ह्योल्मो जातीय संघको इतिहास: २०५७) । वास्तवमा भन्ने हो भने धर्म, संस्कृति कसैको पनि पेवा हुँदैन अझ प्रष्ट रुपमा भन्नुपर्दा एकै पृष्ठभूमिमा हुर्किएका जातिहरुमा धार्मिक संस्कारहरुमा समानता पाइनु स्वभाविकै हो तर पनि सांस्कृतिक प्रक्रिया एउटै भएका जातिहरु एकै हुन अवश्यक सक्दैनन् । धार्मिक तथा सांस्कृतिक क्रियाकलाप सम्पन्न गर्दा तामाङ, शेर्पा, ह्योल्मो आदि जातिले लामा (पूरोहित) प्रयोग गर्दछन् तर यी क्रियाकलाप मनाउने प्रक्रिया फरक फरक छन् । जातिको भाषा फरक हुन्छ, भेषभुषा फरक हुन्छन् । यसर्थ पनि यी जातिहरुले छुट्टाछुट्टै जातिको रुपमा मान्यता पाएका हुन् । 'ह्योल्मो जातिको पनि भाषा तामाङ र शेर्पाभन्दा भिन्न छ, धार्मिक र सांस्कृतिक पर्वहरु मनाउने प्रक्रिया फरक फरक छन्, भाषिक अन्तर र अन्य सांस्कृतिक क्रियाकलापका प्रक्रियाहरु फरक भएकै कारण जनजाति महासंघमा आफ्नो जाति दर्ता भएको ह्योल्मो जातिका मानिसहरु बताउँछन् (डीबी ह्योल्मो २०५७) ।

मानवशास्त्री डोरबहादुर विष्टले ह्योल्मो जातिको बारे छुट्टै विश्लेषण नगरे पनि हिमाली जातिको श्रेणीमा ह्योल्मो जातिलाई राखेका छन् । उनको प्रसिद्ध पुस्तक सबै जातको फूलबारीमा 'हामी हिमाली' शीर्षकमा उल्लेख गरेका छन् कि 'भिन्नाभिन्नै खोला र उपत्यकामा बसेका हामीहरुबीच आवतजावतको कठिनाइले गर्दा आपसी सम्बन्ध टाढा भई भाषा र चालचलनमा सानातिना भिन्नता भए पनि हामी सबैको आर्थिक र

सांस्कृतिक पृष्ठभूमि एउटै हो र हाम्रो भाषाको मूल पनि तिब्बती भाषा हो । धर्म हाम्रो महायान बुद्ध धर्मको लामा धर्म हो । बाटाघाटाको असुविधा भएको उहिलेको अविकसित नेपालमा एकथरीले अर्काथरीको वास्ता गर्ने चलन थिएन, न त सरकारी स्तरबाट सबैलाई नजिक ल्याउने प्रयास नै भएको थियो । त्यसैले हाम्रो सम्बन्ध तिब्बती जनता र तिब्बतको भूभागसँग बढी रहिआएको थियो । अनि बाँकी नेपालीले हामीलाई पनि तिब्बतका भोटेभन्दा कुनै फरक दृष्टिले हेर्दैनथे ।'

'धार्मिक पृष्ठभूमिले पनि हिमालीहरुलाई बढी शान्तिप्रिय, अहिंसावादी र धार्मिक प्रवृत्तिको बनाइदिएको छ । अधिकांश ठाउँमा लामा धर्मको निङमा सम्प्रदायको प्रभाव छ । केही ठाउँमा क:ग्यू सम्प्रदायको प्रभाव र केही ठाउँमा पूर्व बौद्धकालदेखि प्रचलित रहिआएको बोनपो धर्मको प्रभाव प्रष्ट रुपमा देखिन्छ ।

उनीहरुको धार्मिक केन्द्र गुम्बा र घ्याङहरुमा भगवान बुद्ध, गुरु पद्मसम्भव, अवलोकितेश्वर र मैत्रयलगायत अरु धेरै बोधिसत्व तथा औतारी लामाहरुका सुन, पित्तल, ढलोट र माटाका अति सुन्दर विशाल मूर्तिहरु तथा कहग्यूर, तैंग्यूर आदि धर्मग्रन्थका सयौं, हजारौं ठेलीहरु तथा कपडामा लेखिएका थाङ्का चित्रहरु हुन्छन् । प्रसिद्ध गुम्बामा औतारी लामा र उनीहरुसँग विद्या अध्ययन गर्ने केही भिक्षुहरु पनि हुन्छन् । खुसीराजीले जोसुकै पनि भिक्षु हुनसक्छ, तापनि परम्पराअनुसार एउटा भन्दा बढी छोरा हुने परिवारबाट माहिलो छोराले भिक्षु ठावा बनेर लामाको अगाडि सपथग्रहण गरी विद्याध्ययन कार्यमा लाग्नुपर्ने नियम छ । यस्तै एउटीभन्दा बढी छोरी हुने परिवारबाट माहिली छोरीले पनि भिक्षुणी बन्ने नियम छ । यस्ता भिक्षु वा भिक्षुणीहरुका लागि ठाउँठाउँमा बेग्लाबेग्लै गुम्बा, भोजनालय तथा विहार बनाइएका हुन्छन् । धेरै भिक्षु र विद्वान लामा रहेको हुनाले प्रसिद्ध भएका गुम्बामा खुम्बुको तेङ्बोचे, सोलुको चिवाङ र ह्योपुङ, मुस्ताङ बजारभित्रको गुम्बा र हुम्ला लिमीको हल्जी गुम्बा हुन्' (विष्ट : २००७) ।

यता ह्योल्मो र कागते जाति बीचको सम्बन्धलाई भने विश्लेषण गर्नु आवश्यक छ । नगेन्द्र शर्माले 'नेपाली जनजीवन'मा भाषागत दृष्टिले तामाङ कागते र ह्योल्मोली एउटै जातका मानिसहरु हुन सक्छन् भनेका छन् । 'तिब्बत नेपाली सीमानाक्षेत्रका बासिन्दा 'ह्योल्मोली या योल्मो'को भाषा पनि तिब्बती भाषाको एक हाँगो हो र हेल्मु या हेलम्बु (यलम्बु) शब्द ह्योल्मोको अपभ्रंस भएको हुनसक्छ । योल्मोली र तामाङहरुले बसोबास गरेको क्षेत्रको माझमा कागते बस्दछन् र यिनीहरुको बोलीमा यी दुवै समिश्रण पाइन्छ ।' (शर्मा २०५७, : ३८) शर्माको यो भनाइलाई त्यति विश्वसनीय भने देखिन्न किनभने लेखकले ह्योल्मो र कागते

फरकफरक हुन् या एकै हुन् किटानका साथ भन्न नसकेबाट यसलाई यी दुई जातिबीचको भेद देखाउने प्रष्ट आधार मान्न सकिंदैन ।

यता कर्णेल सन्तवीर लामाका अनुसार भोट सीमाना छेउ ह्योल्मो भाषामा भोटे भाषा मिश्रित छ । तामाङ बसेको केन्द्रस्थान र ह्योल्मोको बीचमा पर्ने हुनाले कागतेहरुको भाषा ह्योल्मो र तामाङ मिश्रित भएको छ । तापनि रुइगीफोला (कुलदेवता) प्राय: धेरै मिलेकाले यी तीनै वर्ग एउटै मूलजातिका हुन् भन्न सकिन्छ । नेपाल राज्यमा बसेका तामाङ, कागते, ह्योल्मोली, होलंगे, शेर्पाहरुले भोटे अक्षर कसरी कहाँबाट सिके ? लामा धर्म कसरी किन ग्रहण गरे भन्ने क्रममा लामाले भोट र चीनको संक्षिप्त इतिहास कोट्याएका छन्, जसअनुसार भोटका राजा स्वाङसन गेन्पोले ७०० ईश्वीतिर नेपाल राज्यमाथि आक्रमण गरी नेपाललाई भोटको कब्जामा गराए । यसै समयमा भोटे अक्षर प्रचलनमा आयो र यसबेला तामाङ, कागते, ह्योल्मोली, होलंगे, शेर्पाहरुले पनि भोटे अक्षर सिके । (लामा २०५७) 'केही विद्वानहरुले हेलम्बुका निबासी ह्योल्मो र कागते भोटेलाई पनि तामाङभित्र समावेश गरेका छन्' (शर्मा: २०५७: ३१५) ।

यी विभिन्न विद्वान तथा इतिहासकारले कागते र ह्योल्मोलाई एकै हुन् भनी देखाउन खोजेका छन् । तर यस कारणले यिनीहरु एकै हुनसक्छन् भनने विश्वासिलो र उपयुक्त तर्क प्रस्तुत गर्न सकेका छैनन् । केवल यस्तो हुनसक्छ मात्र भनेका छन् । यसैक्रममा हेलम्बुको इतिहासबारे अध्ययन गरेका विदेशी इतिहासकार ग्राहम क्लार्कले यसो भनेका छन् । 'हेलम्बुको नामाकरण त्यस ठाउँमा बस्ने जातिको संस्कृतिको आधारमा भएको थियो । त्यो जाति थियो हेलम्बु शेर्पा । हेलम्बु (योल्मो, ह्योल्मो)को माथिल्लो भागमा बस्ने यी जाति शेर्पा भाषा बोल्दैनन् तर कागतेसँग मिल्दोजुल्दो भाषा भएका यी ह्योल्मो तिब्बती वर्मन समूहमा पर्छन् (क्लार्क, १९८०, भो. ४. पृ. ४) ।

माथिल्लो भागमा बस्ने शेर्पाहरु आफ्नो भाषा नबोल्ने तर कागतेसँग मिल्ने भाषा बोल्ने भएको भन्दै कागते र ह्योल्मोलाई भाषागत दृष्टिले समानता देखाउने प्रयास क्लार्कले गरेका छन् ।

यता अन्ना मारिया हारीले आफू कागते र ह्योल्मो जातिसँग परिचित भएको तथा यी दुई जातिमा अति नै आपसी सम्बन्ध भए तापनि भाषिक हिसावले फरक भएको उल्लेख गरेकी छन् । 'वास्तवमा ठूलो हिस्सामा यी दुवै जातिहरु भाषिक हिसावमा फरक छन् । कागतेहरु, जो चाहिं रामेछाप जिल्लाको लिखुखोला र

खिम्तीखोलामा बस्दछन्, त्यसैले उनीहरु भौगोलिक रुपमा ह्योल्मो भन्दा फरक छन् । जसको परम्परागत क्षेत्रचाहिं काठमाडौंको उत्तरपश्चिमम पर्छ' (हारी र लामा छेगु, २००४:६९९) ।

ह्योल्मो र कागते जातिलाई एकै भन्ने देखाउने प्रयास कसैले गरेका छन् भने कसैले त्यसको विपरीत धारणा राखेका छन् । यस सम्बन्धमा विभिन्न व्यक्तिहरुसँग जिज्ञासा राख्दा इलाम पशुपतिनगरका ह्योल्मोहरु आफ्ना पुर्खाहरुले किपटमा हुँदा खेती लगाएकोले कागते नाम राखेको बताए । पशुपतिनगरका दोर्जे लामा भन्छन् 'किपटमा पुर्खाहरुले लगाएको अन्नबाली राम्रो नभएकोले कागतको खेती गर्दथे रे तर हाम्रो जात नै भने कागते होइन ।'

सम्पूर्ण ठाउँका ह्योल्मो जातिका पुर्खाहरुले एक समयताका कागत बनाएर व्यवसायको रुप लिएको पाइन्छ । त्यसबेला मानिसहरु आत्मनिर्भर हुनका लागि अन्य अन्नबाली त्यति राम्रो नहुने भएकोले कागत बनाउने काम गर्दथे भन्ने बुझिन्छ । ह्योल्मोहरुको प्रमुख बसोबास क्षेत्र ह्योल्मो हालको हेलम्बुमा पनि उनीहरुले धेरै पछिसम्म पनि कागत बनाउने र आफूलाई चाहिने भन्दा बढी बेच्ने गर्दथे । अर्थात् आफ्नो आवश्यकताका लागि कागत उत्पादन आफै गर्दथे । तर जिविकोपार्जनक अन्य विविध कार्य तथा उद्योगधन्दाको विकास क्रमसँग कागत बनाउने कामलाई क्रमश: त्याग्दै गएको हुनसक्छ । त्यहाँबाट अन्यत्र बसाई सर्ने क्रम पनि बढ्यो किनकि विना अन्नबाली तथा कम उत्पादनशील जमिनमा बसेर कागत बनाउने पेशाले मात्र जिविकोपार्जन नहुने भएकाले अन्यत्र बसाई सर्नुपरेको हो भन्ने मेरो धारणा छ ।

यता काठमाडौं बौद्धमा रहेका ह्योल्मोहरु आफूहरुले कागते भन्ने शब्द नसुनेको भन्दै आफूहरु ह्योल्मो नै भएको, कागतेसँग कुनै सम्बन्ध नभएको बताउँछन् । (डीबी ह्योल्मो, २०६८, अन्तर्वार्ता) किउलका ह्योल्मोहरु भने आफ्ना पुर्खाहरु ह्योल्मो (हेलम्बु)मा रहँदा कागत बनाउँथे रे भनी जनश्रुतीको आधार लिन्छन् ।

यसर्थ ह्योल्मो र कागते फरकफरक जाति हुन् या एकै हुन् भनी किटान गर्न अत्यन्तै गाह्रो छ । एकातिर केही ह्योल्मोहरु नै आफ्ना पुर्खाहरुले कागत बनाएर बेच्थे रे भन्ने कुरालाई स्वीकार्छन् तर आफूहरु कागते चाहिं होइन भन्छन् । अर्कोतिर बसोबास गरेको ठाउँको आधारमा धेरै जातिको नामाकरण भएजस्तै ह्योल्मो जातिमा पनि यस्तै आधारमा नामाकरण भएको छ, पेशाको आधारमा भएको छैन । नत्र पुर्खाको पेशालाई आधार मान्न आफूहरुलाई कागते भन्नुपर्ने हो भन्ने मलाई लाग्छ । यता हालसम्म आफूलाई पृथक देखाउँदै

आफूहरुको जात कागते हो भन्ने दाबी गर्दै कुनै जाति देखा नपरेको परिप्रेक्ष्यमा हेर्दा ह्योल्मो र कागते फरक फरक जाति चाहिं हुन नसक्ने पनि देखिन्छ । यस्तो अवस्थामा अरु भरपर्दो स्रोतले प्रमाणित नगरेसम्म ह्योल्मो र कागतेलाई पर्यायकै रुपमा लिनुपर्ने अवस्था पनि छ ।

किउलका खाण्डु लामा ह्योल्मोले शोधार्थीसमक्ष बताएअनुसार धेरै पहिला आफूहरुलाई कागते (पहाडे कागत बनाएर बेच्दै जीवन निर्वाह गरेकाले) भन्ने भरेको तर यस शब्दले हेपिएको तथा निम्नस्तरको जाति भएको महसुस हुन थालेको तथा अरुले पनि यसै दृष्टिले हेरेकाले हेल्मु, एल्मु (योल्मो, ह्योल्मो) भनिएको हो । जसरी विभिन्न जातिहरुले नामाकरण बसोबास गरेको ठाउँको आधारमा भएझैं ह्योल्मोको पनि सोही अनुरुप भएको छ । ह्योल्मो (हेलम्बु)बाट बाहिरिएकोले मात्र नभई त्यही बसोबास गर्ने मानिसले पनि एक समय पहाडे कागत बनाएर बेचविखन गर्ने गरेको विभिन्न स्रोतबाट थाहा हुन्छ । पेशागत आधारमा नै जातिको नामाकरण भएका उदाहरण पनि प्रशस्त छन्, जस्तोः ताम्राकार, चित्रकार, तुलाधर इत्यादि । यस उदाहरणबाट हेर्ने हो भने केही ह्योल्मोको पेशा कागत बनाउने थियो तर थर कागते रहेन ।

ह्योल्मो र कागतेबीचको अन्तरसम्बन्धको चर्चापछि ह्योल्मो शब्द लेखाइको सन्दर्भ उल्लेख गर्नु आवश्यक देखिन्छ । ह्योल्मो शब्दलाई विभिन्न प्रकाशित तथा अप्रकाशित पुस्तकहरुमा र सामान्य बोलचालमा समेत विभिन्न शब्दहरु "योल्मो, ह्योल्मो, याल्मो, हेल्मु, ह्योल्मु आदि भनिएको छ । यसबारे उल्लेख गर्ने कुरा शोधको पृष्ठभूमिमा समेत बताएको छु । यसक्रममा अध्ययन गर्दा जे नामले सम्बोधन गरे तापनि उही जातिलाई नै बुझाउने भएकाले अधिकांश पुस्तकहरुमा लेखिएका आधारमा यस शोधमा पनि ह्योल्मो शब्द प्रयोग गरिएको छ ।

ह्योल्मो लेखाइको सम्बन्धमा उत्तरदाता विनोद लामाले 'ह्योल्मो दर्शन'मा उल्लेख गरेअनुसार ह्योल्मो भन्ने शब्द लेख्ने परिप्रेक्ष्यमा यस शब्दलाई कसरी लेख्ने भन्ने सम्बन्धमा वि.सं. २०४७ सालमा विभिन्न छलफलका माध्यमबाट 'नेपाल ह्योल्मो समाज सेवा संघ' नामाकरण गरी ह्योल्मो जनजातिको अस्तित्वलाई कायम गऱ्यो र त्यसैबेलादेखि ह्योल्मो भनेर नेपालीमा लेख्ने निर्क्योलसमेत गरेको थियो । लामाले उच्चारणको शुद्धताको दृष्टिकोणबाट ह्योल्मो लेख्नु उपयुक्त हुने बताउनुभएको छ । ह्योल्मो शब्दलाई पनि समाजले करिब २० वर्षदेखि अटुट रुपमा आफूलाई चिनाउने जमर्को गर्दा प्रयोग गरिसकेको छ । यस तथ्यलाई कसैले छेकेर, सच्याएर अथवा मेटेर इतिहास मेटिनेछैन (लामा २०६८) ।

खासगरी योल्मो काठमाडौंमा तथा ह्योल्मो, योल्मु, हेल्मु पूर्वी इलाम जिल्ला एवं दार्जिलिङमा लेखिने गरेको छ । जुन शब्द लेखे तापनि आखिर उही जातिलाई जनाउने हुँदा लेखाइको विषयमा कुनै टाउको दुखाएर बहस चलाउनु निरर्थक भएको धारणा 'नेपाल ह्योल्मो सेवा केन्द्र'का महासचिव दोर्जे लामाको छ ।

यसै सन्दर्भमा हेलम्बु क्षेत्रमा लामो समयसम्म रही ह्योल्मो भाषा शब्दकोष तयार पारेकी विदेशी अनुसन्धानकर्ता अन्ना मारिया हारीको भनाइ यस्तो छ 'केही सरकारी अभिलेखले यो क्षेत्रलाई ह्योल्मो भनेको छ, हाल केही जनताहरु यस क्षेत्रलाई योल्मो वा योल्मू भन्न चाहन्छन् । (हारी २००४:६९९) 'हेलम्बु स्थानमा बसोबास गर्दैरहेका कारण ह्योल्मो जाति भनिएका मानिने यो जातिले वास्तविक रुपमा आफूलाई योल्मो भएको दाबी गर्छन् (के.सी. २०५९, पृ २१) ।

ह्योल्मो र योल्मो भन्ने विवाद सर्वोच्च अदालतमा पुगेपछि सर्वोच्चले ह्योल्मोलाई नै आधिकारिक भनी फैसला गरेको थियो ।

माथिका दुईवटा भनाइका आधारमा पनि सम्बन्धित जातिलाई जनाउन लेखाइका हिसावले बढी मात्रामा ह्योल्मो नै प्रयोग गर्नु उपयुक्त देखिन्छ । ह्योल्मो नै लेखाइको सम्बन्धमा निष्कर्षमा पुग्नुपर्दा के कसरी लेख्दा शुद्ध हुन्छ त्यसका आधारहरु के के हुन् भनी केलाउने विश्लेषण गर्ने जिम्मा सम्बन्धित जातिका व्यक्तिहरुको नै हो । तसर्थ प्रस्तुत शोधको उद्देश्य भनेको सम्बन्धित जातिको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गर्ने हो, लेखाइको शुद्धता/अशुद्धता छुट्याउने होइन केवल दुवैथरि (ह्योल्मो, योल्मो) लेख्ने र लेख्नुपर्ने मान्यता राख्नेको धारणा मात्र समावेश गरिएको हो । तसर्थ यस शोधमा दुवै शब्दलाई क्रमश: योल्मो/ ह्योल्मो भनी प्रयोग गरिएको छ ।

### ५.२. सिन्धुपाल्चोकमा ह्योल्मो जातिको जनसंख्या र विवरण

सिन्धुपाल्चोकमा ह्योल्मो जातिको आगमनको चर्चापछि यहाँ भएको यस जातिको जनसंख्याबारे चर्चा गर्नु आवश्यक छ । मध्य पहाडी जिल्ला सिन्धुपाल्चोक अत्यन्तै पिछडिएको र अल्पसंख्यक जातिको रुपमा रहेको ह्योल्मो जातिको यस जिल्लामा जम्मा जनसंख्या १२२६ रहेको छ । जसमा महिलाको संख्या ६०३ र पुरुषको संख्या ६२३ रहेको छ (स्रोत जि.वि.स. प्रोफाइल) ।

**यस जिल्लाको १२ वटा गाविसमा मात्र ह्योल्मो जातिको बसोबास छ । जसलाई तलको तालिकाबाट पनि देखाइएको छ ।**

**तालिका नं. ८**

ह्योल्मोहरुको बसोबास भएका गाविसहरु

| गा.वि.स | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| मार्मिङ | ४३ | ४० | ८३ |
| कर्थली | ४० | ५३ | ९३ |
| मानेश्वरा | ७० | ६७ | १३७ |
| जेठल | ३२ | २६ | ५८ |
| नवलपुर | २२२ | २५३ | ४७५ |
| बराम्ची | २७ | २३ | ५० |
| फटकाशिला | ५२ | ४७ | ९९ |
| तालामाराङ | १२ | १८ | ३० |
| हेलम्बु | १४१९ | १२२६ | २६४५ |
| किउल | ६२३ | ६०३ | १२२६ |
| बरुवा | ५९ | ४९ | १०८ |
| दुवाचौर | ६ | ६ | १२ |

*स्रोत : जि.वि.स. प्रोफाइल, सिन्धुपाल्चोक, २०६७*

# अध्याय ६

## ह्योल्मो जातिको सामाजिक तथा सांस्कृतिक पक्ष

### ६.१. सामाजिक पक्ष

कुनै पनि जाति, समाज तथा व्यक्तिको आआफ्नो जीवनपद्धति र सामाजिक संरचना हुन्छ । दैनिक जीवनयापनका क्रियाकलापहरु, सामाजिक संरचनाहरु एकआपसमा मेल खाँदैनन् तर पनि अनमेल भित्र मेलको सन्देश नेपाली सामाजिक संरचनाभित्र लुकेको छ । हरेक जातिका सामाजिक संरचना तथा जीवनपद्धतिअन्तर्गत उसको बसोबास, चालचलन, स्वभाव, बसोबास गर्ने ठाउँ (घर)को संरचना ती जातिका मानिसहरुले लगाउने भेषभुषा, गरगहना, शारीरिक बनोट आदिले (व्यक्तिगत जीवनसँग सम्बन्धित पक्ष भए पनि) समाजभित्र त्यसले सामाजिक हैसियत राख्दछ किनकि यी विषयहरु सम्बन्धित जातिका मौलिक पहिचान हुन् । त्यस्तै हरेक जातिका भाषा, लिपि, खानपान, भाँडावर्तन आदिले पनि उक्त जातिको सूक्ष्म अध्ययन गर्नमा ठूलो भूमिका खेलेको हुन्छ । यस्तो अध्ययन त्यो जातिका लागि मात्र नभई राष्ट्रिय पहिचानका लागि आवश्यक र अनिवार्य छ । यस्तै जातिहरुमध्ये ह्योल्मो जातिका पनि आआफ्नै सामाजिक जीवनपद्धति र सामाजिक संरचना छ । यसलाई यसरी सूक्ष्मरुपले व्याख्या गर्नु आवश्यक भएकोले यस अध्ययनमा सोही गरिन्छ ।

#### ६.१.१. बसोबास एवं रहनसहन

मध्यपहाडी सिन्धुपाल्चोकको सदरमुकामबाट उत्तरतर्फ क्यूल, हेलम्बुल, बरुवा, नवलपुर र याङ्री, लार्के, रसुवाको लाङटाङलगायत ठाउँहरुमा ह्योल्मो जातिको बसोबास रहेको छ ।

कुनै पनि समाजमा बस्ने मानिसको आफ्नै प्रकारको रीतिरिवाज परम्परा चाडपर्व तथा रहनसहन हुने गर्दछ । चारजाति छत्तीस वर्षको साझा फूलबारीभित्र सबै जातजातिहरु अटाएका छन् । जसको आआफ्नै मौलिक परम्परा, रीतिहरु छन् । यही विविधताभित्रको एकतामा समाहित भएको जाति ह्योल्मो पनि हो । ह्योल्मो जाति अत्यन्तै सोझा र सरल स्वभावका छन् । यी जातिमा रिस, राग तथा छलकपट र द्वेष नरहनुका साथै यिनीहरु उदार प्रवृत्तिका छन् (स्थलगत भ्रमण २०६८) । ह्योल्मो जातिहरु स्वभावले अत्यन्त

सोझा एवं इमान्दार, सहनशील जनजातिहरु हुन् । धार्मिक तथा सामाजिक कार्यप्रति प्रत्येक ह्योल्मोका नरनारीहरु आर्थिक स्थिति कमजोर भए तापनि ऋण सापट गरेर धार्मिक तथा सामाजिक कार्यमा चन्दा सहायता गर्नु आफ्नो मूल धर्म ठान्दछन् । गाउँघरमा मर्दा, पर्दा त्यस परिवारलाई दु:ख आइ पर्दा आफूलाई मनै नपर्ने शत्रु नै भए तापनि दु:ख परेको बेला हतारहतार सादा र धुप लिई सय पचास रुपैयाँ भए तापनि लिइ शोकसन्तप्त परिवारको घरमा गएर सहानुभूति राख्ने ह्योल्मोहरुको परम्परा एवं संस्कार हो, आफ्नो संस्कार हालसम्म कायमै रहिआएको छ । ह्योल्मोहरु पाहुना सत्कार र धर्मगुरुहरुको सेवा गर्नु आफ्नो मूल कर्तव्य ठान्दछन् (लामा, २०५७:१) ।

अरुको उपकार गर्नु पुण्य हो र दु:ख दिनु पाप हो भन्ने सिद्धान्तलाई यिनीहरुले आफ्नो मार्गनिर्देशक सिद्धान्तको रुपमा लिएका छन् । आफ्नो स्वार्थ पूर्ति गर्न अरुको खुट्टा तान्नैपर्ने जुन खराब प्रवृत्ति आज हावी भएको छ, त्यसको गन्ध यी ह्योल्मो जातिमा पाइन्न अर्थात् अरुलाई धोका दिनु पाप सम्झन्छन् । अरुमाथिको दृष्टिकोणमा कुनै प्रकारको गिद्दे दृष्टि नपाइने, छुवाछूत अर्थात् होचो अर्घेलो भन्ने कुरामा कुनै भेद नराख्नु तथा सारा मानिसहरुलाई एकै ठानी समाज तथा छरछिमेकमा मिलेर बस्नु यिनीहरुको स्वभाव रहिआएको छ । साथै अरुलाई मद्दत गर्नमा जस्तोसुकै मूल्य चुकाउन पनि यिनीहरु तयार हुन्छन् । कुनै पनि समाजमा बस्ने सामाजिक प्राणी भइसकेपछि सबैसँग समान दृष्टिकोण राखी एकआपसमा सद्भाव राखेर सहयोग आदानप्रदान गर्दै बाँच्नुपर्ने मान्यताका धनी ह्योल्मो जातिहरुको जीवन सामान्य एवं सरल रुपमा चलेको देखिन्छ । पारिवारिक संरचना हेर्ने हो भने यिनीहरु संयुक्त परिवारभित्र बढीमात्रामा बसेको पाइन्छ । जहाँ हजुरबुबा, हजुरआमा, छोराबुहारी, नातिनातिनालगायत परिवारका सदस्यहरु संयुक्तरुपले बसेको पाइन्छ (स्थलगत भ्रमण, २०६८) ।

### ६.१.२. घरको बनावट

कतिपय जातजातिहरु यस्ता छन्, जसलाई घरको बनावटका आधारमासमेत छुट्याउन सकिन्छ । जस्तो गुरुङ जातिमा हेर्‍यौं भने कुनैकुनै पुराना गाउँहरुमा गुचुमुच्च हुने गरी दुईतीन सयसम्म घरहरु बनेका हुन्छन् । सिक्लेस भन्ने एउटा सातसय घर भएको प्रसिद्ध गुरुङ गाउँ कास्की जिल्लामा पर्दछ (विष्ट, २०५५: ६५,६६) । यस प्रकारको अवस्थामा ह्योल्मो जातिमा नभए पनि घर बनाउने आफ्नै प्रकारको छुट्टै विशेषता

भने अवश्य छ । यिनीहरु सबैको घरको बनावट प्राय: एकै प्रकारको हुन्छ जुन लाप्चा जातिसँग मिल्दोजुल्दो हुन्छ । 'लाप्चा जातिको घरमा माथिल्लो तलामा मान्छे बस्ने र तलामुनि घरायसी सामानहरु राख्ने र गाईवस्तु बाँध्ने गर्दछन्' खत्री, २०६२:२५) ।

यस्तै प्रकारले ह्योल्मो जातिको घरको पनि तलामुनि खुल्ला हुन्छ र त्यहाँ विभिन्न सरसामान राख्नुको साथै गाईवस्तु बाँध्नेसमेत गरिन्छ । ग्रामीण वस्तीमा यस्तो चलन पाइन्छ भने आर्थिक सम्पन्नता र शहरी भेगमा बस्ने ह्योल्मो जातिका मानिसहरुले आधुनिक किसिमका घरहरु बनाउने गरेको पाइन्छ । ग्रामीण भेगका ह्योल्मोहरुको कमजोर आर्थिक अवस्थाका कारण सामान्य प्रकारले घर बनाए तापनि पाहुनाहरुलाई राख्नको लागि भने छुट्टै कोठाको व्यवस्था मिलाइएको हुन्छ । ढुंगाको गाह्रो लगाई बनाइएका घरहरुमा अवस्था हेरी जस्ता पाता या खरको छानो लगाइएको हुन्छ (पाण्डे : २०६४) । प्राय: जसो सबै ह्योल्मोहरुको घरमा छुट्टै कोठा (गोविन्दे) गाँसिएको हुन्छ । आफू बस्ने तथा साथीभाइ बस्ने अर्थात् पाहुनाको लागि छुट्टै कोठा बनाएको हुन्छ । त्यही छुट्टै कोठामै पाहुनालाई खानासमेत खुवाउने चलन रहेको छ, तर खाना पकाउने भने अर्को घर बनाइएको हुन्छ । (स्थलगत भ्रमण २०६८) घरमा एउटा छुट्टै कोठा पूजा गर्ने प्रयोजनको लागि बनाइएको हुन्छ । जसमा धार्मिक पुस्तकहरु, पूजा सामग्रीहरु सजाइएको हुन्छ । पूजा कोठा अगाडि पलङ राखिएको हुन्छ, जहाँ पाहुना तथा धर्मगुरुहरु राख्ने गरिन्छ । पलङमा गलैंचा तथा नयाँ कपडाहरुले सजाइन्छ, जसलाई ह्योल्मो भाषामा मल्डी भनिन्छ । मल्डी अगाडि काठको राम्रो बुट्टा कुँदिएको टेबुल राखिएको हुन्छ जसलाई च्योक्ची भनिन्छ । पाहुना सत्कार गर्दा मल्डी माथि राखेर चिया, नास्ता तथा खानपिन, च्योक्चीमाथि राखेर दिने गरिन्छ । कोठामा धार्मिक परम्पराअनुसार काठका बुट्टावाल दराज, भाँडाकुँडा धर्म गुरुका तस्वीरहरु सजाएर राखिएको हुन्छ । परम्परागत घरहरुका छाना काठको फलेकले छाएको हुन्छ तर समयको परिवर्तन तथा आर्थिक सम्पन्नताको कारण काठमाडौंमा रहेका ह्योल्मोहरुले काठ, बाँस तथा ढुंगाको सट्टा सिमेन्ट र रडको प्रयोग गरी आधुनिक किसिमका पक्की घरहरु बनाएका छन् ।

जसरी लाप्चा, तामाङ तथा शेर्पाले घरको अगाडि आँगनमा सेतो कपडामा विभिन्न अक्षर तथा चित्र कुँदिएको लुङदर (ध्वजा) राखिएको हुन्छ, त्यो परम्परा ह्योल्मोहरुकहाँ पनि पाइन्छ । ह्योल्मोहरु यसलाई शान्ति स्वस्ती तथा शुभको प्रतीक मान्दछन्, यो ध्वजामा अक्षर तथा चित्र कोर्ने काठको सहायता लिइएको हुन्छ । यो लुङदर घरमा गाड्नाले शान्ति छ र दशाग्रह केही छैन भन्ने कुराको अनुभूति हुन्छ । लुङ्दरको

फरफराहटले आफ्ना घरमा कुनै प्रकारको अशुभ छैन भन्ने कुराको संकेत गर्दछ । ल्होसारको समयमा लामोको उपस्थितिमा लुङदर राख्ने गरिन्छ । आफ्नो मनोकांक्षा पूरा होस् भनी लुङदरको फेदमा ( गाड्नुभन्दा अघि) चामल, गहुँ, जौं, साथै भेटी पनि राखिन्छ । आधुनिकताको क्रमसँग काठमाडौंका ह्योल्मोहरुले भने घरमाथि ५ रंग (निलो, रातो, हरियो, पहेंलो, कालो)को झण्डा राख्ने गरेको पाइयो ।

### ६.१.३. शारीरिक बनोट

विभिन्न जातजातिका मानिसहरुलाई चिन्ने आधार मानिसले नबनाई प्रकृतिले नै दिएको हो । यसको मतलब प्रकृतिले नै मानिसलाई छुट्टै प्रकारको विशेषता दिएको हुन्छ । त्यसैले झट्ट हेर्दैमा मानिस यस जातको भनी छुट्याउन नसके तापनि यस समूहको भनी सहजै अनुमान लगाउन सकिन्छ । मंगोल मूलका मानिस रातापिरा, मोटाघाटा, होंचा कद तथा थेप्चो नाक भएका तथा नाक केही लामो भएका हुन्छन् । त्यस्तै अन्य विभिन्न वर्गका मानिसहरुलाई चिन्ने आधारहरु हुन्छन् । यो सबै प्रकृतिको देन मानिन्छ । यसै क्रममा ह्योल्मो जातिका मानिसहरुलाई चिन्नको लागि उनीहरुको शारीरिक बनावट आफ्नै प्रकारको हुन्छ ।

झट्ट हेर्दा तामाङ, शेर्पा र भोटे जस्तै देखिने मंगोल मूलका ह्योल्मोहरु गोलो अनुहार, उठेको निधार, साना आँखा, अलिअलि चुच्चो नाक, गोरो अनुहार तथा चुस्स दाह्री भएका हुन्छन् । ह्योल्मो पुरुषहरु अन्य मंगोल मूलका जातिभन्दा केही अग्ला तथा केही पातला कदका हुन्छन् भने महिलाहरु पनि गोरा पातला कदका एवं अग्ला तथा मिलनसार प्रवृत्तिका हुन्छन् ।

### ६१.४. भेषभुषा र गरगहना

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिको जसरी धर्म संस्कृतिमा विविधता छ, त्यस्तै गरी प्रत्येक जातिको भेषभुषा र गरगहनामा पनि एकरुपता नहुन पनि स्वभाविक मानिन्छ । कुनै पनि जातिको जातीय पहिचान झल्काउनमा उसको भेषभुषा तथा गरगहनाले पनि विशेष भूमिका खेलेको हुन्छ जसको माध्यमले सम्बन्धित जातिलाई चिन्न सकिन्छ ।

जसरी नेपाली दौरा सुरुवाल तथा कालोटोपीले परापूर्वकालदेखि नै आजसम्म विश्वभर नेपालीको पहिचान दिइरहेको छ, त्यस्तैगरी कुनै जातिको भेषभुषा तथा गरगहनाले त्यो जातिको मात्र नभई सिंगो राष्ट्रकै पहिचान दिइरहेको हुन्छ ।

नेपालका विभिन्न जातिहरुका आआफ्नै भेषभुषाहरु, गरगहनाहरु छन् । जसलाई परम्परादेखि उनीहरुले लगाउँदै आइरहेका छन् । यस्तैगरी ह्योल्मो जातिका पनि आफ्नै भेषभुषा र गरगहनाहरु छन् जुन भौगोलिक वातावरण (विशेष समारोह आदिमा लगाइन्छ) मा सामान्य अवस्थामा लगाउने भेषभुषा तथा गरगहनाहरुसमेत रहेका छन् ।

ह्योल्मो जातिका परम्परागत पोशाकमा पुरुषहरुले छ्यूवा (बख्खु) र महिलाहरुले त्यसमाथि (शरीरको माथिल्लो भागमा) ख्यान्जा लगाउँछन् भने शरीरको भित्र लगाउने अर्को लुगा हुन्ख्यान्जा लगाउँछन् भने शरीरको भित्र लगाउने अर्को लुगा हुन्छ जसलाई तोङ भनिन्छ । छ्यूवा (बख्खु) बाक्लो गोजेन अथवा कपडाले तयार पारिएको हुन्छ । घाँटीदेखि कम्मरसम्म सेतो नरम गोजेनबाट तयार पारिएको पोशाकलाई खेन्जेर भनिन्छ । जुन छ्यूवाभित्र लगाइन्छ । पुरुषहरुले पैतालादेखि घुँडासम्म लगाउने छालाको जुत्तालाई स्होम्बा भनिन्छ, स्होम्बामा रहेको गोडामा बाँध्ने धागोलाई ल्हम्जुङ स्हित्था भनिन्छ । त्यस्तै ह्योल्मो पुरुषहरुले लगाउने कपडा र छालाको टोपीलाई उस्या भन्ने गरिन्छ ।

ह्योल्मो जातिका पुरुषहरुले लगाउने गहनामध्ये ‘ज्यूरु जी’ हो । जुन गलामा लगाइने बहुमल्य गहना हो । ज्यूरु गोलो आकारको हुन्छ भने जी लाम्चो आकारको हुन्छ । त्यस्तै गलामा लगाइने एकसय आठ वटा दाना भएको मालालाई ढेडा भनिन्छ । जसलाई धार्मिक दृष्टिकोणबाट पनि महत्वपूर्ण मानिन्छ । राणा शासनकालको करिब मध्य भागतिरदेखि ह्योल्मो जातिले दौरासुरुवाल र बख्खु (फङ्स्यो लेङ्गा) लगाई कम्मरमा खुकुरी भिर्ने चलन पनि चल्दै आएको पाइन्छ (लामा, २०५७) ।

वर्तमान परिवर्तित समयलाई हेर्ने हो भने सम्पूर्ण ह्योल्मोहरुले आधुनिक युग सुहाउँदो पहिरन लगाउन थालेका छन् । पुरुषहरुले दौरा सुरुवाल तथा कोट पेन्ट लगाउँछन् । आफ्नो पोषाक छ्यूवा नै हो भन्ने कुरामा एकमत देखिए तापनि आजकल थोरै मात्र ह्योल्मो पुरुषहरुले छ्युवा लगाएको पाइन्छ (स्थलगत भ्रमण, २०६८) ।

यता ह्योल्मो महिलाहरुले परम्परागत भेषभुषा तथा गरगहनालाई हेर्ने हो भने पनि बख्खु नै लगाउँछन् भने त्यस माथिबाट चाहिं चोलोको रुपमा होन्ज्यू लगाउँछन् । नरम सेतो गोजेनबाट तयार पारिएको घाँटीदेखि कम्मरसम्मको छ्यूवाभित्र ह्योल्मो महिलाहरु होन्ज्यू लगाउँछन् । पहिरनमा छ्यूवाको महत्वपूर्ण भूमिका हुन्छ । जुन गोजेनबाट तयार पारिएको हुन्छ र यो छ्यूवा घाँटीदेखि बाहिर बुरे सुरकु लगाइन्छ साथै यसको बाहिरी र भित्री कपडा फरकफरक हुन्छ । बाहिरी रङ्ग सेतो र भित्री रंग रातो वा गुलाबी हुन्छ ( लामा, २०५७, ३४) ।

ह्योल्मो महिलाले लगाउने अर्को पोषाक पाङदेन हो जुन दरीजस्तो बाक्लो र धर्के हुन्छ । यो पाङदेन विवाहिताको सूचक हो अर्थात् विवाहित महिलाले मात्र अगाडिपट्टि लगाउने गर्दछन् । त्यस्तै महिलाहरुले कम्मरको पछाडिबाट घुँडा र गोडाको बीचसम्म छ्यूवा माथि स्याहमा लगाउँछन् । यो उनी धागोले तयार पारी इन्द्रेणी रंग मिसाइएको हुन्छ । छ्यूवा स्याहमा बाँध्ने काम काराले गरिन्छ जसलाई चलनचल्तीको भाषामा पटुका भनिन्छ । महिलाहरुले पैतालादेखि घुँडासम्म लगाउने छाला या कपडाको जुत्तालाई पनि स्यहोम्बा नै भनिन्छ तर महिलाले लगाउनेमा चाहिं फूलको बुट्टा सजिएको हुन्छ (पाण्डे, २०६४) ।

ह्योल्मो जातिका महिलाहरुले लगाउने गरगहनाहरुमध्ये कानमा बुट्टिल (बेन्डील) लगाउँछन् जुन सुनको हुन्छ जसमा इँयू र राम्रो बुट्टा सजिएको हुन्छ । इँयू जयूरु मुगा जी र गहुँ सेर्स्यासँगै उनेर घाँटीमा तिलहरी लगाएझैं लगाउने गरिन्छ । हातमा नारीहरुले लगाउने बालालाई सिंगी दिउ भनिन्छ । योचाहिं सुनबाट बनेको हुन्छ तर गोलाकार र जोडिएको भने हुँदैन । यसमा सिंहको मुखको बुट्टा बनाइने भएको हुँदा सिङीदिउ भनिएको हो ।

ह्योल्मो महिलाहरुले पनि बख्खुको सट्टा चौबन्दी चोलो लगाउन थालेको पनि देखिन्छ भने स्होम्बा (छाला या कपडाबाट बनेको जुत्ता) भने लगाउँदै आएका छन् । तर पनि समष्टिगत रुपमा भन्नुपर्दा समयको परिवर्तन, आधुनिकताको प्रभाव आदि कारणले परम्परागत जातीय पहिचान लगभग छोड्दै युग परिवेश सुहाउँदो पहिरन ह्योल्मोहरु आकर्षित हुँदै आएको पाइन्छ ।

६.१.५. खानपिन र भाँडावर्तन

कुनै पनि जातिका क्रियाकलापमा देशकाल र परिस्थितिले प्रभाव पार्दै स्वत: परिवर्तन हुन्छन् भन्ने कुरा सर्वमान्य मान्यता हो । यो किसिमको प्रभावले ह्योल्मो जातिको खानपिनमा परिवर्तन ल्याएको छ । तत्कालीन ह्योल्मो क्षेत्रमा परम्परागत ढिंडो थियो भने ह्योल्मोहरुको आजभोलिको खाना दाल भात र तरकारी भएको छ । यसका अलावा ह्योल्मोहरुको अन्य खानाहरुमा हृल्दो, सोन्दार, थुक्पा, आलु श्योक्पा, बाबर, ङे ज्याम, हे थोङ्गसेलगायतका खाद्य परिकारहरु हुन् भने पेय पदार्थहरुमा छ ज्या (नूनको चिया) अत्यन्तै लोकप्रिय पेय पदार्थ हो । यसबाहेक जाँड, रक्सी, तोङबा आदि पेय पदार्थ पनि ह्योल्मोहरुले सेवन गर्दछन् । मासुको सम्बन्धमा चाहिं यो हेलम्बुमा अझै पनि बर्जित छ तर इलामका ह्योल्मोहरु कुलदेवता पूजाआजाबाहेक मासु अनिवार्य खाने गर्दछन् । वास्तवमा ह्योल्मोको खानपिन (मासुबाहेक) अन्य पदार्थहरु खाने चलन प्राय: सबैतिर समान नै पाइन्छ ।

उल्लेखित खाद्य पदार्थ तथा पेयपदार्थहरुमध्ये पनि ह्योल्मो जातिले औंधी मन पराउने लोकप्रिय खाद्यपदार्थ हृल्दो तथा पेय पदार्थ छज्या (नून चिया) हो । यी खानपिनका परिचय तथा बनाउने विधिबारे संक्षेपमा चर्चा गर्ने प्रयास यहाँ भएको छ ।

हृल्दो : यो खाद्यपदार्थ बनाउन बढी मेहनत गर्नुपर्ने भएकाले अतिथि सत्कार तथा विशेष सुअवसरमा मात्र ह्योल्मोहरुले हृल्दो बनाउने गर्दछन् । हृल्दो खाद्यपदार्थ बनाउनका लागि आलु, श्योशा, टिम्बुर, लसुन, मेथी, प्याज वा छ्यावी, तेल, नून, खुर्सानी, बेसार आवश्यक पर्छ । यस क्रममा सर्वप्रथम आलुलाई उसिनेपछि बोक्रा निकाली ओखल या भाडामा राखेर कुट्ने गरिन्छ । यसपछि तेल र मेथी तताई त्यसमा प्याज, छ्यावी र श्योसा भुटिन्छ । यसपछि आवश्यक मात्रामा पानी हाली बेसार, टिम्बुर, नून, खुर्सानी आदि लगाई केहीबेर श्योसाको झोल उमालिन्छ । यसपछि पहिले कुटेको आलु ससाना डल्ला बनाई हालिन्छ र २/३ मिनेट पकाएपछि यो परिकार खानाको लागि तयार हुन्छ (स्थलगत भ्रमण, २०६८) ।

छज्या (नून चिया) : छज्या ह्योल्मोहरुको लागि नभई नहुने लोकप्रिय पेय पदार्थ हो यसका लागि विशेष किसिमको चियापत्तीको आवश्यकता पर्दछ । घरमा पाहुना आउँदा सर्वप्रथम पाहुनालाई सत्कार गर्ने पेयपदार्थ छज्या बनाउनका लागि भाचुङ, चियापत्ती, नौनी घीउ, दूध, नून आवश्यक पर्दछ । सायद गुलियो

स्वाद नआउने भएकाले हुन सक्छ, यो नून चिया कहिल्यै नपिएकोले सुरुमा पिउँदा केही अनौठो स्वाद आउँछ (शोधार्थीको अनुभव) ।

यो चिया बनाउनका लागि आवश्यकता अनुसारले भार्चुङ (एक किसिमको वनस्पति)लाई चिया पकाउने डिक्चीमा पानीको साथ हाल्नुपर्दछ र उमाल्नुपर्दछ । केहीबेर उमाली सकेपछि चियाको रंग ठीक छ छैन हेरेपछि दोङमोमा नौनी घीउ, नून र भएमा दूध हाली त्यसमा तातो तातो चिया हाल्नुपर्दछ र दोङमामा पार्नुपर्दछ । दोङमा बाँसको लामो भाँडो हुन्छ जसमा केहीबेर घोलेपछि छज्या तयार हुन्छ ।

ह्योल्मो जातिको खानपिनको चर्चापछि उनीहरुले प्रयोग गर्ने भाँडावर्तनहरु के कस्ता छन् भन्ने चर्चा अब गरिन्छ । ह्योल्मो जातिले माटो, तामा, काठ र अन्य धातुका भाँडाकुँडाहरुको प्रयोग गरेको देखिन्छ । यी सामग्रीबाट निर्भित भाँडावर्तनहरु दैनिक उपयोगको लागि मात्र नभई सजावटका लागि पनि खरिद गर्ने गर्दछन् । खाना पकाउने भाँडाहरु, चिया पकाउने तामाका हुन्छन् जसलाई दिक भनिन्छ । भात पकाउने माटोको पनि भाँडो हुन्छ जसलाई जामा भनिन्छ । त्यसमा चामलको भात मात्रै पकाउने गरिन्छ । तिब्बतबाट झिकाइने उक्त भाँडोमा पकाइएको खाना अत्यन्तै स्वादिलो हुन्छ । यसैगरी ह्योल्मो जातिले नूनको चिया हाल्ने भाँडो छुट्टै प्रयोग गर्दछन् । जसलाई तिब्री भनिन्छ । तिब्बतको केरुङबाटै झिकाइने उक्त भाँडो पनि माटोकै हुन्छ । ह्योल्मोहरुले चिया खानको लागि भने काठको कपलाई चाँदीले मोरेर बनाएको भाँडो प्रयोग गर्दछन् । जसलाई पुरु वा फर्की भनिन्छ । त्यस्तै सातु (पिठो) हाल्नको लागि काठको भाँडो बनाइएको हुन्छ जसलाई सेवुर भनिन्छ । ढिंडो पकाउने चाहिं तामाको भाँडो हुन्छ त्यसलाई झ्याँगा (लाङ) भनिन्छ । यो भाँडोभित्र काठको दाबिलो पन्युको रुपमा प्रयोग गरी ढिंडो पकाउने चलन छ । ह्योल्मो जाति पानी राख्नको लागि ठूलो तामाको भाँडा राख्छन् जसलाई छ्यू ज्याङ भनिन्छ । ह्योल्मोहरुका घरहरुमा रहेका उल्लेखित भाँडाहरुका अलाबा अन्य सामान्य प्रकारका भाँडाकुँडाहरु, गाग्रीहरु, ग्लास, थाल तथा खाना पकाउने तीनखुट्टे ओदान हुन्छ जुन फलामबाट बनाइन्छ । यसका अलावा समयको परिवर्तनसँगै हाल स्टिल र प्लाष्टिकका भाँडाकुँडाहरु पनि चलाउन थालिसकेका छन् । घरहरुमा यी भाँडा वर्तनहरु सफासँग अत्यन्तै आकर्षक ढंगले सजाएर राखिएको हुन्छ । काठको आलमारी बनाइ राखिएका भाँडावर्तनहरु आवश्यकता भन्दा अर्थात् घर परिवारका समस्याहरुलाई चाहिने भन्दा धेरै बढी देखिन्छन् । यसले गर्दा पाहुनाहरुलाई खाना खुवाउनसमेत समस्या पर्दैन ।

६.१.६. भाषा र लिपि

नेपाल अनेकतामा एकता भएको देश हो, जुन कुरा माथि नै उल्ले गरिसकिएको छ । नेपालमा विभिन्न जाति, जनजाति, भाषा, संस्कृति, रीतिरिवाज एवं चालचलनले नै यसप्रकारको विविधता ल्याउने काम गरेको छ । यी हरेक प्रकारका विविधता हुँदाहुँदै पनि एकताको वातावरण कायम हुन सक्नु नेपालको विशेषता नै भएको छ । भाषा तथा लिपि कुनै पनि जाति जनजातिको अमूल्य गहना एवं जातीय पहिचानको माध्यम हो । नेपालमा राष्ट्रिय भाषाको रुपमा नेपाली भाषा (खस भाषा)ले मान्यता पाएको छ । तथापि विभिन्न जातिहरुका आआफ्नै भाषाहरु छन् जसलाई सम्बन्धित जातिहरुले बोलचाल र लेखाइको रुपमा प्रयोग गर्दै आइरहेका छन् ।

नेपालमा बोलिने सबैजसो भाषाहरु भारोपेली खलकको भाषा परिवारका भाषाहरु पर्दछन् । ह्योल्मो जाति तिब्बती मूलका नेपालपुत्र भएकोले यिनीहरुको पनि भाषा आफ्नै प्रकारको छ । जुन भाषा नेपालका अन्य कुनै जातिको भाषासँग मिल्दैन । तर स्थानीय कामी, मगर, बाहुनहरुले ह्योल्मो भाषा प्रयोग गर्दछन् ।

नेपाली भाषामा बोलिने केही शब्दहरुलाई ह्योल्मो भाषामा प्रयोग गरिएको तलको वाक्य हेर्न सकिन्छ ।

नेपाली भाषा : अनि पछि ती वन झाँक्रीनीहरु लुप्त हुँदै लेकमा गए भन्ने कुरा छ, माथि ह्योल्मो तिर त ।

ह्योल्मो भाषामा : (माथिको वाक्यलाई) ओहले तिङले ओह ङ्याल्मु या तोर्ते लाहला काहल्सीन माएँ केच्या येह्वा, याहर योल्मुलानी ।

अंग्रेजीमा : Up in Helembu they say that later those gaint women gradually disappeareal and went into the high mountains (हारी सन् २००४:५८) ।

यसरी आफ्नो भाषा केही बूढापाकाले मात्र बोल्ने गरेकाले ह्योल्मो जातिको भाषा लोप भएर नजाला भन्न सकिन्न । जातीय पहिचानको गहना नै मानिने भाषाजस्तो विषयलाई सन्ततिले अवश्य रक्षा गर्नुपर्दछ । यस्तो विषयमा सम्बन्धित जातिका मानिसहरु जागरुक भई भाषा संरक्षणमा लाग्नुपर्ने देखिन्छ ।

जसरी अन्य जातिहरुको पनि आआफ्नै लिपि भएझैं ह्योल्मो जातिको पनि छुट्टै लिपि छ जुन तिब्बती 'सम्बोदा' लिपि हो, जसलाई आफ्नै लिपि भएको कुरा सहजै स्वीकार गर्दछन् डी बी ह्योल्मो, (अन्तर्वार्ता) यिनीहरुको आफ्नै छुट्टै भाषा भए पनि लिपि चाहिं तिब्बती नै हो । आफ्नो पैतृक थलो ह्योल्मो (हेलम्बु)

इलामबाट निकै टाढा भएको अनि सरसम्पर्क पनि नगन्य भएबाट आफ्नो लिपिमा लेखिएका ग्रन्थको अध्ययन गर्ने मानिस निकै कम छन् ।

६.१.७. शैक्षिक अवस्था

कुनै पनि गाउँ समाज वा राष्ट्र कति विकसित अवस्थामा छ भन्ने कुराको निरुपण त्यहाँको शैक्षिक अवस्थाले गर्दछ । शिक्षा भएको खण्डमा मात्र हरेक व्यक्ति हरेक कुराप्रति सचेत बन्दछन् । नत्र भने आफ्नो अधिकार कर्तव्य र दायित्वबाट बञ्चित बन्दछन् । आजको २१औं शताब्दीमा शिक्षाको प्रकाश देशको कुनाकुनामा पुगेको भए तापनि ती हरेक कुनामा यसले जस्तो प्रभाव पार्नुपर्ने हा त्यस्तो पार्न सकेको छैन ।

शिक्षा लिन पाउनु अधिकार हो र यो अनिवार्य पनि हो भन्ने थाह हुँदाहुँदै पनि शिक्षाकै अभावको कारण यसलाई ग्रहण गर्ने अत्यन्तै पछाडि परेको जाति हो, ह्योल्मो । शिक्षामा पछाडि परेकै कारण जनचेतनाको अभावले गर्दा आफ्नो जातिले जनगणनामासमेत आफ्नो सही तथ्यांक देखाउन नसकेको अवस्था ह्योल्मोहरुमा भएको आधारमा पनि यिनीहरु शिक्षामा निकै पछाडि परेको प्रष्ट हुन्छ । परिवर्तित समयको गतिसँगै आफूलाई अगाडि बढाउनको लागि शिक्षा अपरिहार्य छ तर पनि यसको अभावको कारण क्यूल गाविसका ह्योल्मोहरुले आफूलाई अझै पनि परिवर्तन गर्न सकेका छैनन् ।

वास्तवमा पहिले पहिले आधुनिक किसिमको जस्तो शिक्षा पद्धति थिएन तसर्थ त्यो बेलाका मानिसहरुले शिक्षा ग्रहण गर्न नसकेका हुन् । शिक्षा यस्तो हो, पढ्न, पढाउनुपर्छ भन्ने चेतना नआएकाले मानिसहरुले पढ्न पाउने अवसर गुमाएका हुन् । तत्कालीन समयमा शिक्षा भनेको के हो ? थाह नै भएन, एक त खान लाउनको समस्याले गर्दा दिभर काम गर्नुपर्दथ्यो, मेलापात, वस्तु चराउन जंगल जाँदा जाँदै पढ्ने भन्ने त कुरै हरायो (लामा दाबा, अन्तर्वार्ता, २०६८) ।

तर बदलिंदो परिस्थितिसँग आज आएर क्रमश: शिक्षाको बढ्दो प्रभाव केही मात्रामा ह्योल्मो जातिमा पर्न थालेको देखिन्छ । यसमो मतलब आफूहरु शिक्षित नभए तापनि अब छोराछोरीलाई नपठाएसम्म समयअनुसार कसैसँग पनि र कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा हुन नसक्ने भएको कारण शिक्षामा जोड दिनुपर्ने मान्यता विकास नभएको पाइन्छ । सुरुसुरुको जमानामा आफूहरुले शिक्षा हासिल नगरेकोले आज पछाडि

परेको अनुभव सुनाउँदै भावी सन्ततिलाई शिक्षा दिनु अनिवार्य भएको सम्बन्धित जातिका बूढापाका सुनाउँछन् ।

आफ्नो परिवार शिक्षित बनाउनको लागि परिवारको मूली शिक्षित हुनु अनिवार्य हुन्छ किनकि परिवारको मूलीको क्षमताअनुरुप नै परिवारका सदस्यहरु अगाडि बढेको देखिन्छ । सिन्धुपाल्चोकको परिप्रेक्ष्यमा ह्योल्मोहरुमा यसको अभावै देखिए तापनि आजभोलि भने सबैले आफ्ना बालबच्चा स्कुल पठाउने गरेको देखिन्छ । यति भइसकेर पनि बच्चाको पढाई कस्तो छ, स्कुल गएर पढ्दैछ वा नगएर बाटैबाट दिनभरि खेलेर फर्कन्छ जस्ता कुरामा ध्यान दिने फुर्सदै घरमूलीलाई हुँदैन । एक त मूली आफै नै अशिक्षित भएको कारण बच्चाहरुको स्कुलको सम्बन्धमा के के रेखदेख गर्ने भन्ने थाह हुँदैन भने अर्कोतिर आफ्नो विहान, बेलुकी हातमुख जोर्ने समस्या समाधान गर्ने तर्फ समय व्यतित भएको हुन्छ । त्यसैले कुशल निर्देशनको अभावमा बच्चाले आवश्यक प्रगति गर्न सकिरहेको छैन ।

### ६.१.८. पेशा

गाउँ नै गाउँले भरिएको देश नेपालका जनताको कृषि पेशा मेरुदण्डको रुपमा रहेको छ । नेपालमा बसोबास गर्ने अधिकांश जातजातिहरुको मुख्य पेशा नै कृषि हो । ह्योल्मो जातिको पनि मुख्य पेशा कृषि नै हो ।

कृषिका साथै ह्योल्मोहरुले अपनाउँदै आएको पेशा पशुपालन हो । खेतीपछिको देशकै अर्थतन्त्रको अर्को भरपर्दो स्रोत पशुपालन पनि भएकोले ह्योल्मोहरु पनि यसप्रति आकर्षित हुँदै आएका छन् । पशुपालनको अभावमा कृषि पेशा पनि असफल रहन्छ । यसर्थ अधिकांश ह्योल्मोहरु कृषिमा आश्रित भएको कारण खेतीको लागि आवश्यक पर्ने मल उत्पादनका लागि पनि पशुपालन अनिवार्य बनेको छ । खेती गर्ने मानिसले पशुपालन गर्नु विशेषता जस्तो देखिए तापनि यो विशेषता नभएर बाध्यताका रुपमा आएको छ । सिन्धुपाल्चोकमा दूध उत्पादन गरेर बेची धेरै मानिसले फाइदा लिएझैं ह्योल्मोहरुले पनि दूध बेचेर घरायसी समस्या टारेका छन् । यसका लागि उन्नत जातका गाईहरु पालेका छन् । त्यस्तै हाँस, कुखुरा र खसी बाखा तथा सुँगुर पालेर पनि प्रशस्त फाइदा लिएका छन् । ह्योल्मोहरुले चिज उत्पादन तथा सुँगुर पालेर पनि प्रशस्त फाइदा लिएका छन् । ह्योल्मोहरुले चिज उत्पादन तथा छुर्पी बनाउनका लागि स्थानीय

डेरीमा दूध बेच्ने गरेका छन् । प्रत्येक घरबाट कम्तीमा १ लिटरदेखि ५० लिटरसम्म दूध बेच्ने गरेका छन् । जसको मूल्य प्रतिलिटर २५ रुपैयाँदेखि ३० रुपैयाँसम्म लिने गरेका छन् ।

कृषि र पशुपालन पछि ह्योल्मोको अर्को पेशा व्यापार हो । आजको प्रतिस्पर्धात्मक युगलाई हेर्दा कुनै पनि देशको अर्थतन्त्रमा व्यापारले ठूलो महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि गाउँ समाज तथा परिवारमा समेत अर्थतन्त्रले ठूलो असर पारेको हुन्छ । ह्योल्मोहरु अत्यन्तै सोझा र सरल प्रवृत्तिका भएका कारण कसैसँग र कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न नचाहे पनि आजभोलि केही मात्रामा देखासिकी गर्न थालेका छन् (लुईंटेल २०५५ : ८१) ।

यद्यपि हालसम्म पनि ह्योल्मोहरुले व्यापारिक क्षेत्रमा त्यति हात फैलाउन सकेका छैनन् । कुल १२२६ जनसंख्या भएको ह्योल्मोहरुमध्ये किउलका करिब ४०-५० जनामात्र व्यापारमा संलग्न छन् । यो संख्या यिनीहरुको जनसंख्याको अनुपातमा निकै न्यून देखिन्छ । यी व्यापारीहरु आसपासका क्षेत्रमा जसले आफ्नो घरमा उत्पादित र अन्य प्रचलित नगदेबालीहरु बेचविखन गर्छन् । साथै नगदेबाली र आफ्ना उत्पादित सामानहरुका अलाबा काठमाडौं, ललितपुरलगायतका ठाउँबाट सामानहरु आयात गरी विक्री वितरण गर्दछन् । आफ्ना घरमा उत्पादित नगदेबालीहरु स्थानीय हाटबजारका अलावा काठमाडौंसम्म लगेर बेचविखन गर्ने गर्दछन् ।

उल्लेखित पेशाहरु कृषि, पशुपालन, व्यापारीबाहेक ह्योल्मोहरु अन्य पेशाहरुतर्फ त्यति सक्रिय छैनन् । नोकरीको हकमा हेर्ने हो भने वैदेशिक रोजगारीमा नगण्यमात्रामा सरिक भएको पाइन्छ भने अन्य पेशाहरु शिक्षण, प्रहरी, चालकलगायतका सेवामा ६०-७० जनाभन्दा बढी ह्योल्मोहरुको सहभागिता छैन । यो संख्यामध्ये पनि शिक्षण पेशामा लाग्नेको संख्या बढी छ । यसबाट हेर्दा समग्रमा ह्योल्मोहरुको जिविकोपार्जन र दैनिक दिनचर्याको माध्यम कृषि, पशुपालन नै प्रमुख छ जुन उनीहरुको मुख्य पेशा नै हो ।

### ६.१.९. हातहतियार

कुनै पनि राष्ट्रले आफ्नो राष्ट्रिय सुरक्षालगायत विभिन्न प्रयोजले विभिन्न हातहतियार राखेको हुन्छ । यस्तैगरी कुनै पनि जाति, समाज, व्यक्तिको संकलनमा पनि परम्परागत हातहतियारहरु हुन्छन् । तिनीहरु

दैनिक प्रयोगदेखि लिएर संगलन गर्ने गरी सजावट गर्ने शौखसम्मका ध्येय राखी संकलन गरिन्छ । यस्ता उद्देश्यबाट केन्द्रित रही ह्योल्मो जातिले संकलन गरेका हातहतियार छैनन् तर उनीहरुले दैनिक प्रयोग गर्ने सामान्य हातहतियार छन् । ह्योल्मोहरु बढी कृषि र पशुपालनसँग आबद्ध भएकोले विभिन्न प्रयोजनका लागि कुदा (हसिया), ग्आप्टी (खुकुरी), कर्दा, चक्कु, खुर्पालगायतका हातहतियारहरु प्रयोग गर्दछन् । त्यस्तै खेती गर्नका लागि खन्ने औजारहरु, कोदालो, कुटो, खुर्पी, झम्पल, गैटी, बेल्चा आदि प्रयो गर्दछन् । त्यसबाहेक ह्योल्मोहरुले अन्य ठूला प्रकारका हातहतियारहरु राखेका छैनन् (स्थलगत भ्रमण, २०६८) ।

### ६.१.१०. प्रचलित थरहरु

नेपालमा विभिन्न धर्म, भाषा, संस्कृति, संस्कार, भेषभुषा, रहनसहन आदि भएका जनजातिहरु बसोबास गर्दछन् । तीमध्ये एक छुट्टै धर्म, भाषा, भेषभुषा, संस्कार, रहनसहन आदि भएको जाति ह्योल्मो पनि हो भन्ने चर्चा विभिन्न शिर्षकमा गरिसकिएको छ । विभिन्न जातिभित्र पनि विभिन्न थरहरु पर्दछन्, नेपाली समाजभित्र अनेक जनसमूह, थरहरु भएका जातिहरुको बसोबासलाई स्वभाविक मान्न सकिन्छ । यस्तै विभिन्न थरहरु भएको जाति ह्योल्मो पनि हो । यिनीहरुको विभिन्न १३ थरहरु छन्, जुन यसप्रकार छन् :

१. देवा ङ्येतोङ (सरमा लामा)

२. ङाग छयाङ श्याक्या साङपो ढुङगी (ङियङमा लामा)

३. ल्हलुङ पाल

४. तेर्न्ये लिङ्पा

५. न्याङ न्यिमा होसेर

६. लामा दोमारे

७. स्याङपा

८. ज्यापा

९. दोङपा

१०. येपा

११. ल्होचा

१२. च्योपा (च्युच्याङ)

१३. ढोङसुवा

### ६.२. सांस्कृतिक पक्ष

नेपाल विभिन्न जाति, भाषा, संस्कृति, परम्परा र रीतिरिवाजद्वारा सिंगारिएको देश हो । समग्र देशको यो अवस्था देशका जुनसुकै कुनामा पनि देख्नु एक विशेषता नै मान्नुपर्दछ । यस्तो विविधता भएको जिल्लामध्ये सिन्धुपाल्चोक पनि एक भएको कुरा माथि नै भनिसकिएको छ । यस देशको हिमाली भेगमा मंगोल मूलका मानिस त्यसमा पनि शेर्पा, तामाङ, भोटे, ह्योल्मोहरु बस्दछन् भने तराईमा अन्य विविध जातजातिका मानिस बसोबास गर्दछन् । कुनै पनि ठाउँको वातावरणमा त्यसको परिणाम स्वरुप नेपालको उत्तरी अर्थात् हिमाली भेगमा तिब्बती प्रभाव र दक्षिणमा भारतीय प्रभाव पर्नु स्वभाविक मानिन्छ । यस्ता हिमाली भेगमा बसोबास गर्नेमध्येको एउटा जाति ह्योल्मो पनि हो । अधिकांश हिमाली भेगका मानिस धार्मिक दृष्टिले बौद्धमार्गी हुन्छन् तर तराईमा भारतीय संस्कार र धर्मको प्रभाव प्रत्यक्षरुपमा देखिन्छ भने मध्य भागमा केही मात्रामा आफ्नै प्रकारको संस्कृति त केही यी दुवैतिरको समिश्रण पाइन्छ । विभिन्न जातिका जीवनचक्र यापनमा आआफ्नै संस्कार, सांस्कृतिक परम्परा तथा रीतिरिवाजहरु हुन्छन् । यिनीहरुलाई सबै जातजातिले आआफ्नै ढंगले मनाउँछन् जसले गर्दा उनीहरुको मौलिक पहिचान झल्किन्छ । यस्तै पहिचान ह्योल्मो जातिका विभिन्न संस्कार, सांस्कृतिक परम्पराभित्र पाइन्छ । जसलाई तल चर्चा गरिएको छ ।

६.२.१. जन्मसंस्कार

नेपालमा बसोबास गर्ने विभिन्न जनजातिका साझा संस्कारमध्येको एउटा संस्कार हो जन्मसंस्कार । तर हरेक जातिका क्रियाकलापमा फरक आएझैं जन्मसंस्कार गर्ने तरिका पनि फरक फरक रहेको पाइन्छ । कुनै पनि जातजातिबीच संस्कार मात्र फरक नभएर त्यसप्रतिको मान्यतामा पनि भिन्नता पाइन्छ । कतिपय जातिमा कुनै पनि महिलाको आमा बन्ने सम्भावना भइसकेपछि आमा हुने र बाबु हुनेले कुनै प्रकारको काटमार गर्नुहुन्न भन्ने कट्टर मान्यता रहेको पाइन्छ । यसमा पनि लाप्चा जातिमा भने विभिन्न संस्कार गर्ने प्रचलन रहेको पाइन्छ । जस्तो कि आमा बन्ने महिला तथा उसको लोग्नेले कुनै पर्खाल उठाउन थालेको छ भने उ एक्लैले सिध्याउँछ, होइन भने बच्चा राम्ररी पैदा हुनसक्दैन भन्ने मान्यता राख्छन् । बाबु हुनेले चाहिं खोलामा थापिएको पासोबाट माछा झिक्नुहुँदैन साथै पासो (टिप्पीको) माछासमेत खानु हुन्न । दुर्घटनामा परी मरेको पशुको मासु खानुहुँदैन । बाबु हनेवालाले आलो मासुतिर हेर्ने र मार्न पनि हुँदैन । यसैगरी यी दुवैले घोडाको लगाम नाघ्नुहुँदैन । कुनैप्रकारको पूजा नगर्नको साथै बाबु हुनेवालाले लास नबोक्ने र छुवाछूतसमेत नगर्ने गर्दछन् (खत्री, २०६२:४२) ।

तर यता ह्योल्मोहरुले भने यस्तो कुनै कुरा बारेको देखिंदैन । छुवाछूतलाई मान्यता नदिने यी ह्योल्मोहरु शिशुको जन्मलाई स्वभाविक प्रक्रिया ठान्दछन् ।

नवजात शिशुको जन्म भएको ३ देखि ११ दिनसम्म न्वारान गर्ने प्रथा जसरी विभिन्न जातिमा छ त्यसरी नै ह्योल्मोहरु पनि ३ देखि ७ दिनसम्ममा साङ (चोख्याउने) गर्दछन् । ह्योल्मोहरु अन्य जातिको प्रभावको कारण बार्ने गर्दछन् । यो साङ कति दिनमा गर्ने भन्ने कुरा व्यक्तिपिच्छे फरकफरक हुन्छ । कसैले ३ दिनमा त कसैले ५ र कसैले ७ दिनमा साङ गर्ने गरेका छन् । सुत्केरी र बच्चालाई नुवाइ धोइ गरेपछि लामाद्वारा यो काम गरिन्छ । यसमा आफन्त छिमेकी बोलाउने चलन छ । जसमा सुत्केरी हेर्न जाँदा छरछिमेकीले सगुन लगिदिने चलन पनि छ । बच्चा कुन मिति, घडी, बारमा जन्मेको हो सोही आधारमा मामाले नाम राखिन्छ । 'बच्चा दु:ख नहोस् भनी पाठ पूजा गर्ने र घाउ खटिरा नहोस् भनी लुलाई साङ गर्नुपर्छ । (केसी : २०५९ : २१) लु भनेको नाग हो र नागको बच्चाहरुलाई खटिरा आयो भने मान्छेको बच्चालाई पनि आउँछ । 'धर्मशास्त्रअनुसार नाङसानाङ्गे पुस्तक पनि पढाउन सके घाउ खटिरा दु:ख विरामी हुँदैन । पुस्तकअनुसार नागहरुसँग मेलमिलाप होस् भनेर सत्य वाचा गरिएको हुँद यो पाठ पूजा गरेमा घरमा स्वस्थ शान्ति हुन्छ भन्ने परम्परा छ' लामा २०५७ : ४७) ।

ह्योल्मो जातिमा सुतक चोख्याउने पुस्तक लामाले पढ्दछन् । अन्य जातिमा गहुँत खाएर चोखिएझैं यिनीहरु 'ठू' (ल्वाङ, मरिच, जाइफल, चिनी, घीउ आदि मिसाइएको पञ्चतत्व) खाएर चोखिने गर्दछन् । यो बनाएर पुम्बा (कलस) मा राखिन्छ । बच्चाको नाम लामाले बारको आधारमा राख्दछन् । यो प्रचलन शेर्पालगायतका अन्य जातिसँग मिल्दोजुल्दो छ । सुतक परेको घरमा आएका सम्पूर्ण घरगाउँले मानिसलाई हातमा ढू दिएर लामाले चोख्याउने गरिन्छ । साथै सुत्केरी आमालाई पनि उक्त दिन लोटाबाट तीनपटक खुवाई शरीरमा दलिन्छ (२०६८) ।

यस जातिको प्रमुख थलो ह्योल्मोमा भने सुतक बार्ने चलन छैन । शिशुको जन्म भएपछि छोरा भए ५ र छोरी भए ३ दिनमा साङ गर्ने गरिन्छ । साङ गर्ने दिनमा लामाले आएर पढ्नु भन्दा पहिला नवजात शिशु र आमालाई नुहाउन लगाइन्छ । पुम्बाको पानी खुवाएर शिशुको आमा तथा परिवारजनलाई चोख्याउने काम गरिन्छ । यस समयमा धूप, भलायो, सिस्नो तथा विभिन्न प्रकारका तितेपातीसमेत धूपको रुपमा पोलिन्छ । यसले गर्दा घरमा भएको रोगव्याधी हट्छ भन्ने जनविश्वास छ । बच्चाको आमालाई पुम्बाको पानी हातगोडामा लगाउनु लगाएर चोख्याउने गरिएको हो । पुम्बाको पानी केशमा लगाए केश झर्दैन भन्ने मान्यता पनि पाइन्छ । बच्चाको नाम लामाले जन्मेको साइत र वारको आधारमा राख्ने गर्दछ । यस समयमा छरछिमेक र आफन्तहरुले सुत्केरीलाई पोषणतत्वका रुपमा सातु, घीउ र अण्डा (नेकोर) ल्याइदिने गर्दछन् । यसरी छोटो समयमा सामान्य प्रक्रिया पूरा गरेर न्वारान सम्पन्न गर्ने गरिन्छ । यिनीहरुले सुतक नबार्ने भने तापनि सुत्केरी भएको घरमा दिनसम्म कोही पनि नजाने भएबाट अप्रत्यक्षरुपमा सुतक बार्ने गरेको पाइन्छ । यस सुतकको कारण उनीहरुको कुनै शुभ कार्य रोकिन्न (लुईंटेल : २०५५ : ४५) ।

जसरी बाहुन क्षेत्रीलगायत अन्य जातिमा छोराछोरी हुर्किने क्रममा विभिन्न प्रकारका संस्कार, कर्मकाण्ड हुन्छ, त्यस्तो प्रचलन ह्योल्मो जातिमा पाइन्न । यिनीहरुले पास्नी, छैटी केही पनि गर्ने गरेका छैनन् । छेवर (केश काट्ने) भने साइत हेरेर निश्चित दिनमा मामाको हातबाट गराउने गर्दछन् । यो प्रथा अन्य जातिसँग मिल्दोजुल्दो छ । यसबाहेक यिनीहरुले सम्पन्न गर्ने अर्को महत्वपूर्ण कर्म टाप्चे हो । दूला रिमुर्छेकहाँ (लामा) गएर टा (कपाल) प्चे (काट्ने) काम गरिन्छ । यस समयमा लामाले अलिकति केश काटेर नाम राखिदिने गर्दछ । यो कुनै पनि समयमा गर्न सकिन्छ । टाप्चे गरिसकेपछि काटरमारमा पूर्ण प्रतिबन्ध लाग्दछ । पशुपतिनगरका दोर्जे ह्योल्मो भन्छन् 'टाप्चे पनि प्राय सबैले गर्दैनन् । कसैकसैले मात्र गर्दछन् । यो पनि हिन्दूहरुको सिकेर मात्र गरेको हो ।'

समग्रमा हेर्दा ह्योल्मो (हेलम्बु)मा इलाममा जन्मसंस्कार सम्पन्न गर्ने कुरामा त्यत्रो ठूलो तात्विक भिन्नता देखिन्न । केवल वातावरणीय प्रभावले मात्र त्यस्तो अन्तर देखिने कुरालाई सहजरुपमा स्वीकार्नुपर्ने हुन्छ । नवजात शिशुको नाम लामाले साइत (जन्म)बारको आधारमा राख्ने कुरा माथि नै भनिसकियो । यसले गर्दा कतिपयको बोलाउने नाम केही अप्ठ्यारो रहन गएकाले अर्को नाम पनि राख्ने गरिन्छ तर कसैले त्यसैलाई स्वीकार गर्छन् । बारको आधारमा नामहरु यसप्रकार हुन्छन् :

| बारको नाम | मानिसको नाम |
|---|---|
| आइतबार | ङिमा/निङमा |
| सोमबार | दाबा |
| मंगलबार | मिङमार |
| बुधबार | लाक्पा |
| बिहीबार | फूर्वा |
| शुक्रबार | पासाङ |
| शनिबार | पेम्बा |

### ६.२.२. विवाह संस्कार

कुनै पनि जाति जनजातिले गर्ने सामाजिक एवं धार्मिक मान्यताको कार्यहरुको सारतत्व एकै भए तापनि त्यसलाई सम्पन्न गर्ने विधि भने फरकफरक हुनेगर्दछ । जसरी ह्योल्मो जातिको जन्मसंस्कार अन्य जातिको भन्दा केही मात्रामा भए पनि भिन्न रहेको पाइयो । त्यस्तै विवाहसंस्कार पनि आफ्नै प्रकारको छुट्टै विशेषता रहेको छ । विवाह मानिसको आवश्यकीय तथा स्वभाविक पक्ष हो । वास्तवमा दुई आत्माको मिलनको रुपमा हेरिने यो विवाह विभिन्न जातिले आआफ्नै मान्यताको आधारमा सम्पन्न गर्दछन् । यसै अनुरुप ह्योल्मो जातिको पनि आफ्नै प्रकारको वैवाहिक पद्धति रहेको छ ।

ह्योल्मो जातिमा मागी, चोरी तथा आजभोलि प्रचलनमा रहेको प्रेमविवाह पनि हुने गरेको पाइन्छ । यसमा पनि मागी विवाह नै बढी प्रचलनमा रहेको कुरा ह्योल्मोहरु बताउँछन् । मागेर सम्पन्न गरिने विवाहमा सर्वप्रथम विवाहका निम्ति केटातर्फबाट जानुपर्दछ । केटी माग्न जाँदा चार पाँचजनासम्म मानिसहरु केटीका घरमा कुरा चलाउनका लागि जाने गरिन्छ । कुरा चलाउन जाँदा सगुनसमे लगिन्छ । सगुन लिएर जाँदा धम्बे (काठको ठेकीजस्तो भाँडा जसलाई सिलावर वा पित्तलको पाताले तीन ठाउँमा बाँधेको र बीचमा केही बुट्टाहरु हालको भाँडा रक्सी राखेर घाँटीमा खादाले बेरिएको र मुखमा ३ ठाउँमा घीउको टिका लगाएर लगिन्छ । सगुन लिएर केटीकोमा लगिएको उक्त (धम्बे) थालमाथि राखिन्छ । थालभित्र चामल, फलफूल तथा केही पैसा राखिन्छ । त्यसपछि केटीका बाबु आमाले केटीलाई मनाउँछन्, केटी राजीखुशी भएपछि सगुन स्याल्गर सुम्देन (विशेष भाँडोमा विशेष कामको लागि राखिएको रक्सी) धूप बत्ती गरेर केटीका बाबुसमेत राजी भएपछि सगुनलाई पूजा पाठ गरिन्छ । भगवानसँग प्रार्थना गरी हरियो वनस्पति (छ्योची)ले तीनपटक आकाशतिर छर्केर केटी दिन मञ्जुर भएको संकेत दिइन्छ । यस पछि सबैको उपस्थितिमा स्यालगर एउटा आमा र बाबु भएको छोराको हातमा दिएर उठाएर आकाशतिर ल्हारकेलो (भगवानको नाममा जयजयकार) गर्दै तीनपटक उठाइन्छ । यसपछि उपस्थित सबैले उक्त वनस्पतिबाट हालिएको सगुन हातमा लिई पञ्चामृत खाएजसरी खाइन्छ र केटी माग्ने काम सम्पन्न हुन्छ । यसपछि दुवै तर्फलाई अनुकूल खाएजसरी खाइन्छ र केटी माग्ने काम सम्पन्न हुन्छ । यसपछि दुवै तर्फलाई अनुकूल हुनेगरी दिन पारी केटाकेटीको जन्मकुण्डली अनुसार लामामार्फत् विवाहको लगन जुराइन्छ । यसपछि दुवैतिरबाट विवाहको लागि आवश्यक सामग्री जुटाउनका साथै आफ्ना नाता, कुटुम्ब र छरछिमेकलाई निम्ता पठाइन्छ ।

विवाहको दिनमा सबै आफन्तहरु बेहुलो (दुलाहा)को घरमा जम्मा हुन्छन् र जन्ती जाने काम हुन्छ । विवाहको समयमा बेहुलाले बख्खु लगाउँछ भने टाउकोमा सेतो फेटा लगाउँछ । यता बेहुलीले बख्खु नै लगाउँछे । विवाहको समयमा झ्याम्टा, सनाइ तथा ढ्याङ्ग्रो जस्ता बाजा बजाइन्छ । साथै गीत गाई स्याब्रु नाच नाच्ने परम्परा छ । जन्ती दुलहीको घरमा पुगेपछि ससम्मान जन्तीलाई खानपिन साथै लगन हेरेर रीतपूर्वक पूजा गरिन्छ ।

त्यसपछि लामाले दोमाङ्ग पढी विवाहको कार्य सम्पन्न गराउँछन् । यस क्रममा बेहुलाका बाबुले बेहुलीलाई घीउको टिका लगाइदिने परम्परा छ । साथमा आसिर्वादसमेत दिने चलन छ । बेहुला, बेहुली दुवैलाई लामा (पूरोहित)ले समेत आसिर्वाद दिन्छन् । तत्पश्चात् ल्हारकेलो (भगवानको नाममा जयजयकार) गरी तीन

पटक आकासपट्टि सगुन छर्केर पूजापाठ गरी विवाह सम्पन्न हुन्छ । अन्य जातिमा जस्तो विवाहमा सिन्दुर हाल्ने प्रचलन र दाइजोप्रथा ह्योल्मोमा छैन । बेहुला र बेहुलीलाई घीउ र टोटलाको फूलको टिका ( सस्यूमेन्दु) लगाइदिने चलन छ । (डीबी ह्योल्मो, २०६८, अन्तर्वार्ता) साथै जन्ती राख्नको लागि जग्गे ( वैवाहिक कार्य सम्पन्न गर्न आँगनमा बनाइएको विशेष स्थान) पनि बनाइदैन ।

विवाहमा बेहुलीलाई पाङ्देन दरीजस्तो बाक्लो र धर्का भएको कपडा लगाइदिने गरिन्छ । यसलाई विवाहिताको सूचक पनि भनिन्छ । यसको मतलब विवाहित महिलालाई चिन्ने आधारका रुपमा पाङदेनलाई लिइन्छ । अविवाहिताले पाङदेन लगाउँदैनन् । अन्य जातिको विवाहमा बेहुलाबेहुलीको साथी बसेझैं ह्योल्मो जातिको विवाहमा पनि केरेमे र पारेक (लोकन्ती बस्ने गर्दछन्) विवाहमा उपस्थित आफन्त तथा आगन्तुकले क्रमैसँग बेहुलाबेहुलीलाई टिका र खादा (विशेष किसिमको ओढ्ने कपडा) लगाइदिने गर्दछन् । विवाहमा रात बस्ने नबस्ने दुवै गर्दछन् । यी सम्पूर्ण कार्य सम्पादन भइसकेपछि बेहुलीलाई आफ्ना कुलमा चढाइन्छ । ह्योल्मो जातिमा मामा चेला र फुपूचेलामा विवाह चल्दछ । 'यदि चोरी तथा अन्तरजातीय विवाह भएमा चाहिं उसको लेखो (कर्म) नै यस्तो रहेछ भन्ने कुरामा विश्वास गरिन्छ । प्रायगरी बढी मात्रामा मागी विवाह गाउँग मान्यगण्य बूढापाका साथै १२ थुमका मानिस जम्मा गरी सबैको सामु त्यसलाई मान्यता प्रदान गर्ने काम गरिन्छ (लुईंटेल: २०५५, ४७) ।

वैवाहिक कार्य सम्पन्न भएपछि बेहुली सिंगारेर बेहुलाको घरमा पठाउनुअघि दोहोरी गीत गाइन्छ । गीतमा केटीपक्षले भन्छन् : हामीले राम्ररी पालनपोषण गरेर राखेकी छोरी तपाईंले राम्रोसँग पालनपोषण गर्नु हुन्छ कि हुन्न ? केटापक्षले आफूले राम्रोसँग पालनपोषण गर्ने बताउँछ । बेहुली अन्माउँदा केटा पक्षका ५-६ जना मानिसले हातमा दरबार लिएर झ्याम्टा लिएर र चौरीको पुच्छर (चामर) लिएर बाजागाजासहित गीत गाएर नाचिन्छ । प्रस्थान गर्दासमेत गीत गाइन्छ । केटीको घरबाट विदा हुँदा बेहुलाबेहुली दुवैलाई सालासालीले बाटो छेक्ने परम्परा रहिआएको छ । पैसा, स्यालगर (विशेष प्रकारको रक्सी), खादामा रु. १ भेटी स्वरुप राखेपछि बाटो छाडिन्छ तर बाटो छेक्ने क्रम दोबाटोसम्म विभिन्न नातेदारहरुबाट भइरहन्छ ( साङगे ह्योल्मो, २०६६) ।

दुलही घरमा ल्याइपुऱ्याएपश्चात् घरको आँगनमा धुपबत्ती बालेर स्वागत गरिन्छ । तरबार र याकको पुच्छर फरफराएर झ्याम्टा बजाएर आँगनमा नाचिन्छ । विवाहमण्डपमा दुलाहा र दुलहीलाई पुऱ्याइन्छ । दुलाहा दुलही बस्ने ठाउँमा बुट्टा बनाई शुभलाभ लेखिएको आसन निर्माण गरिएको हुन्छ । दुलाहाले बज्रमाथि

पहिले दाहिने खुट्टा र दुलहीले बज्रमाथि पहिले बायाँ खुट्टा टेकेर दुवै खुट्टा राखेर पलेटी मार्दै असनमा बसालिन्छ । दुलाहा दुलहीको अगाडि टेबुल राखिएको हुन्छ । केटाको (दुलाहाका) बाबुआमाले केटाको टाउकोमा सेतो फेटा (थ्ये) बाधी घाँटीमा खादा लगाउँदै घीउ टिका लगाएर आसिर्वाद दिइन्छ । दुलहादुलही अगाडि भएको थालमा केही पैसा राखेर आसिर्वाद दिने चलन रहेको छ । त्यहाँ फलफूललगायत सगुन राखिएको हुन्छ । त्यो सगुन फलफूल एवं पैसा दुलहा दुलहीलाई घरमा आएका पाहुनाले लगाइदिने चलन छ । सो अवसरमा लामाले मन्त्र पढेर लगन जुराएर बेहुला र बेहुलीको टाउको तीनपटक ठोक्काउने चलनसमेत विद्यमान कायम छ । मन्त्र पढ्दै चाँदीको भाँडोमा दही राखेर कोटाले केटी र केटीले केटालाई तीन/तीन पटक खुवाउने चलन छ र सोही क्रममा पूरोहित लामाले बेहुलाबेहुलीलाई घीउको टिका लगाएर दम्पत्तीको जीवन सुख होस् भनेर आसिर्वाद दिन्छन् ।

विधिपूर्वक विवाह सम्पन्न गरी दुलही भित्र्याउँदा गरिने कार्य सम्पन्न भएपछि पाहुनाहरुलाई भोज खुवाइन्छ । 'बेहुला बेहुली बसेको ठाउँ अगाडि टेबुलमा सगुन स्यालगर सुम्देन (विशेष प्रकारको रक्सी) लाई विधिपूर्वक पूजा गरी प्रसादको रुपमा ल्याएर उठाएर आकासतिर तीनपटक पठाएर सबैमा बाँडिन्छ । बेहुलाबेहुली मण्डपबाट घर भित्रिन्छन् । त्यसभन्दा अघि गीत गाएर भित्र जाउ भनी बेहुला बेहुलीलाई निर्देशन दिइन्छ । त्यतिबेला पनि तरबार तथा याकको पुच्छर हल्लाउने झ्याम्टा बजाउने काम गरिन्छ । घरभित्र बेहुलाबेहुली पुगेपश्चात् आसनमा बस भनी गीतबाटै भनिन्छ । ततपश्चात् आफूले मान्दै आएको कुलदेवताको पूजा गरिन्छ र बेहुलाबेहुलीलाई घरमा जिम्मा लगाइन्छ । (लामा २०५७ : २९, ३०)

विवाह समाप्त भएको अर्को दिन सबेरै उठेर नुहाइधुवाई गरी चोखिएर चोखो पानीलाई पूजाकोठामा पुजिन्छ । पूजामा ३ पटक ढोगिन्छ । घरमा रहेका पाहुना र छिमेकी बोलाई दुलहीको हातबाट सगुन (रक्सी) चिया खुवाइन्छ । केही दिनपछि केटीको माइती गएर टोल्छ्याङ, कर्मालोछ्याङ (दुरान फर्काउँदा बुझाउने रीत) बुझाउनुपर्छ, केटाले तब ससुराली जाँदा ३ पाथी रक्सी, २ पाथी निङार, २ पाथी चामल र १ धार्नी घीउ, रोटी बाबर (चामलको पिठोबाट बनेको) लाने परम्परा छ । यसरी केही दिन छोरी, ज्वाईं ससुरालीमा बसेपछि ससुरालीको तर्फबाट पनि विशेष सम्मानपूर्वक कोसेली साथ लगाएर छोरीलाई घर पठाउने चलन छ (केसी, २०५९ : २३) ।

खासगरी विवाह समाप्त भएको (दुलहीलाई घरमा भित्र्याएपछि) तीन दिनपछि पुरान फर्काउने परम्परा कायम रहेको छ । त्यसक्रममा उल्लेखित खाद्यपदार्थका अलावा दूध र नगद रु एक रुपैयाँ दुलाहाले लगेर

सासूलाई ढोग्ने परम्परा छ । दुलहा ससुरालीबाट फर्कंदा पनि रु एक केटातर्फ पठाउँछन् । त्यो पैसा घरमा ल्याएपछि लक्ष्मीको रुपमा पूजी पछिसम्म राखिन्छ जुन दुलहीको पेवा हुन्छ । केटाको घरमा तीन दिनमा नै फर्कनुपर्ने मान्यता ह्योल्मो समुदायमा विद्यमान छ । यदि दुई दिनमा नै फर्किएमा रात परेको समय (आधा रात)मा फर्कनुपर्दछ ।

### ६.२.३. मृत्युसंस्कार

कुनै पनि प्राणी धर्तीमा जन्म लिएपछि एक दिन उसको अवश्य अन्त्य पनि हुन्छ । यो प्रकृतिको स्वभाविक नियम नै हो । त्यस्तै, मानिसको जन्मसँगै उसको अन्त्य पनि गाँसिएको हुन्छ । कुनै पनि मानिस यस पृथ्वीमा जन्मिएपछि उसको मृत्युसम्ममा मुख्य गरेर तीनवटा संस्कार सम्पन्न गरिन्छ । तीन हुन्, जन्मसंस्कार, विवाह संस्कार र मृत्युसंस्कार । यी तीनवटा संस्कार सम्पूर्ण जाति मानवजातिले सम्पन्न गर्छन् । यो संस्कार सम्पन्न गर्ने उद्देश्य एकै भए पनि यसको विधि भने फरकफरक हुनेगर्दछ । यस्ता विभिन्न संस्कारमध्येको एउटा महत्वपूर्ण संस्कार हो, मृत्युसंस्कार । यो मृत्युसंस्कार ह्योल्मोहरुले आफ्नै प्रकारले सम्पन्न गर्ने गरेको पाइन्छ ।

मृत्यु मानिसको स्वभाविक प्रक्रिया हो । ह्योल्मोहरुकहाँ कुनै व्यक्तिको मृत्यु हुनासाथ भित्र देवताको थान छेउमा लगी राखिन्छ भने क्षेत्रीबाहुनले भने मृत्यु हुनासाथ बाहिर (मोठमा) निकालिन्छ । जसरी शेर्पा, तामाङलगायतका जातिको संस्कारहरुमा लामाको आवश्यकता परेझैं ह्योल्मो जातिभित्र कुनै व्यक्तिको मृत्यु भएमा लामाको आवश्यकता पर्दछ । मरीमराउ पर्दा सर्वप्रथम सेतो कपडाले शव छोपिन्छ र मृतकको अगाडि चोखो पानी राखी धूप र १०८ बत्ती लामा नआउँदै बालिन्छ । लामा आएपछि साइत हेरेर कुन समय र कुन बार जंगल लाने भन्ने निक्र्योल गरिन्छ । लासलाई डाँडामा लाने गरिन्छ, यस क्रममा उकाले लाने या तेर्सो लाने भन्ने चलन पनि छ । सर्वप्रथम लामाले फूवा (मन्त्र) गर्दछ । यो गरेपछि मृतकको शरीरमा नरमपन आउँछ भन्ने विश्वास गरिन्छ । यसले गर्दा मृतकलाई जुनप्रकारले राख्न चाहेको हो त्यसअनुरुप राख्न सकिन्छ । शवलाई बसालेर लामाले आफ्नो विधिअनुसार काम गर्न सुरु गर्दछ । यिनीहरुमा कुन साल जन्मिएको मानिसबाट कसले छुनुहुँदैन भन्ने कुराको निर्णय पनि लामाले गर्दछ । 'मृत शरीर श्रृगारी लामाले विधिपूर्वक पूजा गर्दै मलामीहरुले 'ऊँ माने पेमे हुँ' भन्दै बाजागाजा बजाउँदै

चिहानतर्फ लान्छन् । संस्कार सकेर फर्केपछि मृतकको घरआँगनमा चोखो पानी धूप राखी मलामीहरु चोख्याइन्छ, जसलाई डिप्साङ भनिन्छ (केसी, २०४९: २२) ।

यिनीहरुले डाँडामा लगी जलाएर दाहसंस्कार गर्दछन् । लामा विधिबाट काठ, दाउरा, माटो, पानी, खानेकुरा तथा मृतकका सामानहरु चढाइ आगो लगाउँछन् । मृतकका छोरा भए छोराले र नभएमा मृतकको दाजु भाइले आगो लगाउँछन् । शब लैजानको लागि भ्याँगा (ठूलो खड्कुलो) प्रयोग गरिन्छ । भ्याँगामा शब बसाएर त्यसको करा (कुडल)मा बाँस छिराएर बोक्ने गरिन्छ । आजभोलि भ्याँगामा लाश बोक्ने क्रम क्रमश: छाड्दै लगिदैछ किनकि खाना पकाउने काममा पनि यो भाँडा प्रयोगमा आउने भएकाले लास बोक्दा अलि अस्वाभाविक जस्तो ठानिन्छ । तसर्थ आजभोलि काठको बाकस बनाएर त्यसमा राखी लास बोकिन्छ । शब घाटमा नपुऱ्याउन्जेल नून र भात खाँदैनन् तर जाँडरक्सी खान भने छुट छ । पहिलापहिला मृतकका आफन्तले केस दाह्री तथा परेलासमेत काट्ने चलन थियो तर आजभोलि छोडिएको छ । ह्योल्मो जातिमा मृतक बच्चालाई भने जलाउँदैनन्, गाड्ने नै चलन छ तर ११/१२ वर्षभन्दा माथिकालाई भने जलाउँछन् ।

लासलाई दाहसंस्कार गर्ने ठाउँसम्म लानुअघि सबै मानिस जम्मा भएपछि भोज खुवाउनुपर्छ तर कमजोर अवस्था भएकाहरुका लागि असम्भव भएकोले यो परम्परा हराउँदै जान थालेको छ । साथै लास लैजान कसैले शनिबार कसैले विहीबार बार्ने चलन पनि छ भने कसैले तत्काल लैजान्छन् । अन्त्येष्टि क्रिया मानिसको औकात हेरी ७ देखि ४९ दिनसम्म गर्ने गरिन्छ । यसक्रममा मलामी गएका मानिसहरुलाई 'ठू' ख्वाएर लामाले चोख्याउँछन् । शब जलाएको ठाउँमा (खरानीमा) भोलिपल्ट गएर हेर्दा जे को पाइला देखिन्छ, मृतक त्यही नै हुने कुरामा ठूलो विश्वास गरिन्छ । मृतकको नाममा विहान बेलुका नै पिण्ड दिने काम हुन्छ । दाहसंस्कार गरेको तीन दिनपछि नेपरु अर्थात् चिहान पुर्ने काम गरिन्छ । मृतकको नाममा ७/७ दिनमा धिन्जी अर्थात् गुम्बामा गएर १०८ बाती बाल्ने काम गरिन्छ । यो काम घर गाउँलेले पनि गर्दछन् । धिन्जीका अवसरमा लामाले पुस्तक पढ्दछन् भने आफन्तहरु बोलाई भोज खुवाउनुपर्छ । अन्त्यमा ४९औं दिनमा धेवा गर्दछन् । ७/७ दिनमा र कसैले १३ दिन र कसैले ४९ दिनमा गर्ने गर्दछन् (साङ्गे ह्योल्मो, अन्तर्वार्ता) ।

घेवा नगरुन्जेलसम्म लामा गुरुहरुबाट पूजापाठ गर्ने गरिन्छ । बौद्ध परम्परा अनुसार एक सय देखि एक हजार बत्ती बाली लामाले २ देखि तीन दिनसम्म पुस्तक पढेर मात्रै घेवा गर्ने गरिन्छ । घेवा सम्पन्न गर्दा

मृत आत्मालाई धार्मिक विधिपूर्वक बोलाएर मन्त्रबाट सम्झाउने परम्परा विद्यमान छ । अन्त्यमा मृतकको नाम र जन्मदिन सबै नेपाली कागजमा लेखेर पूजा पाठ गरी आगो सल्काएर उक्त कागज जलाइन्छ । सो अवसरमा धार्मिक प्रवचन सुनाउनुका साथै मृतआत्मा स्वर्ग पुगोस् भनी गीत गाउने परम्परासमेत ह्योल्मो जातिमा विद्यमान छ ।

मृतकको अस्तु खोलामा बगाउने वा ओढारमा राख्ने गरिन्छ । ह्योल्मो समुदायमा आमाको मृत्युमा दूध र बाबुको मृत्युमा दही बार्ने गर्दछन् तर हाल यो क्रम हराउँदै गएको छ । ४९ दिनसम्म मासु मंस नखाने, केश नकाट्ने, सेतो कपडाा नलगाउने चलन कायमै रहेको छ । ४९ दिनसम्म विभिन्न संस्कार गरेपछि बाधा रहँदैन भन्ने मान्यता ह्योल्मोहरुमा छ । तसर्थ वर्षमा एक पटक वार्षिक कामको रुपमा आफन्तहरु बोलाई भोज खुवाउने गर्दछन् ।

वर्षमा एकपटक गरिने विशेष धार्मिक कार्यलाई लोङजे भनिन्छ, यस दिन १ वर्षभित्र बार्ने गरेका सबै कुराहरु समेत फुकाउँदछन् । जसरी अन्य जातिहरुमा बाबुआमाको मृत्यु हुँदा वर्ष दिनभर विभिन्न कुराहरु बार्ने प्रचलन भएझैं ह्योल्मो जातिमा पनि विभिन्न कुराहरु बार्दछन् । उनीहरु एक वर्षभर आमाको मृत्युमा दूध र बाबुको मृत्युमा दही बार्दछन् । त्यस्तै गरी वर्षदिन भर मृतकका छोराहरुले दाता, छाला जुत्ता, टिका लगाउँदैनन् साथै विवाह तथा अन्य शुभ कार्य नगर्नुका साथै ती अवसरहरुमा नाचगान तथा मनोरञ्जन गर्ने परम्परा छैन ।

### ६.२.४. धर्म

कुनै पनि जाति जनजातिको आफ्नै प्रकारको भाषा, संस्कृति र धर्म भएजस्तै ह्योल्मोहरुको पनि आफ्नै प्रकारको संस्कृति, धर्म र भाषा छ । यिनीहरु आफ्नो धर्मद्वारा निर्देशित भएर विभिन्न कामहरु गर्दछन् । यी जातिहरु महायानी बौद्ध धर्म परम्परामा आस्था राख्छन् तसर्थ यी जातिहरु महायानी बौद्ध धर्मका अनुयायी हुन् । धर्मप्रति अत्यन्तै श्रद्धा, आस्था र विश्वास भएका ह्योल्मोहरुको प्राय: हरेक गाउँमा एउटा गुम्बा निर्माण गरिएको हुन्छ । यसले गर्दा के देखिन्छ भने धार्मिक आस्था र मान्यता उनीहरुको दैनिक जीवनको एक अभिन्न अंग बनिरहेको छ । ह्योल्मो जातिका पुराना गुम्बाको चर्चा गर्दा ह्योल्मो क्षेत्रमा २ लामाहरु थिए (तिथिमिति यकिन नभएको) नाक्छ्याङ शाक्य जम्बो लामा र कर्मा छेसङ लामा । यी दुईले क्रमश:

धोछडवा धोचलिङ गुम्बा (सेतो गुम्बा) र चिरी गुम्बा स्थापना गरी बौद्ध धर्मको ठूलो प्रचार गरे । यी दुई नै ह्योल्मो जातिको प्राचीन गुम्बा मानिन्छ (डीबी ह्योल्मो, अन्तर्वार्ता) ।

महायानी बौद्ध धर्मका अनुयायी यी ह्योल्मोरुको प्रमुख धार्मिक ग्रन्थलाई डिङमा र काग्यूर भनिन्छ । प्रायः प्रत्येक गाउँमा (जहाँ ह्योल्मोहरुको बसोबास छ) ह्योल्मोको एउटा गुम्बा रहे तापनि सबै ठाउँमा भने यो अवस्था कायम रहन भने सकेको देखिएन ।

महायानी बौद्ध धर्मका अनुयायी यी ह्योल्मोहरुमा पनि विभिन्न समूहका मानिस छन् । अर्थात् यो धर्मभित्र पनि विभिन्न धर्म, सम्प्रदाय, मूल्य र मान्यता भएका मानिस भएको कारण विभिन्न प्रकारका काम आआफ्नै प्रकारले सम्पन्न गर्दछन् । थरी लामा र पढी लामा गरी यहाँभित्र दुईप्रकारका लामाहरु छन् । वंशज नै लामा हुनेहरु थरी लामा हुन्छन् जसले कर्मकाण्ड गर्नुपर्छ भने पढेर अर्थात् शिक्षा आर्जन गरेकाहरु पढी लामा कहलाउँछन् । थरीहरुले नामको अगाडि लामा लेख्छन् जस्तो लामा निमा, लामा दोर्जे इत्यादि । त्यस्तै पढी लामाहरुले नामको पछाडि लामा लेख्छन् । जस्तो दावा लामा, निमा लामा इत्यादि । कुनै पनि ठाउँ वा गुम्बाहरुमा बस्दा पढी लामा जति नै ठूलो भए पनि थरी लामाभन्दा माथि बस्न पाउँदैन । तसर्थ जेष्ठता (योग्यता) र क्रमअनुसार थरी लामा र त्यसपछि मात्र पढी लामा बस्दछन् । अर्थात् एकापट्टि थरी लामा र अर्कोपट्टि पढी लामा बसाउने प्रचलन छ । माथिको भनाइलाई अझ प्रस्ट पार्न थरी लामा र पढी लामाको फरकलाई तलको तालिकाबाट पनि प्रष्ट्याउने प्रयत्न गरिएको छ ।

**थरी लामा र पढी लामाबीचको फरक**

| थरी लामा | पढी लामा |
|---|---|
| बंशजमा नै लामा हुनेहरु | पढेर (शिक्षा आर्जन गरेर) लामा हुनेहरु |
| नामको अगाडि लामा लेख्नेहरु | नामको पछाडि लामा लेख्नेहरु |
| कर्मकाण्डलाई प्राथमिकता दिइने | शिक्षा आर्जनलाई प्राथमिकता दिइने |
| गुम्बामा रहँदा अग्रस्थान प्राप्त गर्ने (जेष्ठताका आधारमा) | थरी भन्दा पछाडि नै बस्नुपर्ने (जति नै शिक्षित भए पनि) |

यद्यपि दुईवटा लामाहरु भए तापनि गुम्बामा मुर्ति भने सबैले एकैप्रकारको राख्ने गरेको देखिन्छ । गुम्बामा राख्ने देवताका मूर्तिहरुमा दोर्जे छ्यङ्ग (बज्रधारा) गुरु रिम्पोछे (पद्मसम्भव) र शाक्यथुप (गौतमबुद्ध) प्रमुख मानिन्छन् । यी मुख्य मूर्तिका दायाँबायाँ अन्य मूर्ति राखिएका हुन्छन् । यसमा पनि यति नै राख्ने भन्ने निश्चित हुँदैन । क्यूल गाविसका विभिन्न ठाउँमा देवीदेवताको मूर्ति राखिएको छ जसमा गौतम बुद्ध, अमिताभ बुद्ध र चेरेसी, गुरु रिम्पोछे (पद्मसम्भव) र डोल्मा (देवी)का मूर्तिहरु राखिएका छन् (स्थलगत भ्रमण २०६८) ।

गुम्बामा रहने लामाहरु धार्मिक हिसावले उच्च स्थानमा रहन्छन् । यसमा लामा बौद्ध धर्मको प्रभाव परेको पाइन्छ । लामा बौद्ध धर्म भन्नाले तिब्बती क्षेत्रमा इशाको चानचुन सातौं शताब्दीदेखि हालसम्म मानिंदै आएको बौद्ध धर्म तथा नेपालको हिमाली भेगमा लामा पूरोहित थापेर मानिंदै आएको बौद्ध धर्मलाई बुझ्नुपर्दछ । तर लामा बौद्ध धर्म तिब्बत र नेपालमा एकै समयमा विकसित भएका हुन् भन्ने कुरामा भने विद्वानहरुमा एकमत पाईंदैन । धेरैजसो विद्वानहरुका अनुसार तिब्बतमा यो धर्म विकसित भएर पछि मध्यकालमा मात्र नेपालको उत्तरी क्षेत्रमा फैलन पुगेको हो (लामा, २०६२) ।

लामाहरु गुम्बामा बस्दा को कहाँ बस्ने र कसले के गर्ने ? भन्ने नियमसमेत ह्योल्मोहरुमा रहेको पाइन्छ । गुम्बामा सबैभन्दा प्रमुख स्थानमा दोर्जे लोपेन (गोङम) बस्दछन् । जसको प्रमुख काम पढ्ने हुन्छ । यसभन्दा तल दुई तीन जना बूढा तथा बुद्धिजीवी लामाहरु बस्दछन् । बूढापाका पछि उन्जी बस्ने ठाउँ हुन्छ । उन्जी पनि प्रमुख र सहायक हुन्छन् । उन्जी भन्दा तल २ जना झ्याली बजाउने लामाहरु बस्दछन् । यसपछि घुङहेन (साङदुडा) नरसिंगा जस्तो बाजा बजाउने दुईजना लामाहरु बस्दछन् । यसपछि ङा (ढ्याङ्ग्रो) बजाउने दुईजना लामाहरु बस्दछन् । दोर्जे लोवेन भन्दा केही तल तर उचो स्थानमा सबैले देख्ने गरी सहायकसहित छेटेम्बा (पारङ्गत व्यक्ति) राखिएको हुन्छ । उन्जीदेखि तलको स्तरका लामालाई हरेक कुराको नियम पालना गराउने काम छेटेम्बाको हुन्छ । यसभन्दा तल बस्ने लामालाई छेपिन भनिन्छ । सहायकसहित बसेको छपिनले त्यहाँ आवश्यक पर्ने सम्पूर्ण सामानको व्यवस्था एवं रेखदेख गर्दछ । ( छेटेम्बाले खरङ (एकप्रकारको तामा/फलामको बाजा) बजाएपछि गुम्बामा आउने समय भएको जानकारी गराउँछ । यदि यो सामग्री (खरङ)को अभाव भएमा शंख बजाइन्छ । दोर्जे लोवेनलाई सबै लामाहरु उठेर स्वागत गरी ऊ बसिसकेपछि मात्र अरु लामाहरु बस्दछन् । न्येर्पाले खाना खुवाउने र हेरचाह गर्ने गर्दछ भने

अरु सम्पूर्णलाई खाना पकाएर खुवाउने काम चाहिं महेजेनले गर्दछ । दोर्जे लोवेन बसेभन्दा पनि मास्तिर अत्यन्तै उच्च अर्थात् सम्मानित आसन हुन्छ । यसलाई ह्योल्मोहरु ठी (गद्दी) भन्दछन् । यदि कुनै टुल्लु ( अवतारी) तथा रिम्पोछे त्यस अवसरमा उपस्थित गराउन सकेको खण्डमा सो उचो स्थानमा आसनग्रहण गराउने व्यवस्था छ । यदि उपस्थित गराउन नसकिएमा उहाँको तस्बिर मात्र भए पनि राख्ने परम्परा छ जुन स्थानमा अरु कोही पनि बस्न पाउँदैनन् र उहाँले पढ्ने पुस्तक पनि पढ्न हुँदैन । गुम्बामा बस्दा लामाहरुले आआफ्नै सम्प्रदाय अनुसारको भेषभुषा लगाएका हुन्छन् ।

ह्योल्मोहरु गुम्बामा रहँदा बस्दा के कस्ता धार्मिक क्रियाकलाप सम्पन्न गरिन्छन् भन्ने चर्चा गर्नुपर्ने हुन्छ । ह्योल्मोहरु गुम्बालाई आफ्नो धर्मको पवित्र स्थलको रुपमा लिने गर्दछन् । कुनै मानिसको मृत्यु भएको समयमा र औंसी पूर्णिमा तथा प्रत्येक दशमीमा गुम्बामा बढी धार्मिक क्रियाकलाप सम्पन्न गर्दछन् । यी समयमा प्रत्येक विहान र बेलुका गुम्बामा १०८ बत्ती बालेर लामाहरु पठाउनुपर्दछ जसले बत्ती बाल्दछन् उसले लामालाई दानदक्षिणा दिनुपर्दछ । दानदक्षिणा कति दिने भन्ने निश्चित नभए तापनि दैनिक ५० रुपैयाँ जति प्रति लामा दिनुपर्दछ । खासगरी मृत्युसंस्कार सम्पन्न गर्दा गुम्बामा लामामार्फत् दोमाङ (काजकिरिया) पठाउँदा लामाहरुलाई पाल्नुपर्ने भएकोले बढी खर्च हुने गर्दछ । यस समयमा (दोमाङ पठाउँदा) र बौद्ध जयन्ती लगायतका अवसरमा १५/१६ जनासम्म लामाहरु पढाउने गरिन्छ ।

यसबाहेक अन्य दिनहरुमा प्रत्येक दिन विहान र बेलुका गुम्बाका पूजारीले गुम्बामा बत्ती बाली साङसुर ( पूजाआजा) गर्दछन् । ह्योल्मोहरुमा आफ्नै समुदायभित्रका लामा पूजारी हुन्छन् जसलाई आफ्नो समुदायभित्रबाट चन्दा उठाई तलबस्वरुप रकम दिने गरिन्छ । गुम्बामा दान बाकस राखिएको हुन्छ । जसलाई वर्षमा एकपटक खोलिन्छ र त्यहाँ संकलित रकममध्ये गुम्बामा धार्मिक कार्य गर्न लागेको खर्च कटाई निश्चित रकम तलब (कोगेर) स्वरुप स्थानीय पूजारीलाई दिने गरिन्छ । गुम्बामा रहेका पूजारीले प्रत्येक दिन विहान चोखो पानी ल्याई गुम्बामा राखिएको पानी राख्ने भाँडा (छयोपातिङ)मा हाल्ने गर्दछन् । पूजाका बेलामा चाहिं दुईवटा भाँडामा पानी, एउटा पुष्प (फूल) एउटामा धूप, एउटा प्रसाद, एउटा पानी र एउटामा तोर्मा (पिठोबाट बनाएको पदार्थं) क्रमैसँग (लहरै) राखिने गर्दछ । गुम्बामा ढ्याङ्ग्रो, डमरु, घण्टी रहेका हुन्छन् जसलाई पूजारीले बजाउँछन् साथै धूप (साङ) बोकी 'ॐ माने पेमे हुँ' मन्त्र जप्दै पूजाआजा गर्दछन् । ह्योल्मोहरुको गुम्बामा धार्मिक पुस्तकहरु बुद्ध र बौद्ध धर्मसँग सम्बन्धित तथा थाङ्का चित्रहरु सजाइएका हुन्छन् । गुम्बामा प्रत्येक देवी देवताका लागि एक एक वटा मूल बत्ती क्रमश: राखिएको हुन्छ ।

विशेष पूजाआजाबाहेक अन्य दिनमा एउटा बीचको बत्ती मात्र अटुट रुपमा बालिन्छ जुन निभ्नुहुँदैन भन्ने मान्यता छ ।

गुम्बाबाहेक आफ्नै घरमा पनि ह्योल्मोहरु धार्मिक क्रियाकलापहरु सम्पन्न गर्दछन् । प्रत्येकका घरभित्र आफ्नै देवताथान हुन्छन्, जसलाई ह्योल्मोहरु छेसम लासम भन्दछन्, जहाँ ब्रम्हा, विष्णु, महेश्वर (छेकु, लुङगु, टुल्गु)का मूर्ति राखिएका हुन्छन् । यदि यी देवताहरुको मूर्ति नभएमा फोटो (तस्वीर) मात्र राखेर भए पनि थानमा पूजाआजा गर्ने चलन छ । प्रत्येक दिन विहान ७ वटा कुमु (बटुका) मा पानी चढाई धूपवाती गर्ने चलन छ । बेलुका बाल्ने गरिएको बत्ती भरसक निभ्नुहुँदैन भन्ने मान्यता रही आएको छ । साथै विहान चढाएको पानी भोलिपल्टसम्म बासी हुने भएकोले चढाएकै दिन साँझ फाल्ने गरिन्छ । ह्योल्मो जातिमा थानमा पूजा घरको सदस्य जसले गर्दा पनि हुन्छ, खाना नखाई गर्ने यस पूजामा घरमा घरका जो सदस्यले पनि पूजा गर्दछन् । स्थलगत भ्रमणका क्रममा महिलाले मात्र विहान बेलुकी पूजा गरेको पाइयो । देवताथानभित्र आफ्नो (जात)बाहेक कोही पनि जान पाउँदैन भने महिनावारी भएकी महिलालाई पूजाआजा गर्नसमेत बन्देज छ । ह्योल्मो जातिहरु बौद्ध धर्माबलम्बी भएको सूचकको रुपमा घरका आँगनमा लुङदर ( ध्वजा) गाड्ने गर्दछन् । लुङदर रातो, हरियो, पहेंलो तथा सेतो रंगको हुन्छ जुन समय समयमा फेर्ने गर्दछन् ।

आफ्नो संस्कृति र परम्परालाई बचाउने क्रममा कतिपय अवस्था, वातावरण, समाज परिवर्तित समयको प्रभावबाट ह्योल्मोहरु चुके पनि धर्मलाई कायम रखेर जिवन्तता दिने क्रममा भने उनीहरु चुकेको पाईदैन । अर्थात् आफ्नो धर्मलाई निरन्तरता दिएर अगाडि बढाउने काम ह्योल्मोहरुले अत्यन्तै राम्रोसँग गरेका छन् । समय र परिस्थितिको पकडमा परेर बाध्य भएको अवस्थामा आफ्नो संस्कार छोडेर कतिपय संस्कार अरुको ग्रहण गर्दै गए तापनि धर्म भने अरुको ग्रहण गरेको देखिन्न ।

### ६.२.५. परम्परागत धार्मिक विश्वास

धार्मिक हिसावले ह्योल्मोहरु बौद्ध धर्मका अनुयायी भएको कुरा ह्योल्मो जातिको धार्मिक पक्ष शीर्षकमा चर्चा गरिसकिएको छ । यद्यपि बौद्ध धर्मका कट्टर अनुयायी भए पनि ह्योल्मो जातिमा परम्परागत धार्मिक विश्वास कायमै रहेको छ । 'नेपालको आदिवासी जनजाति समाजमा हिन्दू-बौद्धका अतिरिक्त अदृश्य

शक्तिको विश्वास गरी प्रकृतिका विविध पक्षको पूजा उपासना गर्ने पुरानो प्रथा यद्यपि छँदैछ ।' (खत्री, २०६२: ४२४) यस्तो पुरानो प्रथामा विश्वास गर्ने जाति ह्योल्मो पनि हो । अदृश्य शक्ति भन्नासाथ आफ्नो सामुन्ने नदेखिने शक्तिहरु हुन जसको डर, त्रासले गर्दा मानिसहरु त्यसमा विश्वास गर्न बाध्य हुन्छन् । यस्ता शक्तिहरु अन्तरगत भूतप्रेत, पिशाच आदि पर्दछन् । यसका अतिरिक्त अलौकिक शक्तिहरुमाथि गर्ने विश्वासलाई पनि परम्परागत धार्मिक विश्वास मानिन्छ । यस्ता शक्तिहरुमा धामीझाँक्री, बोक्सीप्रथा आदि पर्दछन् । यस धर्तीमा भएका ढुंगा, माटो, वायु, आकास, रुख आदिलाई मान्दै पूजा आजा गर्ने परम्परालाई प्रकृतिमाथिको विश्वास गरिन्छ । विभिन्न तत्वहरुको प्रकोपबाट विभिन्न रोगहरुको उपचार गर्ने पद्धति नै परम्परागत धार्मिक विश्वास हो ।

यसै विश्वासका आधारमा विभिन्न जातिमा प्रकृति पूजादेखि लिएर भूतप्रेत, धामीझाँक्री तथा अलौकिक शक्तिमा विश्वास गर्ने परम्परा कायमै छ । ह्योल्मोहरु पनि प्राचीन समयदेखि नै अलौकिक तथा अदृश्य शक्तिमा विश्वास गर्दै आएका हुन् । किनकि उनीहरुको उत्पत्तिको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्दा उनीहरु तिब्बतबाट नेपाल छिरेको देखिन्छ । तिब्बतमा रहँदा उनीहरु पक्कै पनि बोन धर्म मान्दथे । बोन धर्म अन्तरगत तिनै अदृश्य र अलौकिक शक्ति पर्दछन् । तिब्बतमा बौद्ध धर्मको प्रवेश हुनुभन्दा अगाडि तिब्बतीहरुको मौलिक धर्म 'बोन धर्म' थियो । जसमा जादू, टुना, झाँक्री, पिशाच, प्रेत आदिलाई मान्ने र उपासना गर्ने गरिन्थ्यो । आफ्ना पुर्खाहरुको मूल्य मान्यता तथा परम्परागत धारणा, विश्वासहरु वंशाणुगत हिसावले अर्को पुस्तामा सर्दै जानु स्वभाविकै हो । यसर्थ ह्योल्मो जातिले पनि आफ्ना पुर्खाहरुले तिब्बतमा रहँदा विश्वास गरेका परम्परागत मूल्य मान्यता तथा धार्मिक विश्वासहरु अनुशरण गर्दै आएका हुनसक्छन् । यो क्रमलाई हेलम्बुमा आएपछि पनि आजसम्म निरन्तरता दिइरहेका छन् । ह्योल्मोको मात्र नभई तामाङ, शेर्पा जातिको उत्पत्तिको पृष्ठभूमि पनि एकै छ । यी जातिमा आजसम्म पनि परम्परागत यी विश्वासहरु कायमै भएकाले यो अनुमान लगाइएको हो । ह्योल्मोहरुको बीचमा धामी झाँक्रीको निकै प्रभाव परेको पाइन्छ । भूतप्रेतमा विश्वास गर्ने, बोक्सीप्रथालाई विश्वास गर्ने आदिका कारण धामी झाँक्रीहरुलाई मान्ने गरेको बताइए तापनि अब विस्तारै धामीझाँक्रीको सट्टा लामाहरुको शरणमा गएको पाइन्छ । तथापि लुकीछिपी धामीझाँक्रीकहाँ जाने गरेको पाइन्छ ।

अन्तर्वार्ताको क्रममा कर्माछिरिङले भन्नुभयो 'लागलगान लागेको पनि हुनसक्छ । धामीझाँक्री लगाई झारफूक गरेर चिन्ता बसी ढ्याङग्रो ठोकेर भूतप्रेत मन्साएपछि ठीक नभए मात्र अस्पताल लानुपर्छ, पहिला त विरामीको यसरी नै उपचार गर्नुपर्‍यो नि यो हाम्रो परम्परादेखिको विश्वास हो ।'

वास्तवमा यस्ता परम्परागत विश्वास तथा मान्यताहरु आजसम्म जीवन्त रहनु स्वभाविक पनि हो । किनकि विकासको स्वरुप समाजमा नदेखिंदासम्म यस्तै मूल्य मान्यताका आधारमा समाज चलेको थियो । आजको जमानामा जस्तो अस्पताल, डाक्टरको सुविधा नहुँदासम्म अनेक विधिद्वारा घरमै उपचार गर्ने क्रमले हाम्रो समाजमा आजसम्म पनि निरन्तरता पाइरहेकै छ । जनजातिका सवालमा मात्र नभएर बाहुन क्षेत्री समाजमै समेत रोग निदानका लागि धामीझाँक्री लगाउने, वायुबतास लागलगान हटाउने, जोखाना हेर्ने, अक्षता फ्याँक्ने, ढ्याङ्ग्रो बजाउने जस्ता कार्यहरु सम्पन्न गरिन्छन् । यी हाम्रा परम्परागत विश्वासहरु हुन् जसलाई पालना नगरेमा शोक, विरामी पर्ने, अनिष्ट हुनसक्ने त्रासका कारण हामी विश्वास गर्न बाध्य हुन्छौं ।

### ६.२.६. चाडपर्वहरु

हाम्रा अनेकन प्राचीन ग्रन्थहरुमा यस्ता चाडपर्वहरुको उल्लेख गरेको पाइन्छ । नेपाली समाजमा बोलचालको भाषामा चाड र पर्वलाई एउटै रुपमा लिने गरिन्छ । तर पनि चाड र पर्व गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । आआफ्नो घर परिवारमा बसेर मनाइने त्यौहारलाई चाड र सार्वजनिक स्थलमा भेला भएर मनाइने जात्रालाई पर्व भनिन्छ । घरमा बसेर परिवारमा मनाइने चाडहरुमा दसैं, तिहार, संक्रान्ति, तीज पर्दछन् भने सार्वजनिक रुपमा मनाइने पर्वमा शिवरात्री, फागु, रथयात्रा, घोडेजात्रा, छठ, ल्होसार आदि पर्दछन् । यी चाडपर्वहरु देशका विभिन्न कुनाकुनामा मनाइन्छ (उपाध्याय : २०५२ : १२१) । यी चाडपर्वहरुमध्ये कतिपय चाडहरु राष्ट्रिय चाडको रुपमा सबै जातिले मनाउँछन् तर कतिपय जातिपिच्छे फरकफरक मनाउने गरिन्छ । दसैं, तिहार मनाउनेले ल्होसार मनाउँदैनन् । ल्होसार मनाउनेले दसैं, तिहार मनाउँदैनन् । यी चाडपर्वहरु मनाउने प्रक्रिया फरक भए पनि महत्व भने एकै रहेको पाइन्छ । नेपालका अत्यधिक मानिसले मनाउने चाड दसैं तिहार हुन् भने ल्होसार कम मानिसले मनाउने तामाङ, शेर्पा, गुरुङ, ह्योल्मोहरुले ल्होसार मनाउने हुँदा दसैंतिहारजस्ता चाडलाई त्यति महत्व दिँदैनन् । यहाँ वर्णन गर्न

खोजिएको ल्होसार पर्व ह्योल्मो जातिले मनाउने ल्होसार हो । ल्होसार विभिन्न जातिले मनाउँछन् तर पनि यिनीहरुको मनाउने प्रक्रिया भने फरकफरक रहेको पाइन्छ । सर्वप्रथम यहाँ ह्योल्मोहरुले मनाउने ल्होसारको चर्चा गरिन्छ । त्यसपछि यिनीहरुले मनाउने अन्य चाडपर्वहरुको क्रमश: चर्चा गरिनेछ ।

ल्होसार

विविध सांस्कृतिक पर्वहरुमध्ये ल्होछार पनि एक मान्न सकिन्छ । नेपालको हिमाली क्षेत्रमा मनाइने यो ल्होछारको आफ्नै मौलिकता र विशेषता रहेको पाइन्छ । हाम्रो देशमा यसलाई एकता, सद्भाव र मेलमिलापको प्रतीकको रुपमा उत्साह र हर्षोल्लासका साथ मनाइन्छ । अन्य जातिले मनाउने दसैं तिहारसरह ल्होछारलाई ह्योल्मो जातिले मनाउँछन् ।

अन्य जातिहरुमा जस्तो ह्योल्मोहरुले ल्हो (साल) पनि आफ्नै प्रकारले गणना गरेका हुन्छन् । र आफ्नै प्रकारको पनि हुन्छ । यिनीहरुको पर्व गणना गर्न ल्होसारबाट सुरु गरिन्छ । प्रत्येक सालको गणना एक एक जनावरको नामबाट गरिन्छ । बौद्ध सम्पदामा उल्लेख गरिएको एक कथाअनुसार एक दिन गौतम बुद्धले सबै जनावरलाई डाकेका थिए । यसरी बुद्धले डाकेपछि त्यहाँ मुसा, गोरु, बाघ, खरायो, मेघ, नाग, घोडा, भेंडा, बाँदर, चरा, कुकुर र बँदेल गरी बाह्र वटा जनावर भेला भए । यसरी भेला भएका जनावरहरुको नामबाट नै बाह्र वर्षको नाम राखियो । बुद्धवचन अनुसार जुन व्यक्ति जुन जनावरको वर्षमा जन्मन्छ त्यसको स्वभाव पनि त्यसै जनावरको जस्तो हुन्छ । स्वभाव मिल्दो जनावरको वर्षमा जन्मिएका मानिसको विवाह गराइन्छ । तर बाघ र गोरु वर्षमा जन्मिएका केटाकेटीका बीचमा वैवाहिक सम्बन्ध स्थापित हुन सक्दैन (उपाध्याय, २०५२:१४०) ।

ल्होसार मनाउने तीन परम्परा कायम भएको पाइन्छ । पहिलो प्रकारको ल्होसारलाई तोला ल्होसार भनिन्छ । तोलाको कार्य खेलाँची भन्ने बुझिन्छ । त्यसैले यसलाई ख्यालख्यालमा आनन्दको निम्ति मनाइने पर्वको रुपमा लिइन्छ । यो ल्होसार मंसिरको अन्त्य र पौषको सुरुमा मनाइन्छ । यो तोला ल्होसार मनाउने प्रचलन अद्यावधि सिक्किम मुहान र तिब्बतमा कायम छ । दोस्रो प्रकारको ल्होसारलाई ग्याल्बो ल्होसार भनिन्छ । ग्याल्बोका अर्थ राजा हुन्छ । त्यसैले राजा वा ठूलाबडाले मनाउने ल्होसारलाई ग्याल्बो ल्होसार भनिन्छ । ग्याल्बो ल्होसार तिब्बती गुम्बा र नेपाली शेर्पा समाजमा मनाइन्छ । ग्याल्बो ल्होसार फागुन महिनाको

शुक्ल पक्षको प्रतिपदामा पर्छ । तेस्रो प्रकारको ल्होसार सोनम ल्होसार हो । पुस महिनाको अन्त्यतिर अर्थात् माघ शुक्ल पक्षको प्रतिपदामा यो ल्होसार मनाइन्छ । फागुन महिनाबाट कृषकहरु धमाधम बाली लगाउने काममा लाग्नुपर्ने भएकाले नै माघमा यो ल्होसार मनाउने परम्परा चलेको हो भन्ने मान्यता बूढापाकाहरुको रहेको छ । आजभोलि पनि तिब्बतका किसान, नेपालका तामाङ, ह्योल्मो तथा भारतका लद्धखीहरु सोनम ल्होसार मनाउँछन् (लुईंटेल २०५५:६२) । एउटा ल्होसार मनाएपछि अर्को वर्ष सुरु भएको मानिन्छ ।

तीन वटा ल्होसार (तोला, ग्याल्बो, सोनाम) बारे माथि चर्चा गरियो । यसलाई अझ प्रष्ट पार्न तीनवटै ल्होसार मनाउने महिनालाई तलको तालिका दिइएको छ ।

ल्होसार

| तोला ल्होसार | ग्याल्बो ल्होसार | सोनाम ल्होसार |
|---|---|---|
| मंसिरको अन्त्य र पौषको सुरुमा मनाइन्छ । | फागुन शुक्लपक्षको प्रतिपदामा मनाइन्छ । | पुस महिनाको अन्त्यतिर अर्थात् माघ शुल्कपक्षको प्रतिपदामा मनाइन्छ । |

उल्लेखित तीन वटा ल्होसार नेपालका शेर्पा, गुरुङ, तामाङ, ह्योल्मो जातिले कुनै न कुनै रुपले मनाउँछन् । यसमध्ये ह्योल्मो जातिले मनाउने ल्होसारलाई कसरी मनाउँछन् भन्नेबारे यहाँ वर्णन गर्न खाजिएको हो । ह्योल्मो जातिले शताब्दीयौंदेखि मनाउँदै आएको ल्होसार सोनाम ल्होसार हो । माघ महिनाको औंसीको भोलिपल्ट परेवाको दिनदेखि सुरु भएर पूर्णिमासम्म विभिन्न तरिकाले ह्योल्मोहरुले यो ल्होसार मनाउने गरेका छन् । हेरौं ह्योल्मोहरुले सोनम ल्होसारलाई कसरी मनाउँछन् ।

सर्वप्रथम त ल्होसार मनाउने सुर गर्ने अघिल्लो दिन (औंसीको अघिल्लो दिन) नै नौथरी गेडागुडीको गुथुक्पा (क्वाँटी) खाने गर्दछन् । औंसीको दिनमा चामलको पिठोको बाबर पकाइन्छ । साथै खाने विभिन्न परिकार बनाइन्छ । आँटाको पिठोको जेरो (खाप्से) घीउ वा तेलमा पकाइन्छ । परेवाको दिन (ल्होसार मनाउने दिन) मा उज्यालो नहुँदै चोखो पानी ल्याएर भगवानलाई चढाइन्छ । खानाका सम्पूर्ण परिकार, फलफूल, धुपबत्ती सबै पूजा कोठामा सजाएर भगवानमा चढाइन्छ । धार्मिक विधिअनुसार लेखिएका ध्वजा

खडा गरिन्छ । त्यसपछि रक्सी वा दूध सगुन स्वरुप राखिन्छ । त्यस क्रममा लामाले पूजापाठ गर्ने चलन पनि छ । ध्वजासहित खडा गरिएको लिङ्गोमा मात्र पाठ पढेर घीउको ५ वटा टिका लगाइन्छ । सातु, पिठो, चिनी, घीउ, मोही मुछेर विशेष प्रकारको भाँडोमा राख्ने गरिन्छ । स्यालगर (विशेष प्रकारको रक्सी)लाई धम्बे (काठको ठेकी जस्तो तीन ठाउँमा सिलबर वा पित्तलले बाँधिएको)लाई घाँटीमा खादाले बेरेर राखिएको हुन्छ (डीबी ह्योल्मो अन्तर्वार्ता) ।

स्यालगर राखिएको धम्बेको मुखमा तीन ठाउँमा टिका लगाइन्छ । पूजा सकिएपछि बाबु र आमा भएको बच्चालाँई स्याल्गर समाउन दिएर उपस्थित सबैले विधिपूर्वक ल्हारक्यालो (भगवानको नाममा जयजयकार) भन्दै तीनपटक आकाशतिर उठाइन्छ । उपस्थित सबैले हातमा पिठो, चामल लिएर तीनपटक आकाशतिर छर्कन्छन् । यसलाई ल्हाप्सोल भनिन्छ । नयाँ वर्षको शुभकामनाको संकेत र विश्वशान्तिको कामनाको निम्ति यसरी पूजापाठ गरिएको जनविश्वास रहँदै आएको छ । पिठो हातमा लिएर आफन्तजनमा मुखमा दलिदिने परम्परासमेत छ । यसलाई मुखमा भएको सेतो जस्तै सेतै कपाल फुलुञ्जेलसम्म बाँचिरहोस् भनेर आसिर्वादसमेत दिने गरेको पाइन्छ । घरमा गएर कमलको फूलजस्तो सजाएर राखेको चामलको पिठोको बाबर तयार गरी खाने कुरा खाँदै पूजा पाठ गर्दै गरिन्छ । घरको मूली मानिसले घीउको टिका लगाइदिएर आसिर्वाद दिइन्छ । टोलछिमेक जम्मा घरको ध्वजा राखिएको लिङ्गमुनि ल्हाप्सोल गरिन्छ । स्यालगर पूजा गरिन्छ, यो पूजा टोलभरि पालैसँग गरिन्छ । ह्योल्मो परम्पराको भेषभुषा लगाउने तथा टाढाटाढा देखिएका चेलीबेटी टिका थाप्न आउने परम्परा विद्यमान छ ।

यस क्रममा घरको मान्यजन अर्थात् सबभन्दा ठूलो मानिसले अन्य सदस्यलाई मेलन (टिका) लगाइदिने काम हुन्छ । टिका नौनी घीउ र टोटलाको फूलको लगाउने गरिन्छ, जसरी हिन्दूहरुले दसैंमा आफ्नो मान्यजनको घरमा गई टिका लगाएर आशिष लिने काम गर्दछ । त्योसँग ठीक मिल्दो छ, ल्होसार पर्व । ल्होसार पर्वमा ठूलाबडाले आफूभन्दा सानालाई थाप्लो (निधार)मा मेलम (टिका) लगाइदिएर आसिर्वाद दिँदै सुस्वास्थ्य एवं दिर्घायुको कामना गर्दछन् । यस दिन यस्तै प्रकारका कार्यक्रम गरेर रमाइलो गरी आफ्नै घरपरिवारमा बिताउँछन् । भोलिपल्ट आफ्नो टोलछिमेकका मान्यजन अर्थात् दाजुभाइकहाँ गएर अघिल्लो दिनको जस्तै कार्यक्रम भव्यताका साथ मनाउँछन् । यिनीहरु आफन्तकहाँ जाने क्रममा जेष्ठानुक्रम अनुसार अन्तिम दिन सबभन्दा सानाको घरमा जाने कार्यक्रम हुन्छ । यसरी एक अर्काकोमा जाने क्रम १० देखि १५ दिनसम्म हुन्छ । यसमा पनि आफन्तको संख्या हेरेर ल्होसार कति दिन मनाउने भन्ने कुराको निर्धारण हुन्छ । औंशी

शुल्क तृतीयाको दिन सबै गाउँलेहरु लामाकोमा कोसेली लिएर जान्छन् र गुम्बामा क्षीजु पर्व मनाइन्छ (लुईंटेल : २०५५:६६) ।

यसप्रकार ल्होसारका अवसरमा ह्योल्मोहरु राम्रो राम्रो लुगा लगाउने तथा विभिन्न परिकारहरु बनाइ पूजाआजा गर्ने भगवानलाई जयजयकार गर्ने गर्दृछन् । साथै नृत्य, खानपिन, मनोरञ्जन गर्दै आपसी सद्भाव र आसिर्वाद आदानप्रदानका साथमा ह्योल्मोहरुले ल्होसार पर्व सम्पन्न गर्दछन् । चेलीबेटीलाई दक्षिणा दिने र खादा लगाई दिने परम्परादेखि लिएर स्वती शान्ती छाओस् र ग्रहदशा नलागोस् भन्नका लागि लुङदर ( ध्वजा) फेर्ने काम पनि यसै ल्होसारकै अवसरमा सम्पन्न हुन्छ । तिहारको औंसीमा द्वितीया खाएझैं यसबेला द्वितीया खुवाउने समेत प्रचलन रहेको छ । यसरी धुमधामसँग विभिन्न समारोहका बीच नयाँ वर्षको उपलक्ष्यमा ह्योल्मोहरुले ल्होसार पर्व मनाउने गर्दछन् ।

ह्योल्मोहरुको बसोबास भएका क्षेत्रहरु सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, चितवन, काठमाडौंमा ल्होसार पर्वलाई धुमधामका साथ मनाइन्छ । आजभोलि आफ्नो जातीय उत्थानबारे सोच्ने युवा पिंढीले भने आफ्नो संस्कार छोड्न हुन्न भन्ने मान्यता विकास भइसकेकाले तिब्बती लामा लगाएर भए पनि आफ्नो परम्परालाई थाम्ने कोसिस गरेका छन् । आफ्नो मुख्य चाड त यही (ल्होसार) नै रहेछ भन्ने सोच आइसकेकाले यसअघि मान्दै आएका अन्य जातिका चाडपर्वहरुलाई त्याग्दै लानुपर्ने धारणा युवापुस्ताको छ । हाम्रो पनि भाषा छ, संस्कृति छ, चाडपर्वहरु छन्, तिनीहरुलाई हामीले अनुकरण गर्नुपर्दछ र आफ्नो जातीय चाडपर्वहरु मनाउन सकेमा मात्र हाम्रो जातीय पहिचान कायम हुन्छ भन्ने मान्यता युवाहरुको छ (सोनाम ह्योल्मो, कक्षा १२, अन्तर्वार्ता, २०६८) ।

### ६.२.७. ह्योल्मो जातिका आफ्नै चाडपर्वहरु

कुनै पनि कार्यक्रम, चाडपर्व वा परिपाटी यस्ता हुन्छन् जसलाई थोरबहुत रुपमा सम्पूर्ण मानिस अर्थात् जातजातिले स्वीकार गरेको हुन्छ । त्यसै अनुरुप नेपालमा यस्ता केही चाडपर्वहरु छन् जसलाई लगभग सबै नेपालीले मनाउने गर्दछन् । यस्ता चाडपर्वको बारेमा माथि नै वर्णन गरिसकिएको छ । यतिमात्र नभएर कुनै पनि ठाउँ अर्थात् जाति विशेषका छुट्टै चाडहरु हुने गर्दछन् । जसको अपवाद ह्योल्मोहरु हुन सक्दैनन् ।

यसको मतलब ह्योल्मोहरुले मनाउने आफ्नै प्रकारका केही चाडपर्वहरु छन् । जसलाई तलका निम्न शीर्षकमा प्रष्ट पार्ने प्रयत्न गरिएको छ ।

क्षीजु पर्व (छ्हेच्यू)

ह्योल्मोहरुले मनाउने आफ्ना महत्वपूर्ण चाडपर्वहरुमध्ये छ्येच्यू पनि एक हो । ह्योल्मो भाषामा च्यू भनेको दश र क्षीजु भनेको दशमी हुन्छ । त्यसैले दशमीका दिन मनाइने पर्वलाई छ्हेच्यू पर्व भनिन्छ । कुनै पनि जाति जनजातिले सम्पन्न गर्ने कुनै पनि धार्मिक कार्य वा पर्वको निश्चित मान्यता एवं उद्देश्य हुन्छ । यसमा पनि विशेषत: धार्मिक कार्य कुनै न कुनै कारणबाट अभिप्रेरित भएर गर्ने गरेको पाइन्छ । यसर्थ ह्योल्मो मनाउने चाडपर्वमा पनि निश्चित उद्देश्य र मान्यता रहेको छ । यो पर्व कसरी मनाउन थालियो भन्ने सम्बन्धमा एउटा राम्रो किम्बदन्ती पाइन्छ ।

गुरु पद्मसम्भवलाई ह्योल्मोहरु आफ्नो आदिपुरुष अर्थात् गुरु मान्दछन् । उनलाई हिमाञ्चल पहाडमा त्यहाँका मण्टिराजाले जिउँदै जलाएको र त्यहाँ सात दिनसम्म आगो ननिभेको हुँदा त्यहाँका जनताले राजालाई खबर गरे । पद्मसम्भवलाई त्रयोदशीको दिन जलाइएको थियो । उनलाई जलाइएको सातौं दिनमा त्यहाँ आफसे आफ पोखरी बन्यो । यसलाई एक चमत्कारिक घटना मानियो । त्यसै पोखरीको माझमा कमलको फूल निस्क्यो र त्यस फूलमा अत्यन्तै सानो एक मुठ्ठी भरको आकारको मानिस देखापर्‍यो । यति भइसकेपछि पुन: राजालाई खबर गर्दा राजा त्यहाँ आएर क्षमायाचना गरेपछि त्यो मानिस ठूलो आकारमा परिणत भयो । त्यो दिन दशमीको दिन भएको अनि गुरु पद्मसम्भवको त्यो अवस्था भएको कारण उनकै सम्झनामा यो क्षीजुपर्व मनाउने गरिन्छ ।

ल्होसार सकिएको लगत्तैपछि अर्थात् नवमीको दिनबाट यो चाड सुरु भएर दशमीको दिन सम्पन्न हुन्छ । यी ह्योल्मोहरुको निश्चित मानिस अर्थात् धुरी (घर)को एउटा समाज हुन्छ त्यसैले यो चाड सम्पन्न गर्न सबैलाई एक एक कुरा जुटाउने कार्यको जिम्मा दिइन्छ । यसैअनुरुप नवमीकै दिन सबैले ३/३ भारी दाउरा ल्याउनुपर्छ । त्यस्तै अष्टमी नवमीको दिन एक पाथी मकै, दुई पाथी चामल र दुई पाथी रक्सी अनिवार्य रुपमा ल्याउनुपर्छ । त्यसपछि नवमीकै दिन तोर्स्याङ (तारेमा बनाउने काम) गरिन्छ । तोर्स्याङ गर्ने काम समाप्त भएपछि सर्वप्रथम लामाले सङ गर्दछ । यो छोटो र लामो दुवै तरिकाबाट सम्पन्न गर्न सकिन्छ । यसपछि ठूलो मात्रामा धूपको हवन गरिन्छ । विभिन्न प्रकारका धूपहरु हवन गर्दा वातावरणमा समेत

शुद्धता ल्याउने काम गर्छ । यस पर्वका लागि सबैले ल्याउनुपर्ने अनिवार्य चीजमध्ये १ पाथी मकै भने एक महिना अगाडि नै जम्मा गर्नुपर्दछ किनकि आवश्यक पर्ने जाँड रक्सी बनाउनुपर्ने हुन्छ । नवमीको दिन बनाएको ठूलोठूलो तारेमा गुम्बामा लगिन्छ र गुम्बामा नै छ्रहेच्यू सुरु हुन्छ । यसपछि ९/१० बजेसम्म लामाो पूजा गर्छ । त्यसपछि दिनभरि र भोलिपल्टसम्म लामाले भाजम (धार्मिक नृत्य) गर्ने गर्दछ । धार्मिक नृत्य समाप्त भएपछि कुलदेवताको पूजाआजा गरिन्छ । त्यसपछि पिठोको खोलेमा भट्टमास छुर्पीजस्ता विभिन्न चीज मिसाएर बनाएको खाना सबै गाउँलेलाई खुवाउने काम हुन्छ । त्यस्तै एघारौं दिनमा गुम्बामा सबैले ल्याएर क्षे (प्रसाद फलफूल तोरमा) तथा कपडासमेत चढाउने काम हुन्छ । गुम्बामा भएका सम्पूर्ण मूर्तिमध्ये प्रमुख मूर्ति पद्मसम्भवको हो । पद्मसम्भवको वरिपरि डाकिनी (मष्टिराजाको बहिनीलाई डाकिनी भनिन्छ ।) हुन्छन् । त्यहाँ सबै मानिसले खादा चढाउँछन् । यस्ता खादाहरुमा बाबुको सम्झनामा पद्मसम्भवलाई र आमाको सम्झनामा डाकिनीलाई चढाउने गरिन्छ । यसपछि खाजा खाने काम हुन्छ र खाजा खाने काम समाप्त भएपछि विधिपूर्वक लाखे नाच नाच्ने कार्य सुरु हुन्छ । यसप्रकारका लाखे नाचले अशुभ समाप्त पार्ने मान्यता रहेको कारण तिनीहरुलाई सबैले यथासक्य पैसा दिएर लखेट्ने प्रचलन रहेको छ । यो केवल पौराणिक सोचभन्दा बढी केही होइन । खाना खाइसकेपछि लामाले ओङ (दिर्घायुको कामना) गर्दछ । त्यहाँ बनाएर राखिएको अमृत (रक्सीमा चिनी मिसाइएको) सबैलाई वितरण गरेर लामाले सुस्वास्थ्य एवं दिर्घायुको कामना गरी आसिर्वाद दिएपछि छ्रहेच्युको कार्यक्रम अन्त्यतिर पुगेको जानकारी हुन्छ । अन्त्यमा आगामी दिनमा अर्थात् अर्को वर्ष छ्रहेच्यू कसले गर्ने भन्ने कुराको निर्णय गरेर क्षीजु समापन गरिन्छ । छ्रहेच्यूको कार्य जिम्मा लिनेलाई 'न्येर्पा' भनिन्छ । आगामी वर्षको र यस वर्षको न्येर्पालाई सँगै राखेर १/१ वटा स्यालगर दिइन्छ । त्यस्तै पहिला नै तयार गरिराखेको ठूलो तोर्मा पनि एक एकवटा दिइन्छ । अब छ्रहेच्यू याङजी (समापन) को लागि केही सामान तयार गरिन्छ । त्यसपछि फुरुमा निङार (निगार) छ्याङ तथा तीन ठाउँमा घीउ राखिन्छ । यसपछि न्यार्पाले निगार हातको साहिली औंलाले ईश्वरको नाममा चढाए (छेपा) पछि अरुलाई प्रसादको रुपमा बाँड्छ । यसपछि एक वर्षको छ्येच्यु विधिवत रुपमा समापन भएको घोषणा गरिन्छ (लुईंटेल : २०५५:६८,६९) ।

यसरी सौहार्दपूर्ण वातावरणमा अत्यन्तै शिष्टतापूर्वक यस सालको छ्रहेच्यू पर्व समाप्त भएपछि अर्को साल छ्रहेच्यू कसले गर्ने भन्ने कुराको निर्णय गरी मानिस छानेर ससाना कार्यभार सुम्पिएपछि छ्रहेच्यू विधिवत

रुपमा सम्पन्न भएको घोषणा गरिन्छ । यो प्रक्रिया निकै उपयुक्त अनुकरणीय र आजको युग सुहाउँदो नै देखिन्छ ।

न्यूङने (उपवास) पूजा

ह्योल्मोहरुले मनाउने अर्को महत्वपूर्ण चाड हो न्यूङने । यो पर्व उपवास बस्ने मानिसहरु भेला भएर गुम्बामा बसेर मनाउने गरिन्छ । यो वर्षमा दुईपटक गरेर मनाइन्छ, बुद्ध जयन्तीको दिन र न्हारा पूजापश्चात् अर्थात् उधौली र उभौली गरी वर्षमा दुईपटक भव्यताका साथ मनाइन्छ । पूर्णिमाको दुई दिन अगाडिबाट अर्थात् त्रयोदशीको दिनबाट यो पूजा कार्य सुरु हुन्छ । क्षीजुमा तोर्स्याङ बनाउने काम गरेजस्तै यसमा पनि सर्वप्रथम तोर्स्याङ बनाउने काम गरिन्छ । प्रत्येक घरपरिवारबाट दुई महिना अगाडि करु (जौं जस्तै) चार-चार माना उठाइन्छ । यसको सातु बनाइ उपवास बस्नेलाई ख्वाइन्छ ।

जब गुम्बामा भएको शंख बजाइन्छ तब उपवास बस्ने सम्पूर्ण मानिस अनिवार्य रुपमा गुम्बामा उपस्थित हुनुपर्दछ । त्यसपछि च्यूजी स्याल/छ्याकतोङ चेनतोङ (हजार हात मुख आँखा भएको) अर्थात् लोकेश्वरको पूजा भएपछि विधिवत रुपमा न्यूङने सुरु हुन्छ । यसको अर्थ त्रयोदशीको दिनबाट पूजा सुरु हुन्छ । उपवास बस्न आउने मानिसले आफूलाई आवश्यक पर्ने सारा चिज (खानेकुराबाहेक) लुगाफाटो, ओढ्ने, ओछ्याउने आफैले व्यवस्था गर्नुपर्ने हुन्छ । त्रयोदशीको दिन सुरु भएको यस पर्वमा चतुर्दशीको बेलुका १२ बजेसम्म त्यहाँ उपवास बस्ने सम्पूर्ण मानिसलाई हरेक प्रकारका खानेकुरा खाए जति खुवाउने व्यवस्था हुन्छ । यता त्रयोदशीको दिन नै उपवास बस्ने सबै मानिसले पञ्चशीलको सपथ लिनु अनिवार्य छ । चतुर्दशीको दिन विहान दिउँसो र बेलुका गरी ३ पटक पूजापाठ गरिन्छ । पूर्णिमाको दिन लामाले पुम्बा (जसलाई कलश भन्छौं)ले अमृत (पञ्चामृत) उपवास बस्ने मानिसलाई दिएपछि खाना खाने कुरा त परै जाओस् थुक पनि निल्न नहुने मान्यता रहेको छ । करिब १२/१५ घण्टासम्म उपवास बस्नेले केही पनि बोल्न नहुने केवल लामाले दिएको मन्त्र मात्र जप्ने काम त्यसबखत गरिन्छ । भोलिपल्ट विहान गुरु अर्थात् लामाले पुम्बाको पानी दिएपछि मात्र उपवास बस्ने मानिसले खाना खाने अनुमति पाउँछन् । अब भने बल्ल मोहीमा सातु राखी खान दिएपछि उपवास बस्नेले बोल्ने छुट पाउँछन् । यस समयसम्ममा अर्थात् कार्यक्रम यहाँसम्म आइपुग्दा न्यूङने पूजाको कार्य अन्त्यतिर पुग्दै गएको आभास मिल्छ । अन्ततः पुनः क्षीजुमा जस्तै न्युङनेमा

पनि अर्को वर्षको लागि न्यार्पाको बन्दोबस्त गरेर मात्र यसलाई सम्पन्न गरिन्छ । न्यार्पाको व्यवस्था गर्दा क्षीजुमा जस्तो जाँडको घ्याम्पाको आवश्यकता पर्दैन । तर यसपटकको न्यार्पा र पछि हुने न्यार्पालाई एकै ठाउँमा राखेर तोरमा तथा रक्सी दिइन्छ । दुवैले यसलाई ग्रहण गरेपछि अर्को साल न्युङने गर्ने मानिसको पक्का हुने भएकाले अब एक वर्षको लागि न्यूङने सम्पन्न भएको घोषणा गरिन्छ ।

## छोग पूजा

छोग पूजा ह्योल्मोहरुले मनाउने महत्वपूर्ण चाडमध्ये एक हो । यो पूजा भदौको पूर्णिमामा सबै गाउँलेहरु गुम्बामा भेला भएर सम्पन्न गरिने पूजा हो । साउनमा अत्यधिक लामाहरु गुफा बस्दछन् । यसलाई गुप्तबास पनि भन्दछन् । यसै गुप्तबासबाट लामाहरु बाहिर निस्कँदा उनीहरुकै सम्मानमा स्वागतस्वरुप गरिने यस पूजालँ ई छोग पूजा भनिन्छ । गुफा बस्नुभन्दा पहिला गुफा बस्ने लामाले गुम्बामा लाख ढोग गर्नु अनिवार्य छ । गुफा बस्ने नभए पनि यो लाख ढो गर्ने गरिन्छ । यसरी गुफा बसिसकेपछि लामाको स्तर बढ्ने भएकाले स्तर निर्धारण गर्नमा यस छोग पूजाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । गुफा बस्ने ठाउँमा जान जोसुकैलाई अनुमति दिइएको हुँदैन । गुफा बस्ने ठाउँ वरिपरि झण्डा राखी निश्चित निर्धारण गरिएको हुन्छ । गुफाको चारैतिर (चार सुरमा) ढुंगा राखिएको हुन्छ । यसैबेला भगवानको नाममा वर्षेबाली चढाउने पनि गरिन्छ । गुफा बसेको ठाउँमा जान अनुमति पाएको निश्चित व्यक्तिले मात्र त्यहाँभित्र आवश्यकीय सामग्री पुऱ्याउन सक्छ । निश्चित समय गुफा बसिसकेपछि एक साथ लामाहरु बाहिर निस्कन्छन् । यसैबेला उनीहरुको सम्मानमा एक स्वागत समारोहको आयोजना गरिन्छ । यसैले स्वागत कार्यक्रमलाई छोग पूजा वा पर्व भनिन्छ । यिनीहरुको स्वागत कार्य समापनपछि छोगपूजा, पर्व पनि सम्पन्न हुन्छ (लुईंटेल, २०५५, ७१) ।

## नाहारा पर्व (न्हारा)

ह्योल्मोहरुले मनाउने विभिन्न चाडमधये एक अर्को महत्वपूर्ण चाड नाहारा पर्व विशेष गरी असोज महिनामा मनाइन्छ । यसमा पनि औंसीको अघिल्लो दिनबाट नै यो पर्व सुरु भएको मानिन्छ । महायान

धर्मानुसार कतिपय प्राणीले विभिन्न कारणबश स्वर्गबास गर्न सकिराखेका हुँदैनन् । त्यसैले यस्ता प्राणीहरुको मुक्तिको लागि यो पर्व मनाइने मान्यता ह्योल्मोहरुको रहेको पाइन्छ । कुनै पनि गुम्बामा गएर यो पूजा सम्पन्न गर्न सकिन्छ । स्वर्गमा बास गर्न नसकेका र वर्षभरि काटमार गरिएका प्राणीको शान्ति स्वस्तीको लागि पनि यो चाड मनाउन अनिवार्य छ भन्ने मान्यता रहेको छ । तर ह्योल्मोहरु अत्यधिक मांसाहारी भएको कारण यो चाडलाई त्यति महत्व दिएर मनाएको पाईंदैन । यस पर्वलाई 'नाह्रारा दोङडुग' पनि भनिन्छ । आठ चरण गरेर यसको पूजा सम्पन्न गरिन्छ । औंसीको पहिलो दिनमा प्रसादको लागि शेरु ( खाप्सीरोटी) बनाइन्छ । पूजापश्चात् सबै गाउँलेलाई शेरु बाँडिन्छ । औंसीको भोलिपल्टबाट मानिसको संख्या हेरी शेरु बनाउने गरिन्छ । पूजाको लागि आवश्यक पर्ने तोरमा तथा घीउ टोटलाको फूल औंसीको दिनमा नै तयार पारिन्छ । परेवाको दिनबाट लामाले पूजाको थालनी गर्छ । समय हेरी यो पूजा ४ देखि ८ दिनसम्म पनि गरिन्छ । आठ दिनमा पूजा समाप्त गर्ने हो भने दिनमा एक अध्याय पाठ गरिन्छ । यस समय वाचन गर्ने पुस्तकहरुमा कोटयोक चेन्दी, थुजी सेम्बा छेटुपनाम्चे दोर्जे, सिठो, ङ्येदेनन्यूवो, ताफा, कगे महानिङ र ओङ आदि हुन् । यो पूजा दुई दिनमा सकेमा दोस्रो दिनमा र चार दिनमा सके चौथो दिनमा प्रसाद वितरण गर्ने कार्य गरिन्छ ।

यसरी धार्मिक विश्वास र मान्यतामा रहेर स्वर्गबासको लागि अल्मलिई रहेका तथा काटमारमा परी मुक्ति पाउन नसकेका सारा प्राणीले मुक्ति पाउन सकून भनी ह्योल्मोहरुले यो पर्व मनाउने गरेका हुन् र यसलाई आजसम्म पनि यथावत रुपमा निरन्तरता दिंदै आएका छन् ।

### मनिबुम पूजा

ह्योल्मोहरुको अर्को महत्वपूर्ण पर्व हो मनिबुम पूजा । यो पूजा दसैंको अष्टमीको दिन सम्पन्न गरिन्छ । यो पूजाको समयमा लामाले एक लाख मानेपेमे गर्ने गर्दछ । यस समयमा अवलोकेश्वरको पूजा भव्यताको साथ सम्पन्न गरिन्छ । नह्रारा पूजामा वर्षभरि नै काटमार गरिएका प्राणीको नाममा शान्ति स्वती गरिन्छ भने यसमा चाहिं दसैंको बेलामा काटमार गरिएका प्राणीको सहजै स्वर्गबास होस् र लोकबाट मुक्ति पाउन् भन्ने कामना गरिन्छ । या मनिबुम पूजा पनि गुम्बामा गएर सम्पन्न गरिन्छ । जहाँजहाँ गुठीको व्यवस्था छ त्यहाँ गुठीका सम्पूर्ण सदस्य र गुठी नभएको ठाउँमा समाजका सबै सदस्य यस मनिबुम पूजामा अनिवार्य रुपमा

उपस्थित हुनुपर्ने हुन्छ । गुठी भएको ठाउँको यो पूजा सम्पन्न गर्दा लाग्ने सम्पूर्ण खर्च गुठीले नै जिम्मा लिने गर्दछ र गुठी नभएको ठाउँमा समाजका मानिसले व्यक्तिगत रुपमा खर्चको भागीदार हुनुपर्ने हुन्छ । अन्त्यमा त्यहाँ उपस्थित सम्पूर्ण मानिसलाई प्रसाद वितरण गरेपछि सय वर्षको मनिबुम सम्पन्न भएको घोषणा गरिन्छ ।

यसरी ह्योल्मोहरुको आफैले मात्र मनाउने चाडपर्वका आफ्नै प्रकारको महत्व तथा उद्देश्य रहेको छ । यी परम्परागत पर्वलाई ह्योल्मोहरुले जुनसुकै अवस्थामा पनि निरन्तरता दिँदै आएका छन् । अर्थात् आफ्नो संस्कृतिलाई जीवन्तता दिन सफल छन् ह्योल्मोहरु ।

### ६.२.८. नाचगान

कुनै पनि देशको राष्ट्रिय पहिचान भनेको त्यस देशमा बस्ने जातजातिहरुका मौलिक सांस्कृतिक परम्पराहरु हुन् । सम्बन्धित जातिका मात्र नभएर राष्ट्रकै अमूल्य निधि यस्ता सांस्कृतिक उत्सव, पर्व, मनोरञ्जनका साधनहरु, नाचगान, लोकगीत आदिले नेपाली समाजमा सदियौंदेखि जरा गाडेर बसेका छन् । देशका कुनाकुनामा छरिएर बसेका जातजातिहरुका मौलिक नाच, गीत, मनोरञ्जनका साधन, बाजागाजा आदिले ग्रामीण भेगमा त झन् रौनकता थपेको राष्ट्रिय उत्सवहरु, विशेष समारोहमा समेत प्रस्तुत गरिने नाचगानले नेपाली संस्कृतिको मूल मर्मलाई छोएको प्रतीत हुन्छ । नेपालमा बसोबास गर्ने जातजातिहरुका आफ्नै नाचगान छन् तथा तिनलाई सुमधुर तुल्याउने आफ्नै प्रकारका बाजागाजाहरु छन् । कतिपय जातिहरुका बाजागाजाहरु मनोरञ्जनका हिसावले मात्र नभएर चाडपर्व, पूजाआजा सम्पन्न गराउन अनिवार्य ठानिन्छ । बाजागाजाको कति महत्व रहेछ भन्ने कुरा देखाउन धिमाल जातिले प्रयोग गर्ने बाद्ययन्त्र उर्नीलाई उदाहरण देखाउन सकिन्छ । धिमाल जीवनका उर्नीविना कुनै पनि चाडपर्व, आमोदप्रमोद र पूजाआजा पूरा भएको मानिदैन । सामूहिक पूजामा त यसको महत्व अझै बढी देखिन्छ । कारण धिमालहरु सामूहिक पूजाका लागि घरघरमा गएर सामग्री संकलन गर्दछन्, त्यस समय उर्नीको अभाव भयो भने धिमालहरु दुईवटा काठलाई उर्नी बजाएको अभिनय गरेर पनि काम चलाउँछन् (शर्मा २०५८ : २८७, २८८) ।

यसबाट पनि प्रष्ट हुन्छ जातजातिहरुको आफ्ना बाद्यबादनका साधनलाई कति महत्व दिंदारहेछन् भन्ने । ह्योल्मो जातिको पनि आफ्नै नाचगान छन्, मनोरञ्जनका साधनहरु आफ्नै छन् । ह्योल्मो आदिवासी

जनजातिहरुको परम्परागत नाचलाई स्याब्रु भनिन्छ, लामाहरुले भने वाछम भनेर लामाको नाच पनि नाच्ने गर्दछन् ।

ह्योल्मो जातिले आफ्नो पुर्ख्यौली क्षेत्र हेलम्बुको बारेमा बौद्ध धर्मका महाकवि योगी मिलारेपाका विगतलाई अझै पनि महत्व दिने गर्दछन्, गोष्ठी, सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दासमेत उक्त गीत पढेर सनाउँछन् ।

धर्म, परम्परा र प्राकृतिक परिवेशसित सम्बन्धित रहने कुनै पनि जातिको संस्कृतिले त्यस जातिको मनोविज्ञान भावना र चरित्रलाई सहजै प्रतिविम्बित गर्ने गर्दछ । 'अत एक विशाल हिमाली पाखाको स्वच्छता र उदारतालाई आफ्नो अनुभूतिमा समेट्ने ह्योल्मो जनजातिले त्यस क्षेत्रमा कलकल गर्दै बग्ने खोला र छहराको गीत तथा हरिया भरिया पाखामा विचरण गर्ने डाँफे र कस्तुरी मृगका नृत्यहरुलाई पनि प्राकृतिक ढंगले अपनाउँदै आएका छन्' (लामा : २०६२ : २४२) ।

अत: यसबाट पनि नृत्य र गीतहरु ह्योल्मो जातिको जीवनका अभिन्न अंग बनेको प्रष्ट हुन्छ । यिनीहरुको उत्सव, पर्वमा अनेक प्रकारका गीतहरु गाउँछन् र सार्थक नृत्य पनि गर्दछन् । गीतलाई ह्योल्मो भाषामा 'गुर्मा' भनिन्छ । ह्योल्मोहरुले उत्सव पर्वमा गाउने गीत तथा नृत्यबारे वर्णन गरिएको छ ।

मानिछेपा

देवीदेवताका स्मरणमा गीतीलयमा गरिने यो भजन हो । स्त्री-पुरुषहरुले एक दोस्रोको हात समाई छुट्टाछुट्टै दल बनाई पालैसित यो गीत अथवा भजन गाउने र नृत्य पनि गर्ने गर्दछन् । त्यसरी नृत्य र गीतमा सहभागी हुनेहरुलाई दर्शकवर्गले जाँड, रक्सी तथा खाद्यवस्तु खुवाउने र स्वयं पनि भोजमा सम्मिलित हुने गर्दछन् । कहिलेकाहीं उमंगले आकासिंदा त्यो नाच्ने र गाउने कार्यक्रमले रात्री जुनेलीलाई सुस्ताउन लगाई विहानीको सूर्यलाई पनि समेट्ने गर्दछ । कयौंपल्ट यो कार्यक्रमले समाहित दोहोरी गीत तथा जुवारीको रुपमा हुन्छ (लामा: २०६२ : २४३) ।

छेर्लु

ह्योल्मोहरुले गाउने यो एक किसिमको विरही गीत हो । एक्लै वा सामूहिक रुपमा गाइने यस गीतको लय तथा शब्द मार्मिक किसिमका हुन्छन् ।

छ्याङ्लु

जसरी छेर्नुलाई विरही गीतको रुपमा लिइन्छ भने यसलाई छेर्लुको विपरीत अर्थात् हर्षोल्लासको सूचक मानिन्छ । छ्याङ्ग्लु गीत सामूहिक वा एक्लै गाइने गीत हो । यसमा आफ्ना नाता कुटुम्बसितको मिलापमा जाँड, रक्सी र अन्य खाद्यपदार्थहरु खाँदा यो गीत गाइने भएकाले विशेष गरी ल्होसार (नयाँ वर्षको आगमन)मा यस गीतको लोकप्रियता हुन्छ ।

छ्याम्नु

छाम पनि ह्योल्मोहरुले गाउने गीत हो । सिल्न (अन्तरा) गाएपछि चोम्छु (दोहोरी गीत) आरम्भ हुने यो गीतसँगै नृत्य पनि गरिन्छ ।

६.२.९. बाजागाजाहरु

ह्योल्मोहरुले बाजागाजाको रुपमा प्रयोग गर्ने साधनहरु यसप्रकार छन् :

क. डाम्डेन (टुङ्ना)

ख. लेमु (बाँसुरी)

ग. पियोङ

घ. लाभा (मुखले फुकेर बजाउने लामो बाजा)

ङ. भुत्च्याल (झाम्टा)

च. डमरु

**छ. घण्टी**

**ज. ग्यालिङ (लामाहरुले पूजापाठ गर्दा बजाउने बाजा)**

**झ. शंख**

# अध्याय ७

## ह्योल्मो जातिमा परिवर्तनको प्रभाव र संरक्षणको वर्तमान अवस्था

### ७.१. ह्योल्मो जातिमा परिवर्तनका प्रभाव

**नेपालको बागमती अञ्चलको सिन्धुपाल्चोकको क्यूल गाविसमा रहेका ह्योल्मोहरु अल्संख्यक जाति हुन् । यो आफ्नो छुट्टै भाषा, भेषभुषा, रहनसहन, धर्म, संस्कृति तथा मूल्यमान्यता भएको जाति हो । अहिले यस जातिको आफ्नो मौलिक भाषा, लिपि, भेषभुषा आज अत्यन्तै कम ह्योल्मोहरुले मात्रै प्रयोग गर्ने गरेको पाइन्छ । यस जातिको धर्म तथा केही सामाजिक संस्कारहरुबाहेक अन्य धेरै कुराहरुमा परिवर्तन भएको छ ।**

**देश, काल र परिस्थितिहरु अनुसार नयाँ नयाँ पुस्ताहरु आआफ्ना सभ्यता र संस्कृतिहरुलाई आआफ्नो किसिमले विकसित र परिस्कृत पार्दै ल्याउँछन् र नयाँ नयाँ उत्तराधिकारीहरु पनि स्वभाविक रुपले नै यस्ता परिस्कृत सभ्यता र संस्कृतिहरुलाई ग्रहण गर्दै जान्छन् । सभ्यताको आरम्भदेखि आजसम्म पनि यो परम्परा निरन्तर रुपमा चल्दै आइरहेको पाइन्छ । (आचार्य : २०५४ : ६२, ६३)**

**वास्तवमा संस्कृति गतिशिल हुन्छ, यो सधैं एक नास रहँदैन यसमा परिवर्तनहरु आउँछन् । पुरानो पुस्ताबाट नयाँ पुस्तामा संस्कृति ग्रहण गर्दै जाने क्रममा कतिपय अवस्थामा पुराना कुराहरुमा परिमार्जन हुन्छ । यो नै संस्कृति परिवर्तनको प्रक्रिया हो । (मिश्र चैतन्य : बदलिंदो नेपाली समाज, २०६७) । ह्योल्मो जातिमा कतिपय पुराना संस्कृतिहरु लोप भएका छन् भने कति संस्कृति परिवर्तन हुँदै आइरहेका छन् । अबको चर्चा ह्योल्मो जातिमा देखिएका परिवर्तनहरुबारे गरिनेछ ।**

७.१.१. भेषभुषामा आएको परिवर्तन

ह्योल्मो जातिमा परिवर्तनको प्रभावलाई हेर्दा उनीहरुका भेषभुषा, भाषा, सांस्कृतिक क्रियाकलापका प्रक्रियाहरुमा क्रमश: परिवर्तन देख्न सकिन्छ । भेषभुषाकै क्रममा देखिएको परिवर्तनकै चर्चा गर्नुपर्दा परम्परागत भेषभुषा र हालको भेषभुषामा प्रष्ट अन्तर देखिन्छ । पहिला पहिला ह्योल्मो जातिका विवाहमा दुलाहाले दौरा सुरुवालमाथि पटुका बाँधी त्यहाँ खुकुरी भिर्ने गर्दथे । त्यस्तैगरी खुट्टामा दोचा (भोटे जुत्ता) र टाउकामा स्यामुक (टोपी) लगाउँथे तर हाल दुलाहाले लगाउने यस्ता पहिरनमा पूरै परिवर्तन भई सुट, टाइ तथा छालाको जुत्तामा दुलाहाहरु सिंगारिन थालेका छन् । भेषभुषामा आएको यो ठूलो परिवर्तन हो ।

पुरुषहरुले अन्य अवस्थामा पनि आफ्नो जातीय भेषभुषा लगाएको लगभग कतै देखिंदैन । खासगरी आफ्ना भेषभुषा, छ्यूवा, खेन्जेर, स्यहोम्बा (जुत्ता) शिरमा लगाउने उस्या (टोपी)को सट्टा आधुनिक सर्ट, पाइन्ट, छाला या कपडाका जुत्ताजस्ता भेषभुषा लगाएका छन् । (स्थलगत अवलोकनका आधारमा)

ह्योल्मो पुरुषहरुको तुलनामा महिलाहरुले लगाउने भेषभुषामा चाहिं पूरै परिवर्तन आएको पाईदैन । महिलाहरु चाडपर्व तथा अन्य समारोहमा आफ्ना परम्परागत भेषभुषाहरु र गरगहनाहरु लगाउने गर्दछन् । ह्योल्मो महिलाहरुको भेषभुषाहरुमध्ये छ्यूवा, बख्खु, पाङ्देन जस्ता कपडाहरु महिलाहरुले प्राय: लगाउँछन् तर यति हुँदाहुँदै पनि अन्य पुराना कतिपय भेषभुषा तथा गरगहना लगाउने क्रममा महिलाहरुमा पनि परिवर्तनको प्रभाव परेको छ । सूर्यमुखी फूल जस्तो कानमा लगाउने सेरमेन्दो देखि पोते लगाएझैं लगाइने तीनवटा चाँदीको गहनाबीचमा सुनको बुट्टा राखिएको काउ सुन्जर हुँदै झाण्डुम आदि अहिले पूर्णत: लोप भइसकेका छन् (लामा : २०५७) ।

समग्रमा ह्योल्मो जातिका पुरुष र महिलाहरुले परम्परादेखिको भेषभुषा एवं गरगहना छाड्दै गएकोले आधुनिकतातिर क्रमश: ढल्केको देखिन्छ । तसर्थ परम्परागत भेषभुषा, गरगहनामा आधुनिकताको प्रभाव

पर्न थालेको छ । तर पनि पुरानो भेषभुषा र गरगहनालाई चटक्कै छाड्न नसकी आधुनिक किसिमका भेषभुषा र गरगहनातर्फ आकर्षित हुँदै आए तापनि तिनमा विकृति र विसंगतिको गन्ध चाहिं देखिँदैन ।

समय, परिस्थिति, नयाँ नयाँ प्रविधि, पश्चिमी संस्कृति स्थानीय समाज आदिका कारण ह्योल्मोहरुका परम्परागत भेषभुषा र गरगहनामा परिवर्तनको प्रभाव परेको छ । तसर्थ परम्परादेखि चलनचल्तीमा रहेका र ह्योल्मो जातिको पहिचान बोकेका गरगहना र भेषभुषाको संरक्षणमा सम्बन्धित जाति ह्योल्मोले विशेषरुपमा सोच्नुपर्ने बेला आएको छ । परम्परादेखिका भेषभुषा, गरगहना दैनिक रुपमा लगाउन नसके पनि आफ्नो चाडपर्व र विशेष समारोहमा आफ्नै भेषभुषा र गरगहना महिला तथा पुरुष दुवैले लगाएर आफ्नो संस्कृति एवं पहिचान देखाउनुपर्दछ र आफ्ना सन्ततिलाई पनि यस्तै कुरा अनुकरण गर्न अभिप्रेरित गर्नुपर्ने देखिन्छ ।

७.१.२. भाषामा आएको परिवर्तन

ह्योल्मो जातिमा भेषभुषा र गरगहनामा आएको परिवर्तनको प्रभावपछि यिनीहरुको भाषामा आएको परिवर्तनको चर्चा अब गरिनेछ । खासगरी आफ्नो परम्परादेखि बोलिंदै आएको ह्योल्मो भाषा बूढापाकाहरुले आफ्नो घर परिवारभित्र मात्र बोल्ने गरेका छन् । भ्रमणका क्रममा बूढापाका तथा केही युवाहरुले आफ्नो भाषामा कुरा गरेको पाइयो । खासगरी हाल विद्यालय र उच्चशिक्षा अध्ययन गर्दै गरेका छात्रछात्राहरु आफ्नो भाषा बोल्न सक्दैनन् । यसको कारणमा उनीहरुमा आफ्नो भाषा भन्दा विद्यालय/क्याम्पसमा पढाइने नेपाली (खस) भाषाको प्रभाव परेको छ । साथै साथीभाइसँगको सम्पर्क, स्थानीय समाज, आदिका कारण उनीहरुले आफ्नो जातीय भाषा बोल्न सकेका छैनन् । आफ्नो भाषा बच्चाहरु र विद्यालय अध्ययन गर्नेहरुले बोल्न नसक्नुको एउटा अर्को कारण अन्तरजातीय विवाह पनि हे । यसको मतलब ह्योल्मो जातिको पुरुषले अर्की जातकी स्त्री विवाह गर्ने परम्पराका कारण एक अर्कामा कुराकानी गर्न नेपाली भाषा नै प्रयोग गर्नुपर्ने बाध्यता छ । यसकारण तिनीहरुका बच्चाले आफ्नो जातीय भाषा बोल्न सिक्ने र बोल्ने अवसर पाउँदैनन् । खासगरी स्थलगत भ्रमणका क्रममा यो अवस्था पाइयो । एक ह्योल्मो स्वीकार्छन् ‘मैले तामाङकी छोरी विवाह गरेको हुँ, त्यसैले मैले ह्योल्मो भाषामा बोलेको कुरा श्रीमतीले बुझ्दिनन् र उनले तामाङ भाषामा बोलेको कुरा म बुझ्दिन, यस्तो कठिन परिस्थितिमा हामीले नेपाली भाषामै कुराकानी गर्नुपर्‍यो फलतः हामीले नै हाम्रो जातिको भाषा नबोलेपछि बच्चाले पनि सिक्न

पाएन यसर्थ हामी र हाम्रा छोराछोरी पनि नेपाली भाषा बोल्न बाध्य छौं । (पेम्बा ह्योल्मो, २०६८, अन्तर्वार्ता)

यस कारणले गर्दा कतिपय ह्योल्मोहरु युवा अवस्थामा पुग्दासम्म आफ्नो भाषा न त सिक्न र बोल्न नै सक्छन् न त अरुले बोलेको बुझ्न नै । आफ्नो भाषा त सिक्न मन लाग्छ तर सिकाउने कोही छैन, घरभित्र आफ्नो भाषा बोल्ने पनि भएकोले आफूले पनि बोल्न जानिएन र अरुले बोलेको बुझ्न पनि सकिएन (अरुण ह्योल्मो, अन्तर्वार्ता, २०६८) ।

कुनै परिवारमा आफ्नो जातिको भाषा बोलिँदैन भने त्यसबाट अरुले कसरी भाषा ग्रहण गर्ने गही समस्या ह्योल्मोहरुमा छ । एकातिर भाषा सिकाउन फुर्सद पनि नहुने र गाह्रो पनि हुने भएकाले र अर्कोतिर स्थानीय समाजमा अन्य जातिको बाहुल्यताका कारण पनि आपसी सामाजिक सम्बन्ध, मेलापात आदिमा नेपाली ( खस) भाषा नै प्रयोग गर्नुपर्ने बाध्यता भएकाले ह्योल्मो जातिको आफ्नै जातीय भाषा दोस्रो भएको छ । क्यूलमा सबै स्थानमा यो अवस्था नरहे पनि परिवारका सबै सदस्यहरुले आफ्नो भाषा बोल्ने र बुझ्ने ह्योल्मोहरु निकै कम छन् । हजुरबुबा र हजुरआमाले बोलेको भाषा नातिनातिनासम्मले बुझ्न नसक्ने अवस्थाका कारण भाषामा क्रमशः परिवर्तन हुँदै आइरहेको छ । यसरी ह्योल्मो भाषा परिवर्तन हुँदै आउनुमा स्थानीय समाज, आधुनिक शिक्षाको प्भावलाई पनि कारकतत्व मान्न सकिन्छ किनकि विद्यालयमा नेपाली/अंग्रेजी माध्यमबाहेक आफ्नो जातीय भाषामा अध्ययन अध्यापन नहुने भएकाले ह्योल्मो भाषा ओझेलमा पर्दै गएको हो भने अन्तरजातीय विवाह, परिवारभित्र आफ्नै भाषा नबोल्नु र बोले तापनि बुझ्ने व्यक्ति कम हुनु पनि ह्योल्मो भाषा परिवर्तित हुँदै जाने कारक तत्त्व हो ।

### ७.१.३. रीति, संस्कार र पर्वमा आएको परिवर्तन

भाषामा देखिएको परिवर्तनपछि ह्योल्मो जातिमा चाडपर्वमा आएको परिवर्तनबारे चर्चा गरिन्छ । वास्तवमा आफ्नो संस्कृति त्यागेर या क्रमशः छाड्दै गएर अरुको ग्रहण गर्नुमात्रै परिवर्तन होइन । अरुको संस्कृतिहरु त्यागेर आफ्नै मौलिकतातिर फर्कनु परिवर्तन नै हो । ह्योल्मोहरुले अब आएर आफूलाई परिवर्तन गर्दै लगेका छन् । उनीहरु अब अरुका सांस्कृतिक चाडपर्वहरुलाई त्यागेर आफ्नै मौलिक जातीय चाडपर्व मनाउनुपर्ने मान्यतामा आफूहरुलाई उभ्याउन थालेका छन् । स्थानीय शिक्षक पेम्बा ह्योल्मोले

शोधकर्तासमक्ष भने ‘हामीले आजसम्म आफ्नो महान् पर्व ल्होसारलाई भुलेर हिन्दूहरुका दसैं, तिहारजस्ता चाड मनायौं तर अब हामी क्रमश: आफ्नै चाडपर्वहरु मनाउनुपर्छ भन्ने मान्यतामा रहेका छौं ।

वास्तवमा आजसम्म पनि कतिपय ह्योल्मोहरु हिन्दूहरुका दसैं, तिहारजस्ता चाडपर्वहरु मनाउँदै आएका छन् । बौद्ध धर्माबलम्बीहरुको महान् चाड ल्होसारका अतिरिक्त यी दसैं तिहार पनि मनाउने गरेका हुन् तर अब क्रमश: दसैं तिहारलाई त्याग्दै गएका छन् र आफ्नो चाड ल्होसार रहेछ भन्ने चेतना ह्योल्मोहरुमा आइसकेको छ । ल्होसारलाई मनाउनुपर्छ यो आफ्नो चाड हो भन्ने कुराको चेतना नभएकाले उनीहरुले दसैं तिहार मनाएका हुन् । ‘दसैं तिहार मनाउँछौं, टिका नलगाए पनि दुर्गा पूजा गर्छौं, खानपिन रमाइलो गर्छौं तर हाम्रो जातिको मुख्य पर्व त ल्होसार नै हो । अब हामी जातीय चाडलाई नै पूर्ण रुपमा मनाउने पक्षमा छौं (दोर्जे ह्योल्मो, अन्तर्वार्ता, २०६८) ।

ह्योल्मोहरुमा स्थानीय समाजमा अन्य जातिहरु भएकाले पनि उनीहरुका सांस्कृतिक चाडपर्वहरु मनाउन बाध्य भएका छन् । तर अब आएर यसमा ठूलो परिवर्तन देखापरेको छ । सबैमा आफ्नै चाडपर्व मनाउनुपर्छ भन्ने सोचको विकास भएको छ । युग, शिक्षा, सञ्चार, चेतनाको क्रमिक विकास, पुस्तक पत्रपत्रिका अध्ययन आदिको प्रभावले गर्दा ह्योल्मोहरुले आफ्नै चाडपर्वहरु मनाउनुपर्छ भन्ने परिवर्तित धारणामा आफूलाई खडा गरेका हुन् ।

ह्योल्मो जातिका अन्य सामाजिक तथा सांस्कृतिक पक्षमा परिवर्तनको प्रभाव सुक्ष्मरुपले पाउन सकिन्छ । आफ्ना कतिपय जातीय मौलिकताहरु क्रमश: परिवर्तनतिर उन्मुख भइरहेका छन् । प्रत्यक्ष रुपले नदेखिए पनि तिनीहरु सुस्त परिवर्तनको संघारमा उभिएका छन् । शिक्षा, खानपान, भाँडावर्तन, बसोबास, मनोरञ्जन आदि सामाजिक पक्षमा केही परिवर्तनको प्रभाव परेको पाइन्छ ।

संस्कृतिमा भएको परिवर्तनको प्रभावलाई हेर्ने हो भने ह्योल्मोहरुको एकआपसमा हात गाँसेर झ्याम्टा बजाइ गाइने परम्परागत स्याब्रु नाचमा क्रमश: परिवर्तन भई आधुनिक पपको जमाना आएको छ । विवाह संस्कारमा दुरान फर्काउन जाँदा मासु लागने परम्पराबाट परिवर्तन भई खादा (विशेष कपडा)मा रु १ देखि ५ बाँधेर लैजान परम्परा आइसकेको छ । विवाहमा मैदानमा बसी मान्द्रोमा भात खन्याएर बाँड्ने परम्पराबाट परिवर्तन भई अहिले कुर्सी टेबलले मान्द्रोको स्थान लिएको छ । यति मात्र होइन, भातको सट्टा रोटी, पुलाउजस्ता आधुनिक खानाको चलन आएको छ ।

समग्रमा हेर्दा ह्योल्मो जातिका कतिपय संस्कृति र तिनका प्रक्रियामा परिवर्तनको प्रभाव पर्दै गएको पाइन्छ । धार्मिक तथा कतिपय सामाजिक संस्कारहरुमा भने परिवर्तनको प्रभाव परेको पाईंदैन । धर्मको परिप्रेक्ष्यमा भन्ने हो भने ह्योल्मोहरुले सुरुदेखिकै आफ्नो धर्म बौद्ध धर्म तथा आस्थालाई जीवन्तता दिइरहेका छन् । त्यस्तै विभिन्न संस्कारहरु जन्मसंस्कार, मृत्युसंस्कार आदिमा खासै परिवर्तन आएको पाईंदैन । यसबाहेक थोरबहुत रुपमा केही संस्कृतिमा प्रत्यक्ष देखिएको परिवर्तनको प्रभावको माथि नै चर्चा गरिएको छ । कुनै पनि जातजातिको प्राचीन संस्कृतिमा समयानुकूल संशोधन र परिमार्जन हुँदै जानु स्वभाविकै हो यो क्रम निरन्तर चलिरहने प्रक्रिया नै हो । विकृति र विसंगति रहितको परिवर्तन अवश्य पनि सकारात्मक हो जसले समाज, राष्ट्र र सम्बन्धित जातिलाई पनि फाइदा पुऱ्याउँछ ।

## ७.२. परिवर्तनका कारणहरु

समय र परिस्थिति एकनासको हुँदैन, भनिन्छ नै मानिस समय र परिस्थितिको दास हो । समाज, व्यक्ति र जाति यही दासताको परिधिभित्र रहेर आफूलाई परिवर्तनतर्फ उन्मुख गराइरहेको हुन्छ । संस्कृति गतिशील हुन्छ, सधैं एकनास रहँदैन तर परिवर्तन पनि त्यसै हुँदैन, त्यसका पछाडि अनेक तत्वहरु रहेका हुन्छन् । त्यसैले ह्योल्मो संस्कृतिमा पनि विविध कारणवश परिवर्तन हुँदै गएको छ । उनीहरुको भाषा परिवर्तनको कारणबारे माथि नै चर्चा गरिसकिएको छ । यसबाहेक अन्य पक्षहरुमा देखिएका परिवर्तनका कारणहरु के के हुन् भन्नेबारे संक्षेपमा तल चर्चा गरिन्छ ।

### ७.२.१. अन्तरसांस्कृतिक सम्बन्धको प्रभाव

ह्योल्मो जातिको संस्कृतिमा आउनुको एउटा प्रमुख कारण अन्तरसांस्कृतिक सम्बन्धको प्रभाव हो । ह्योल्मो जाति पिछडिएको र अल्पसंख्यक रुपमा रहेकाले अन्य जातिसँग प्रत्यक्ष घुलमिल भएर बसेका छन् । यस जातिको जनसंख्या अन्य जातिको तुलनामा न्यून रहेका कारणले ह्योल्मो जातिको संस्कृति भन्दा अन्य जातिको संस्कृति बलियो रहेको छ । ‘जब दुईवटा संस्कृतिहरु एकआपसमा भेट हुन्छन्, त्यसबेला कमजोर संस्कृतिमा मजबुत संस्कृतिको प्रभाव पर्दछ । त्यसपछि चाहेर वा नचाहेर पनि कमजोर संस्कृति परिवर्तन

हुन्छ' (खत्री, २०६२:६४) । तर हेलम्बु क्षेत्रमा भने अन्य जातिहरुले समेत ह्योल्मोको संस्कृतिलाई अनुशरण गरेको देखिन्छ ।

त्यसैले अन्य जातिको संस्कृतिको प्रभाव ह्योल्मो जातिमा परेको छ । ह्योल्मो जातिले अन्य जातिसँग वैवाहिक सम्बन्ध कायम गर्दा र अन्य जातिका मानिससँगको समाजमाा सम्पर्कले गर्दा नेपाली भाषा प्रयोग गर्नुपर्ने बाध्यता भएको कुरा माथि चर्चा गरिसकिएको छ । यसबाट ह्योल्मोहरुले आफ्नो भाषा क्रमश: त्याग्दै नेपाली भाषालाई विचार विनिमयको माध्यम बनाएका छन् । त्यस्तै गरी ह्योल्मोहरुले आफूलाई अन्य जातिसरह देखाउन चाहेको मनोविज्ञान पनि स्थलगत अध्ययनबाट थाहा भयो । यसर्थ उनीहरुले आफ्नो जातीय भेषभुषा लगाउन छाडेर अन्य जातिले जस्तै भेषभुषा लगाउन थालेका छन् । अन्तरसांस्कृतिक प्रभावकै कारण ह्योल्मोहरुले आफ्ना मौलिक चाडपर्वहरु छाडेर हिन्दूहरुका दसैं, तिहारजस्ता चाडपर्वहरु अझैसम्म पनि मनाउँदैछन् तर यसमा भने अब क्रमश: नयाँ सोच आउन थालेको पाइन्छ । उनीहरु अब आएर आफ्नै जातीय चाडपर्व मनाउनुपर्छ भन्ने धारणामा एकमत भएका छन् । त्यस्तै गरी ह्योल्मोहरुको परम्परागत जातीय नाच स्याब्रु भए तापनि यसलाई क्रमश: त्याग्दै गएका छन् । साथै बाद्यवादनका साधनहरुमा पनि परिवर्तन आएको छ । यसको कारण पनि अन्तरसांस्कृतिक प्रभाव नै हो । स्थानीय समाजमा अन्य नाचगान तथा बाद्यवादनका साधन भएकाले तिनीहरुप्रति नै ह्योल्मोहरु आकर्षित हुँदै गएको पाइन्छ ।

### ७.२.२. बाह्य सम्पर्कको प्रभाव

ह्योल्मो जातिको संस्कृति परिवर्तन हुन प्रभाव पार्ने अर्को कारण बाह्य सम्पर्कको प्रभाव पनि हो । ह्योल्मोहरुको निकट सम्बन्ध शहरसँग रहेको छ । यति मात्रै नभई ह्योल्मोहरुको बसोबास त्यस क्षेत्रमा समेत भएको कारणले पनि निकट सम्बन्ध गाँसिएको छ । काठमाडौंबाट क्यूलका ह्योल्मोहरुमा बढी प्रभाव परेको छ । क्यूलमा उत्पादित सामानहरु विक्री हुने ठाउँमध्ये काठमाडौं पनि एक हो । काठमाडौंसँगको सम्पर्कका कारण त्यहाँको लवाईखवाई, बोलीचाली, रहनसहन आदिमा प्रत्यक्ष प्रभाव परेको छ ।

यता बाह्य सम्पर्कका कारण ह्योल्मोहरु क्रमश: मौलिक परम्परातर्फ पनि फर्कदै आएका छन् । उनीहरु आफ्नो पैत्रिक थलो हेलम्बुमा मौलिक जातीय चाडपर्व, संस्कार मनाउनुपर्ने धारणा विकसित हुँदै गएको छ । बाह्य सम्पर्कका कारण आफ्नो संस्कृति, चाडपर्व मनाउन थाल्नु सकारात्मक परिवर्तन हो ।

### ७.२.३. आधुनिकता

ह्योल्मो संस्कृति परिवर्तन हुनुको अर्को कारक तत्व आधुनिकता पनि हो । आधुनिकताको कारणले गर्दा ह्योल्मो संस्कृतिको कतिपय पक्षमा परिवर्तन भएको छ । घरको बनावट, शैली, रहनसहन, खानपिन, भाँडावर्तनलगायतमा परिवर्तन भएको छ । पहिला पहिला घरका झ्यालहरु बनाउँदैनथे । झ्यालको रुपमा सानासाना खोपाहरु हुन्थे, मूलढोका सानो हुन्थ्यो तर हाल घर अग्लो बनाउनुका साथै घरमा झ्यालहरु बनाउन थालेका छन् (दोर्जे ह्योल्मो, अन्तर्वार्ता, २०६८) । उनीहरुको आर्थिक जीवनस्तरमा सुधार आएपछि उनीहरु शहरबजार केन्द्रित भएर पनि बसोबास गर्न थालेका छन् । खानपिनमा आधुनिकताले ह्योल्मोहरुमा प्रभाव पारेको छ । पहिलापहिला कोदो र मकैको ढिंडो खानेहरु हाल आधुनिक किसिमका खानाहरु दाल, चामलको भात खान थालेका छन् । आफूले प्रयो गर्ने भाँडावर्तनहरुमा पनि ह्योल्मोहरुमा परिवर्तन आएको छ । 'सिल्भर, स्टिल, पित्तलका भाँडावर्तन चलाएका उनीहरु आजभोलि प्लाष्टिकका भाँडावर्तनहरु समेत प्रयोग गर्न थालेका छन् ।

### ७.२.४. शिक्षा

मानव समाजलाई सभ्य र विकसित पार्ने शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षाले समाजलाई अग्रगति दिन्छ । ह्योल्मोहरुको शैक्षिक अवस्था अन्य जातिको तुलनामा कमजोर रहेको भए तापनि तुलनात्मक रुपमा क्रमश: सुधार हुँदै गएको पाइन्छ । पहिला पहिला आफूहरुले नपढे तापनि अब आएर आफ्ना सन्ततिलाई विद्यालय पठाउनुपर्छ भन्ने सोच सबै ह्योल्मो बूढापाकाहरुको रहेको मनोविज्ञान शोध अध्ययनबाट थाहा भयो । यसबाट शिक्षित ह्योल्मोहरुको संख्यामा समेत बृद्धि हुँदै गएको पाइन्छ । शिक्षाबाट आएको चेतनाकै कारण ह्योल्मोहरुले आफ्नो जीवनयापन सोच, मूल्यमान्यतामा परिमार्जन गर्दै लगेका छन् ।

ह्योल्मो जातिको चाडपर्व, कतिपय संस्कार आदि सम्पन्न गर्न अनिवार्यरुपमा उनीहरुको मौलिक पूरोहित ( लामा) नै चाहिन्छ । तर हाल यस जातिको सब विधिविधान जान्ने लामाहरु पाईदैन तसर्थ उनीहरुले आफ्ना कतिपय संस्कृतिहरु छोड्दै लगेका हुन् । धार्मिक, सांस्कृति कार्य सम्पन्न गर्दा अनय ठाउँबाट पूरोहित ( लामा) झिकाउने गर्दछन् । यसका लागि आवश्यक खर्च, पर्याप्त समय नभएका कारण लामाको कहिलेकाहिं अनुपस्थिति हुन्छ । यसले गर्दा उनीहरु कतिपय सांस्कृतिक, धार्मिक क्रियाकलाप गर्ने अन्य जातका पूरोहित यदाकदा लगाउँछन् (गुम्बाका पूजारी, अन्तर्वार्ता, २०६८) ।

यसरी ह्योल्मोहरु माथि उल्लेखित विभिन्न क्षेत्रहरुबाट प्रभावित भएको कारणले उनीहरुको संस्कृतिमा परिवर्तन आएको छ ।

### ७.३. ह्योल्मो जातिको संस्कृति संरक्षणको वर्तमान अवस्था

अल्पसंख्यक र पिछडिएको अवस्थामा पुगेको ह्योल्मो आफ्नो मौलिक पहिचान भएको जाति हो । यस जातिको संस्कृतिमा धेरै परिवर्तन आएको छ । यसको संरक्षण गर्नु नितान्त आवश्यक कुरा हो । विशेष गरी २०४७ सालपछि ह्योल्मोहरु स्वयंले आफ्नो मौलिक संस्कृति लोपोन्मुख अवस्थामा पुगेको महसुस गरी संरक्षणतर्फ ध्यान दिन थालेका छन् । केही हदसम्म भने यस जातिले आफ्नो संस्कृति हालसम्म बचाइराखेको पाइन्छ । साथै अन्य निकायहरुबाट पनि यस जातिको संस्कृति संरक्षण गर्नका लागि पहल भइरहेको छ ।

ह्योल्मो संस्कृतिको सम्पूर्ण पक्षहरुमध्ये धर्म सबैभन्दा सजीव रहेको छ । ह्योल्मोहरु सबैले बौद्ध धर्म पालना गरिरहेका छन् । साथै बौद्ध धर्मसित सम्बन्धित धार्मिक पुस्तकहरुसमेत संरक्षण गर्ने गरेका छन् । यहाँका ह्योल्मोहरुले आफ्नो भाषा क्रमश: छाड्दै गएको पाइयो । लगभग ४० प्रतिशतले आफ्नो मातृभाषा बोल्दछन् । तर ह्योल्मो परिवारहरुमा आफ्नै भाषाबाट कुराकानी गर्नेहरु निकै कम छन् । ‘हामी बूढाबूढीले मात्र आफ्नो भाषा कुरा गर्दा हाम्रा छोराछोरी, नातिनातिनाहरुले बोल्न र बुझ्न सक्दैनन. । (दोर्जे ह्योल्मो, अन्तर्वार्ता, २०६८) । लिपि लेख्न र पढ्न सक्ने ह्योल्मोहरु छँदैछैनन् भने पनि हुन्छ । शोधको क्रममा यस जातिको आफ्नो जातीय भेषभुषा कोही पनि ह्योल्मोहरुले लगाएको देखिएन ।

धार्मिक कार्य सम्पन्न गर्न आफ्नै जातिभित्र २/४ जना पूरोहित (लामा)हरु छन्, आवश्यक परेमा अन्यत्रबाट पनि लामाहरु बोलाई आफ्ना क्रियाकलाप सम्पन्न गर्दछन् । त्यस्तै बुद्ध धर्मसँग सम्बन्धित ध्वजापताका प्राय: धेरै ह्योल्मोहरुका घरमा शोधका क्रममा देखियो ।

ह्योल्मोहरु पहिलेदेखि चलिआएका सामान्य प्रकारका हातहतियारहरु अझैसम्म पनि देख्न पाइन्छ । हँसिया, खुर्पा, खुकुरी, कर्दाजस्ता घरायसी हातहतियारहरु रहेका छन् । तिनीहरुको सट्टामा अन्य कुनै हातहतियारहरु प्रयोग गरेका छैनन् ।

ह्योल्मोहरुले आफ्नो जातीय नाचगानहरु बचाउन सकेका छैनन् । स्याप्रु नाचदेखि लिएर अन्य विभिन्न प्रकारका नाचगानहरु यिनीहरुका छन् तर पनि विभिन्न कारणले गर्दा ह्योल्मोहरुले यस्ता नाचगानहरु गुमाएका छन् । कतिपय पिछडिएका जातिहरुले यस्ता नाचगानहरु बचाएका छन् । तर यो जातिभित्र आफ्नो जातीय नाचगान गर्ने परम्परा पनि छैन । साथै बाद्यवादन पनि छैनन् र बजाउन जान्ने मान्छे पनि छैनन् । ह्योल्मोहरुले आफ्नो मौलिक नाचगान तथा बाद्यवादन हालसम्म बचाउन सकेका छैनन् ।

ह्योल्मो जाति आफ्ना अत्य संस्कृति परिवर्तन भएको र यथावत रहेको कुरा 'परिवर्तन र कारणहरु' शीर्षकमा पनि उल्लेख गरिसकिएको छ । त्यसैले यहाँ यस जातिको संस्कृति संरक्षण गर्न के कस्ता प्रयासहरु भइरहेका छन् भन्नेबारेमा तल छलफल गरिन्छ ।

ह्योल्मो जातिको संस्कृति संरक्षण गर्नका निम्ति केन्द्रीयस्तरमा विभिन्न निकायहरुले पहल गरिरहेका छन् । स्थानीय स्तरमा हेर्ने हो भने जातीय संस्कृति संरक्षणका लागि ह्योल्मोहरुको कुनै संगठन छैन । एउटा समाज गठन भएको छ तर यसले केवल जिल्लामा गएर जनजाति महासंघको गोष्ठीमा भाग लिनेबाहेक जातीय संस्कृतिका लागि केही ठोस कार्य गरेको छैन । केन्द्रीय स्तरमा सर्वप्रथम २०४७ सालमा 'नेपाल ह्योल्मो सेवा संघ' जातीय संस्थाको रुपमाा खोलिएको थियो । सोही संघले आफ्ना जातिको बसोबास भएको विभिन्न जिल्लाहरुमा गई संगठन निर्माण गर्ने क्रममा किउलमा पनि एउटा समिति गठन गरिदिएको थियो । केन्द्रको पहल र स्थानीय ह्योल्मोहरुको सक्रियतामा 'नेपाल ह्योल्मो समाज सेवा संघ' जिल्ला समिति, सिन्धुपाल्चोक २०५८ सालमा स्थापना भएको थियो । त्यसपछि २०६२ मा जनजाति महासंघ जिल्ला कार्यसमितिमा दर्ता भएको छ । यति भइकन पनि केन्द्रमा खोलिएका संघ संगठनहरुसित कुनै सरसम्पर्क नभएका कारण र अचेतना, स्थानीय समाजमा बहुसांस्कृतिक प्रभावका कारण उक्त संगठनले

संस्कृति संरक्षणमा जागरुकता ल्याउन सकेको छैन । यस्तो परिप्रेक्ष्यमा केन्द्रीयस्तरमा खोलिएका विभिन्न संगठनहरुले ह्योल्मो संस्कृति संरक्षण र संस्कृति प्रचारप्रसारलाई जोड दिँदै विभिन्न कार्यहरु गर्दै आइरहेका छन् । यस्ता विविध गतिविधिहरु सञ्चालन गर्ने संगठनहरुमा 'नेपाल ह्योल्मो समाज सेवा संघ र ह्योल्मो कार्ग्यु साङ्‍ङाग लाछोग' ले विशेष कामहरु गर्दै आएका छन् ।

यी दुई संगठनहरुमध्ये सर्वप्रथम २०४७ सालमा 'नेपाल ह्योल्मो समाज सेवा संस' र २०४३ मा 'ह्योल्मो कार्ग्यु साङ्‍ङाग लाछोग'को स्थापना भएको हो । यस्तै गरी ह्योल्मो जातिको संस्कृति संरक्षणका केन्द्रीय स्तरमा अन्य विभिन्न संगठनहरु गठन भएका छन् । यस्ता संगठनहरुमा ह्योल्मो संरक्षण तथा उत्थान परिषद्, ह्योल्मो फाउन्डेसन, ह्योल्मो ङ्गछ्याङ शाक्य जाङबु दुङगी लाछोग, ह्योल्मो सांस्कृतिक समूहहरु रहेका छन् ।

यसबाहेक ह्योल्मो जातिको संस्कृति संरक्षण र जातीय उत्थानका लागि अरु विभिन्न पक्षहरुबाट पत्रपत्रिका प्रकाशन, अन्तरक्रिया, छलफल तथा विभिन्न चाडपर्वहरुमा विशेष कार्यक्रमको आयोजनाका कार्यहरु हुँदै आइरहेको छ । यस क्रममा केही सञ्चारमाध्यमहरुले पनि यस जातिको संस्कृति संरक्षणमा मद्दत पुऱ्याइरहेका छन् ।

यसरी समग्रमा ह्योल्मोहरुमा आफ्नो संस्कृति संरक्षणमा त्यति जागरुकता नआएको देखिन्छ । केन्द्रीय स्तरमा खोलिएका संगठनहरुले जातीय पहिचान र संस्कृति संरक्षणका लागि विविध कार्यहरु सक्रियतापूर्वक गरिरहेका छन् । केही युवाहरुबाहेक अरु कसैमा संस्कृति संरक्षणबारे खासै चासो नभएको यस अध्ययनमा पाइयो । संस्कृति परिवर्तन र संरक्षणबारे सम्बन्धित जातिका व्यक्तिहरुमा छलफल गर्ने सोच यस अध्ययनका क्रममा बनाइएको थियो तर उनीहरुमा देखिएको निस्कृयताका कारण यो प्रयास सफल हुन सकेन ।

कुनै पनि संस्कृति मूल्य र मान्यतालाई जीवन्तता दिएर राख्न सर्वप्रथम त त्यस ठाउँका मानिस नै सचेत हुनुपर्ने हुन्छ । त्यस्तै लोप हुन लागेको ह्योल्मो संस्कृतिको मौलिकतालाई जोगाउन प्रथमतः उनीहरु नै सक्रिय भएर लाग्नुपर्दछ । त्यस्तैगरी विभिन्न गैरसरकारी संघसंस्था बुद्धिजीवी तथा सरकारी क्षेत्रबाट समेत भरमग्दुर सहयोग एवं सम्बर्द्धन गर्नुपर्ने आजको टड्कारो आवश्यकता महसुस भएको छ । कतिपय अल्पसंख्यक जातिको भाषा, संस्कृति संरक्षण हुन सकिरहेको छैन । ह्योल्मो जातिको अवस्था यति दयनीय छ

कि ह्योल्मो भन्ने शब्द सुन्नासाथ यो के हो ? यही जिज्ञासा प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा अधिकांश शोधकर्ताले सोधेका थिए । सर्वसाधारण मानिसले यो प्रश्न उठाउनु त स्वभाविक हो तर विभिन्न जाति जनजातिका बारेमा अध्ययन अनुसन्धान गर्नेहरुले पनि यस्ता अल्पसंख्यक र पिछ्डिएका जातिका बारेमा खोजी नगर्नु वास्तवमा सोचको विषय बनेको छ ।

# अध्याय ८

## सारांस, निष्कर्ष र सुझाव

### ८.१. सारांस

नेपाली समाज बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय, बहुभाषिक भएको कुरा सर्वमान्य मान्यताका रुपमा स्थापित भइसकेको छ । नेपालमा बसोबास गर्ने विभिन्न जाति जनजातिको आआफ्नै प्रकारको धर्म, संस्कृति र परम्परा तथा रीतिरिवाजले गर्दा नेपाल बहुसांस्कृस्तिक, बहुधार्मिक, बहुजातीय, बहुभाषिक हुनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसै साझा फूलबारीका विभिन्न प्रकारका फूलमध्ये आफ्नो छुट्टै प्रकारको विशेषता बोकेको फूल हो ह्योल्मो । तिब्बती मूलका यी ह्योल्मोहरुमा आफूहरु आदिकालदेखि नै नेपालमा बसोबास गर्दै आएको दाबी गर्छन् । उनीहरु बसेको सबैभन्दा पुरानो थलो ह्योल्मो (आजभोलिको प्रचलित भाषामा हेलम्बु)को नामबाट आफ्नो जातिको नामाकरण भएको तर्क अगाडि सार्छन् । ह्योल्मो भाषामा ह्योल्मो भनेको अञ्जुली हुन्छ र आज हेलम्बु भनेर निकै चर्चित पुगेको ठाउँको भूआकृति पनि अञ्जुली आकारको भएकाले त्यस ठाउँलाई ह्योल्मो र त्यहाँका बासिन्दा आफूलाई ह्योल्मो भनिनुपर्ने हुन्छ । यो तर्क उनीहरुले जुनसुकै ठाउँमा अगाडि सार्दै आएका छन् । यिनीहरुको पैतृक थलो ह्योल्मो अत्यन्तै ठण्डी भएको र उत्पादन कम हुने भएबाट बढ्दो जनसंख्याको कारण कालान्तरमा गएर खान पुग्न छोड्यो । त्यसैले यसको विकल्प खोज्नुपर्ने स्थिति सिर्जना भयो भने अर्कातिर छिमेकी भारतमा रोजगारीको अवसरहरु प्रशस्तै पाइन्छ भन्ने हौवा पनि सुनिने गर्दथ्यो । यसकारण रोजीरोटीको खोजी गरेर सरल किसिमले जीवनयापन गर्ने साथसाथै महायानी बौद्ध धर्मको प्रचारप्रसार गरी धर्ममा व्यापकता ल्याउन समेत सोच राखेर हयोल्मो छाडेर बाहिरिन थाले । यसरी बाहिरिने क्रममा नेपाल तथा भारतका विभिन्न शहरमा बसोबाससमेत गर्न थाले । नुवाकोट, रसुवा, गोरखा, चितवन तथा काठमाडौंमा बसोबास गर्न थाले । ह्योल्मोहरुको आफ्नै प्रकारको छुट्टै सामाजिक संस्कार छ र यसैमा रम्नु उनीहरु आफूलाई सौभाग्यशाली ठान्दछन् । अत्यन्त सोझा र सरल प्रकृतिका ह्योल्मोहरुको शारीरिक बनोट पनि भिन्न प्रकारको छ । अर्थात् गोरा, अग्लाअग्ला पातलो कदका, नाक केही चुच्चो भएका, गोला आँखा र चुस्स दाह्री आएका ह्योल्मोहरु अत्यन्त मिलनसार र मृदुभाषी हुन्छन् । ग्रामीण भेगमा घरको तल्लो तलामा ढुंगाको गाह्रो तथा माथिल्लो तलामा काठले बनाएको घरमा र शहरी भेगमा आधुनिक किसिमका पक्की घर बनाइ बसोबास

गरेका ह्योल्मोहरु प्राय: संयुक्त परिवारमा बसोबास गर्दछन् । आफ्नो प्रमुख अर्थात् पौराणिक खाना ढिंडोलाई मान्ने ह्योल्मोहरु अन्य खानामा सातु, रोटी, आलु र मूला खाने गर्दछन् । पेय पदार्थका रुपमा छज्या (नून चिया) औधी मन पराउँछन् । खानपिनका लागि परम्परागत भाँडावर्तनहरुलाई क्रमश: त्याग्दै आधुनिक किसिमका भाँडावर्तनहरु प्रयोग गर्न थालेका छन् । यिनीहरुका भेषभुषा र गरगहनाले पनि छुट्टै प्रकारको विशेषता बोकेको छ । जातीय भेषभुषा तथा गरगहनाहरुको प्रयोग क्रमश: हराउँदै गइरहेका छन् । यिनीहरुका परम्परागत भेषभुषा छ्यूया (बख्खु) तथा गरगहनामा ज्यूरुजी (घाँटीमा लगाउने माला) प्रमुख हुन् । ह्योल्मोहरुको भाषाको कुरा गर्नुपर्दा आफ्नो भाषा बोल्न क्रमश: छाड्दै गएका छन् । अन्तरसांस्कृतिक प्रभाव, वर्तमान शिक्षा, आधुनिकता आदि यसका कारक तत्त्व हुन् । लिपिको हकमा तिब्बती लिपिलाई आफ्नो लिपि माने तापनि लेख्न र पढ्न जान्ने मानि ज्यादै न्यून छन् । विभिन्न ठाउँमा आल्पसंख्यक रुपमा बसाइसराई र स्थानीय जातजाति तथा वातावरणको प्रभावले गर्दा संस्कारलाई जोगाउन नसकेको कुरा उनीहरु आफैले स्वीकार गरेका छन् । आफ्नै भाषा, संस्कृति, मूल्य र मान्यता हुँदाहुँदै पनि अन्य जातिको प्रभाव र शिक्षाको अभावमा यसलाई बिर्सेर अरुको मूल्यमान्यता र संस्कृतिलाई ग्रहण गर्नुपर्ने बाध्यता यिनीहरुका सामु खडा भएको देखिन्छ । आज आएर केही सचेत युवाहरुले भाषा, संस्कृति भनेको जातीय पहिचानको प्रमुख कडी अर्थात् जातीय पहिचान गराउनमा यसले महत्वपूर्ण भूमिका खेल्छ भन्ने बुझेर त्यसतर्फ लागे तापनि सबै ठाउँका ह्योल्मोहरुले यसलाई गम्भीर रुपमा लिएर त्यसतर्फ लाग्न सकिराखेको देखिंदैन ।

शिक्षाको कुरा गर्नुपर्दा आजको बदलिंदो विश्व परिस्थिति अर्थात् बढ्दो ज्ञान विज्ञानको चमत्कारलाई ह्योल्मोहरुले नजिकबाट बुझ्न पाएका छैनन् । यो हुनुको प्रमुख कारण शिक्षाको कमी नै हो । मानिसलाई आवश्यक पर्ने विभिन्न प्रकारका आधारभूत कुरामध्ये शिक्षा पनि अनिवार्य आवश्यकीय संशाधनअन्तरगत पर्दछ । अभाव धेरैजसो ह्योल्मोहरु पढ्नु र पढाउनुपर्छ भन्ने मान्यतामा उभिएका छन् । शिक्षा यस्तो साधन हो जसले मानिसलाई घोर अन्धकारबाट जाज्वल्यमान संसारमा ल्याउने काम गर्दछ । साथै शिक्षाले विभिन्न अवसरहरु पनि प्रदान गर्दछ । यसको मतलब शिक्षा आर्जन गरेर निश्चित कसी पार गरिसकेपछि रोजगारका विभिन्न अवसरहरु हात पर्नसक्ने सम्भावना हुन्छ । त्यसैले शिक्षाको अभावमा ह्योल्मोहरुले सरकारी सेवामा प्रवेश गरेर देश र जनताको सेवा गर्ने अवसर कमै पाएका छन् । अर्थात् आजसम्म सरकारी सेवामा प्रवेश पाएर सेवा गर्ने अवसर पाएका ह्योल्मोहरु औंलामा गन्नसक्ने अवस्थामा छन् ।

आफूहरु अत्यधिक अशिक्षित भए तापनि आज आएर आफ्ना सन्ततिलाई भने स्कुल पठाउन थालेका छन् । आजभोलि स्कुल जाने केटाकेटीको संख्या अधिक छ भने एसएलसी र त्यो भन्दा माथि पढ्नेको संख्या पनि बढ्दै गइरहेको छ । यो अध्ययनको क्रममा के पाइयो भने आजसम्म पनि स्नातक तह उतीर्ण गर्ने ह्योल्मोहरु को संख्या १ दर्जनभन्दा माथि पुगिसकेको छ ।

जसरी नेपाल कृषिप्रधान देश हो र त्यसरी नै यहाँ बस्ने अत्यधिक मानिसको जीविकोपार्जनको प्रमुख आधार कृषि नै हो । त्यस्तै सबैजसो ह्योल्मो कृषिमा नै आश्रित रहेका छन् । खेती नै जीविकोपार्जनको प्रमुख माध्यम भए पनि यसबाट जीवन धान्न अत्यन्त कठिन छ । यसको प्रमुख कारण आवश्यक सिंचाईको अभाव, उन्नत बीउ, मल र आधुनिक कृषि उपकरणको प्रयोग गर्न नसक्नु नै हो । ह्योल्मोहरु खेतीबाहेक नगदेबाली तथा व्यापार व्यावसायमा लागेर आफ्नो आर्थिक अवस्था मजबुत बनाउने पक्षमा लागेका छन् । त्यस्तै गरी आजभोलि केही विकसित क्षेत्र अर्थात् शहरी क्षेत्रमा बसोबास गर्ने ह्योल्मोहरु व्यापार व्यवसायको क्षेत्रमा समेत लागेर आफ्नो आर्थिक अवस्था सुधार्ने गरेका छन् । अर्थात् यसो भनौं यो क्षेत्रबाट पनि जीवन निर्वाह गर्ने गरेका छन् ।

कृषि कार्य र घरायसी प्रयोजनका लागि हसिया, खुर्पा, खुकुरी कोदालो जस्ता हातहतियारहरु ह्योल्मोहरुले राखेका छन् । मनोरञ्जनको क्षेत्रमा यिनीहरुको परम्परागत नाच स्याब्रु नाच हो । विविध कारणवश यसको चलन हराउँदै गइरहेको छ । नाचगानमा टुङना, ढ्याङ्ग्रो, ग्याल्जेनजस्ता बाजागाजा बजाउने गर्दछन् । ह्योल्मो समुदायभित्र १३ वटा थरहरु प्रचलनमा रहेका छन् ।

धर्मको कुरा गर्नुपर्दा महायानी बौद्ध धर्मका अनुयायी ह्योल्मोहरु धार्मिक क्षेत्रमा भने भिन्नै प्रकारले चिनिन्छन् । धर्मको क्षेत्रमा यिनीहरुको छुट्टै पहिचान छ । संस्कार तथा परम्परागत र रीतिरिवाजका क्षेत्रमा स्थानीय प्रभाव परेर आफ्नोपनलाई छोडेर अरुको संस्कार ग्रहण गर्ने बाध्यकारी अवस्था आए तापनि आफ्नो महायानी बौद्ध धर्मलाई जीवन्तता दिन सफल छन् ह्योल्मोहरु । यसले जुनसुकै अवस्था र कठिन परिस्थितिमा पनि आफ्नो धर्मलाई निरन्तरता दिन चुकेको देखिंदैन । यसका अलावा परम्परागत धार्मिक विश्वास मूल्यमान्यताहरुमा पनि ह्योल्मोहरु विश्वास गर्दै आइरहेका छन् । विरामी परेमा झारफुक गर्ने धामीझाँक्री लगाउने प्रचलन ह्योल्मो समुदायमा अद्यापि कायमै छ ।

जन्मदेखि मृत्युसम्म गरिने सम्पूर्ण संस्कारहरुको आफ्नै विशेषता रहेको पाइन्छ । जन्मसंस्कार सम्पन्न गर्ने क्रममा बच्चा जन्मेको ३ देखि ७ दिनसम्ममा साङ (चोख्याउने) गर्दछन् । यसमा पनि खास निश्चित छैन । कसैकसैले ३ दिन, ५ दिन र ७ दिनमा साङ गर्ने गरेका छन् । जन्मसंस्कार सम्पन्न गर्दा विभिन्न पूजाआजा लामाका माध्यमबाट गर्दछ, उपस्थिति आफन्त तथा छरछिमेकलाई भोज खुवाउने प्रचलन छ । ह्योल्मो जातिमा विवाहको कुरा गर्नुपर्दा मागी विवाह, प्रेम विवाह, चोरी विवाह आदि चलनचल्तीमा रहेका छन् । मागी विवाहमा केटा पक्षबाट सगुन केटी पक्षकोमा लगी केटी माग्ने प्रक्रिया थालिन्छ । विवाह सम्पन्न भएपछि विभिन्न सामाजिक कार्यहरु लामा (पूरोहित)को माध्यमबाट सम्पन्न गरी विवाहलाई पूर्णता दिने कार्य हुन्छ । ह्योल्मो जातिको मृत्यसंस्कार सम्पन्न गर्दा व्यक्तिको मृत्यु हुनासाथ देवताको थान छेउमा लगेर राखिन्छ र १०८ बत्ती बालिन्छ । पछि लामा बोलाई निश्चित साइत जुराई लासलाई दाहसंस्कार गर्न डाँडोमा लैजाने गरिन्छ । लासलाई जलाउने र गाड्ने दुवै प्रचलन छ । सात हप्ताभित्र घेवा संस्कार सम्पन्न गरिन्छ । यो अवधिभर लामाले पुस्तक पढी विविध कार्यहरु गर्ने प्रचलन छ ।

ह्योल्मोले मनाउने चाडपर्वको कुरा गर्नुपर्दा केही ठाउँहरुमा हिन्दूहरुले मनाउने चाडपर्वहरु दसैं, तिहार, तीज तथा माघे संक्रान्तिजस्ता चाडहरु मनाउनुपर्ने अवस्था सिर्जना भएपछि यिनीहरुको मौलिकता झल्काउने आफ्नै प्रकारका चाडपर्वहरु पनि छन् । त्यस्ता चाडपर्वहरुमा ल्होसार, क्षीजु, न्हारा, न्युङ, ने छोग, बुद्धजयन्ती आदि पर्दछन् । यी पर्वहरुमा पनि ल्होसारको यी जातिहरुमा आफ्नै प्रकारको महत्व रहेको छ । ह्योल्मोहरुले ल्होसारलाई पनि नयाँ वर्षको उपलक्ष्यमा मनाउने गरेको पाइन्छ । माघ महिनामा मनाइने यस ल्होसारको मौसमी दृष्टिबाट पनि छुट्टै महत्व रहेको छ । काम गर्दा गर्दा थकित भएकाले सारा थकान मेटाएर अनि आज अघिका सबै दु:ख बिर्सिएर अर्थात् बिर्सनको लागि पनि यो चाड मनाउने गरिन्छ । यसका साथै अब पुन: बालीनाली लगाउने बेला आउने भएकाले यसपश्चात् काममा लागेपछि फुर्सद कम हुने भएकाले खेतीपातीमा लाग्नु अगावै यो चाड मनाउने गरेको पाइन्छ । यो ल्होसारको प्रकृतिसँग पनि समीप्यता भएको देखाउँछन् ह्योल्मोहरुस । जसरी प्रकृतिले शिशिरको कठोरता पार गरेर वसन्तमा प्रवेश गर्छ र आफूलाई नौलो जीवन दिन्छ त्यस्तै ह्योल्मोहरु पनि यो चाडपश्चात् जोशजाँगर र नयाँ उमंग लिएर आफ्नो कार्यक्षेत्रमा लाग्न प्रेरणा मिल्ने विश्वास गर्दछन् । यस्ता चाडपर्वहरु कतिपय व्यक्तिगत र कतिपय सामूहिक रुपमा जम्मा भएर मनाउने गरेका छन् ।

ह्योल्मोहरुका संस्कृतिका कतिपय कुरा पक्षहरुमा परिवर्तन आएका छन् । भेषभुषा, भाषा देखि लिएर कतिपय सामाजिक र सांस्कृतिक पक्षमा परिवर्तन देखिए तापनि धर्म, जन्मदेखि मृत्युसंस्कार सम्पन्न गर्ने प्रक्रियामा खा परिवर्तन देखिएको छैन । खासगरी केही कुरामा परिवर्तन आउनुका पछाडि अन्तरसांस्कृतिक प्रभाव, शिक्षा, आधुनिकताजस्ता कुराहरु कारकतत्व हुन् ।

संस्कृति संरक्षणको हकमा भने यिनीहरुमा केन्द्रीयस्तरमा धेरै संगठनहरु स्थापना गरी विभिन्न कार्यहरु गर्दै आए तापनि स्थानीय स्तरमा अझैसम्म पनि संस्कृति संरक्षण र प्रचारमा जागरुकता नआएको देखिन्छ । केही युवाहरुमा जागरुकता आए पनि विविध कारणवश यसलाई उनीहरुले सक्रियतापूर्वक अगाडि बढाउन सकिरहेका छैनन् । तसर्थ उनीहरुको संस्कृति संरक्षण र प्रचारमा सबै पक्षबाट आवश्यक कदम चाल्नु टड्कारो आवश्यकता भएको छ ।

## ८.२. निष्कर्ष

बहुजातीय देश नेपालमा बसोबास गर्न यो विभिन्न जातजातिहरुमध्ये ह्योल्मो एउटा जाति हो । यो जाति नेपालका विभिन्न जिल्लाहरुमा बसोबास गर्दै आइरहेको छ । यस जातिलाई तामाङ वा शेर्पाका नजिक वा एक शाखाको रुपमा लिने परम्परा पनि पाइएको छ तर यो एक छुट्टै जातिको रुपमा परिचित हुन चाहने जाति हो ।

ह्योल्मो जाति आफ्नै मौलिक संस्कृति बोकेको जाति हो । यो जातिको संस्कृति सिंगो नेपाली संस्कृतिको अभिन्न अंगको रुपमा रहेको छ । उच्च पहाडी उद्गमबाट पहाडमा बस्न पुगेको ह्योल्मो जातिको संस्कृतिका कतिपय पक्षमा परिवर्तन आएको छ । अन्तरसांस्कृतिक सम्बन्धको प्रभाव, बाध्य प्रभाव, शिक्षा, आधुनिकता आदि कारणले परिवर्तन भएर यस जातिको संस्कृति लोपोन्मुख अवस्थामा पुगेका छन् । त्यसैले ह्योल्मो संस्कृति संरक्षण हुनु नितान्त आवश्यक छ । विशेष गरी २०४७ सालपछि ह्योल्मो जाति स्वयंले आफ्नो मौलिक संस्कृति लोपोन्मुख अवस्थामा पुगेको महसुस गरी संरक्षण र प्रचारतर्फ ध्यान दिन थालेका छन् । तर यो ध्यान केन्द्रीयस्तरमा मात्र सीमित छ । स्थानीय क्षेत्रमा यसतर्फ खासै ध्यान दिइएको पाइएन । तसर्थ यस जातिको संस्कृति संरक्षणबारे सबै पक्षबाट व्यापक अध्ययन अनुसन्धान गरी स्थानीय क्षेत्रमा प्रोत्साहन गर्नु टड्कारो आवश्यकता महसुस गरिएको छ ।

८.३. सुझावहरु

नेपाल बहुजातीय, बहुसांस्कृतिक देश हो । विभिन्न जातजातिहरुको संस्कृतिको सिंगो रुप नै नेपाली संस्कृति हो । नेपालको राष्ट्रिय संस्कृतिको निर्माणमा यहाँका जुनसुकै जातिको उत्तिकै भूमिका रहको हुन्छ । त्यसैले अल्पसंख्यक जाति होस या बहुसंख्यक जाति त्यो सिंगो नेपाली संस्कृतिको अभिन्न अंगको रुपमा रहेको छ । यहाँका कुनै एक संस्कृति वा जाति मात्र लोपोन्मुख वा लोप हुनु भनेको त्यो नेपाली संस्कृतिको एउटा अंग गुम्नु हो । त्यसैले सिंगो राष्ट्रिय संस्कृतिको संरक्षण गर्नका निम्ति सर्वप्रथम प्रत्येक जातिको संरक्षण गरिनुपर्दछ ।

लोपोन्मुख अवस्थामा पुगेको ह्योल्मो जातिको संस्कृति अहिले झन् संकटमा पुगेको छ । कुनै पनि जातिको संस्कृति संरक्षण गर्ने सर्वप्रथम त स्वयं जातिको नै संरक्षण गर्नुपर्दछ । ह्योल्मो जाति र यसको संस्कृति संरक्षण गर्न तुरुन्त पहल नगर्ने हो भने केही दशकभित्र नै यस जातिको संस्कृति केवल इतिहास मात्र बन्न पुग्छ । अझैसम्म पनि ह्योल्मो जातिको नाम शब्द सुन्नासाथ अधिकांस मानिसहरु यो कुन जाति हो भनेर भन्ने गरेका छन् । यस्तो अवस्थामा उनीहरुको संस्कृतिको अवस्था त झन् सोचनीय बनेको छ । तसर्थ ह्योल्मो जातिको संस्कृति संरक्षण गर्न निम्नलिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

१. ह्योल्मो जातिको संस्कृति संरक्षणको निम्ति सर्वप्रथम यस जातिको संस्कृतिको गहनतम अनुसन्धान गर्न आवश्यक छ । त्यसैले नेपाल सरकारले नै सम्बन्धित विषयका विद्वानहरुलाई वा अनुसन्धानकर्ता र सम्बन्धित संस्थाहरुलाई प्रोत्साहन गर्नुपर्दछ ।

२. ह्योल्मो जातिमा चेतनाको विकास गराई स्थानीय नेतृत्वलाई प्रोत्साहन गरी आफ्नो भाषा, धर्म, संस्कृतिलाई संरक्षण गर्न अग्रसर गराउनुपर्छ र यसका लागि सम्बन्धित जातिका व्यक्तिहरुले पनि जागरुकता देखाउनुपर्छ ।

३. ह्योल्मो जातिको शैक्षिकस्तर अझ माथि उठाउन नेपाल सरकारले यस जातिको निम्ति छुट्टै कोटा निर्धारण गरी शिक्षित बनाउन प्रेरणा दिनुपर्दछ । साथै गरिब, जेहेन्दार, विद्यार्थीहरुलाई छात्रबृत्ति, आर्थिक सहयोग तथा पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।

४. ह्योल्मो जातिका पुरानो पुस्ता वा अभिभावकवर्ग अधिकांश अशिक्षित भए तापनि कमसेकम वर्तमान र नयाँ पुस्तालँई भने शिक्षित बनाउन पहल गर्नुपर्दछ । त्यसका लागि अनौपचारिक शिक्षा कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । साथै महिला शिक्षामा जोड दिनुपर्दछ ।

५. ह्योल्मो महिला तथा पुरुषहरुलाई व्यावसायिक तथा सीपमूलक तालिमको व्यवस्था गर्नुपर्दछ ।

६. ह्योल्मो जातिको भाषाको अवस्था दयनीय भएकोले यसको लागि सरकारी तथा गैरसरकारी निकायहरुले आवश्यक पहल गरी उनीहरुको व्याकरण तथा भाषा पाठशालाहरु सञ्चालन गर्नुपर्दछ ।

७. ह्योल्मो जातिका परम्परागत संस्कृति झल्कने कुराहरुबाट संरक्षण तथा प्रदर्शन गर्न जातीय संग्रहालाय स्थापना गरिनुपर्दछ । लेप्चाहरुले आफ्नो जातीय संग्रहालय स्थापना गरेर उदाहरण कायम गरेका छन् । ह्योल्मो जातिका लागि पनि संग्रहालय स्थापना गर्न सरकारी गैरसरकारी तथा अन्य निकायहरुले आवश्यक पहल गर्नुपर्दछ ।

८. ह्योल्मो जातिको उत्थान, विकास तथा संस्कृति संरक्षण गर्नु खोलिएका जातीय संगठनहरुलाई सशक्त ढंगले परिचालन गर्नुपर्दछ । स्थानीय स्तरमा पनि व्यापक ढंगले कार्य गर्न गराउन संगठनहरुको विकास विस्तारमा जोड दिनुपर्दछ । यसका लागि सम्बन्धित जातिका व्यक्तिहरुले सरकार तथा अन्य पक्षहरुमा सहयोग माग गर्नुपर्दछ र सरकारी तथा अन्य पक्षबाट पनि यसका लागि आर्थिक/भौतिक सहयोग उपलब्ध गराउनुपर्दछ ।

९. जातीय संस्कृति संरक्षणमा खोलिएका र अब खोलिने संगठनहरुले आफ्नो जातिको पहिचान संस्कृति संरक्षणका बारेमा छलफल/अन्तर्क्रिया गर्नु/गराउनुपर्दछ र जातीय पहिचान कायम राख्नलाई भाषा, भेषभुषाजस्ता कुराहरुलाई संरक्षण गर्नलाई सबैलाई चेतना अभिबृद्ध गराउनुपर्दछ । कतिपय अवस्थामा कडा नियम पालना गर्न पनि लगाउनुपर्ने बाध्यात्मक अवस्था आएमा त्यसलाई सोही बमोजिम कार्यान्वयन गराउनुपर्दछ ।

१०. ह्योल्मो जातिको संस्कृति संरक्षण गर्न खोलिएका र अब खोलिने संघ, संगठनहरुले प्रगति विवरण प्रतिवेदन अध्ययन अनुसन्धान विवरण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्दछ र सम्बन्धित निकायहरुले पनि यसलाई गहन रुपमा लिई भावी कार्ययोजना तयार पार्नुपर्दछ ।

ह्योल्मो जाति एक अल्पसंख्यक जातिमा पनि यसले आफ्ना कतिपय संस्कृतिलाई जोगाएर राखेको छ । परिवर्तनहरुको माझमा पनि धर्म र केही संस्कृतिका आधारभूत विशेषताहरु बाँचेकै छन् । आफ्नो संस्कृति, भाषा, लिपि, भेषभुषा बचाउनुपर्छ भन्ने चेतना ढिलै भए पनि यिनीहरुमा क्रमश: आउन थालेको पाइन्छ । उनीहरु यसप्रति सजगत पनि छन् । त्यसैले यो संस्कृति संरक्षणका लागि आवश्यक शर्त हो । माथिका सुझाव अनुसार काम भएमा ह्योल्मो संस्कृति जगेर्ना हुने देखिन्छ । माथिका सुझाव अनुसार काम भएमा ह्योल्मो संस्कृति जगेर्ना हुने देखिन्छ । यसका लागि नेपाल सरकार, स्थानीय निकाय, जातीय संगठनहरु, विभिन्न संघसंस्था तथा जाति संघ लाग्नुपर्ने देखिन्छ । यो समयको माग पनि हो ।

# सन्दर्भसूची


क. अप्रकाशित शोधपत्र

**खत्री**, विमल (२०६२), **लेप्चा जातिको संस्कृति**, सांस्कृतिक विशिष्टता, परिवर्तनका प्रभाव र संरक्षण, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, काठमाडौं एम.ए. शोधपत्र अप्रकाशित

लुईंटेल, प्रेम (२०५५) **इलामका योल्मोवा एक अध्ययन**, इतिहास केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं, एम.ए. शोधपत्र अप्रकाशित ।

ख. प्रकाशित पुस्तकहरु

आचार्य, बाबुराम, (२०५४) **नेपालको सांस्कृतिक परम्परा**, प्रथम संस्करण, काठमाडौं, श्रीकृष्ण आचार्य ।

आफ्नासयेभ, भिक्टर (सन् १९८५) दर्शनशास्त्रको प्रारम्भिक ज्ञान, रुस, अनुवादक राजेन्द्र मास्के, प्रगति प्रकाशन ।

उपाध्याय, श्रीरामप्रसाद (२०५२) **नेपालको सामाजिक, आर्थिक र प्रशासनिक इतिहास,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

कार्की, रनबहादुर (२०५८) **इलाम दर्शन,** काठमाडौं : श्रीमती डिल्लीकुमारी कार्की ।

के.सी., टंक (२०५९) **नेपालका जनजाति र मौलिक परम्परा आदिवासी जनजाति संस्कृतिको खोजमूलक संग्रह,** काठमाडौं : लोकगीत कला प्रतिष्ठान ।

के.सी., सुरेन्द्र (२०६२) **नेपालको सामाजिक बनोट र आदिवासी जनजाति अवधारणा सम्बन्धी विवाद**, काठमाडौं हाम्रो चिनारी हाम्रो संस्कृति कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

खत्री, प्रेमकुमार (२०६२) **नेपालको दनुवार समाज र संस्कृतिबारे केही चर्चा,** काठमाडौं: हाम्रो चिनारी हाम्रो संस्कृति कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

जनजाति आवाज, **अखिल नेपाल जनजाति सम्मेलन ।**

तामाङ, परशुराम, **नयाँ संविधान र अल्पसंख्यक आदिवासी जनजाति ।**

दाहाल, पेशल, सोमप्रसाद खतिवडा (२०५९) **अनुसन्धान पद्धति,** काठमाडौं, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स ।

पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी (२०५४) **नेपालको पौराणिक इतिहास** काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पाण्डेय, मधुसुदन, (२०६०) **नेपालका जनजातिहरु** काठमाडौं पैरवी प्रकाशन ।

बुढा, रामबहादुर, **जनजाति अधिकार र संघीयताको सवाल, २०६८ ।**

मिश्र, चैतन्य, **बदलिंदो नेपाली समाज**, (२०६७) फाइन प्रिन्ट, ललितपुर ।

लामा, दावा साङ्बो (२०६२) **योल्मोपा देवा ङ्येतोङ (ङ्याठी चेम्यो) वंशको इतिहास,** काठमाडौं । योल्मो कार्ग्य साङ्ङाग लाछोग ।

लामा, विनोद, (२०६१) **ह्योल्मो दर्शन**, काठमाडौं ह्योल्मो ज्लाल्गा प्रकाशन समूह ।

लामा, कान्छा (२०५७) **ह्योल्मो जनजातिहरुको विभिन्न ऐतिहासिक घटनाक्रम**, ह्योल्मो इतिहासदेखि वर्तमानसम्म, काठमाडौं, नेपाल ह्योल्मो समाज संघ ।

लामा याङजेन (२०५७) **ह्योल्मो भेषभुसामा आफ्नै मौलिकता छ, ह्योल्मो इतिहासदेखि वर्तमानसम्म,** काठमाडौं नेपाल ह्योल्मो समाज सेवा संघ ।

लामा, पलसाङ (२०५७) **साङ गर्ने विधि, ह्योल्मो इतिहासदेखि वर्तमानसम्म,** काठमाडौं : नेपाल ह्योल्मो समाज सेवा संघ ।

लामा चुङबु (२०५७) **ह्योल्मो जनजातिको विहावारी र रीतिरिवाज, ह्योल्मो इतिहासदेखि वर्तमानसम्म, काठमाडौं, नेपाल ह्योल्मो समाज सेवा संघ ।**

लामा, न्हा, न्हो कान्छा, (२०५७) ह्यो**ल्मो जातिका मानिस मर्दाको परम्परा ह्योल्मो इतिहासदेखि वर्तमानसम्म,** काठमाडौं नेपाल ह्योल्मो समाज सेवा संघ ।

लामा, टी. डब्लु (२०६२) **ह्योल्मो जनजातिको संस्कृति, सेवा नेपाल**, काठमाडौं कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

लामा, वर्मा (२०६२) **संक्षिप्त योल्मोपा परिचय, योल्मोपा देवा ङ्येतोङ वंशको इतिहास,** काठमाडौं योल्मो कार्ग्यु, साङ्ङाग लाछोग ।

लामा, सन्तवर (२०६१) **तम्बा कइतेन व्हाई रिमठिम, (तामाङका पुर्ख्यौली रीतिस्थिति र गीत**) पन्धौं संस्करण, काठमाडौं, रत्न पुस्तक भण्डार ।

विष्ट, डोरबहादुर (२०५५), **सबै जातको फूलबारी,** सातौं संस्करण ललितपुर, साझा प्रकाशन ।

शर्मा, जनकलाल (२०५८) **हाम्रो समाजः एक अध्ययन,** (तेस्रो संस्करण, ललितपुर, साझा प्रकाशन ।

शर्मा, नगेन्द्र (२०५७) **गुरु पद्मसम्मदेखि टुल्कु उर्गेन जिग्मिठी ले कुन्ख्यापसम्मको एउटा छोटकरी ऐतिहासिक पक्ष, ह्योल्मो इतिहासदेखि वर्तमानसम्म**, काठमाडौं, नेपाल ह्योल्मो समाज सेवा संघ ।

हारि, अन्नामारिया, र छेगु लामा (२०४०) **ह्योल्मो-नेपाली-अंग्रेजी शब्द,** काठमाडौं, केन्द्रीय भाषा विज्ञान विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

Clarke, Graham E. 1980. 'A Helambu History', Journal of the Nepal Research Centre (Humanities) 4:1-38)।

People of Nepal Himalaya, Editor H. Kihara (1957) Fauna and Flora Research Socirty Tokyo, Japan।

Sensory Biographies lives and death among Nepal's Yolmo Buddists, University of Californiya।

Website: http://www.merosindhu.com

**अनुसूची १**

‘ह्योल्मो जातिको सामाजिक सांस्कृतिक अवस्था एक समाजशास्त्रीय अध्ययन :
क्यूल गाविस सिन्धुपाल्चोक’

अन्तर्वार्तामा सोधिएका प्रश्नहरु

उत्तरदाताको नाम :

**उमेर :**

**ठेगाना :**

**लिङ्ग :**

**पेशा :**

**शिक्षा**

**१. ह्योल्मो जातिको उत्पत्ति सिन्धुपाल्चोक जिल्लामा यस जातिको आगमनबारे बताइदिनुहोस् ।**

**२. ह्योल्मो जातिको सांस्कृतिक विशिष्टताहरु के कस्ता छन् ?**

**३. ह्योल्मो जातिको सामाजिक संस्कार र चाडपर्व के के हुन् र कसरी सम्पन्न गरिन्छ ?**

**४. ह्योल्मो जातिको संस्कृतिमा के कस्ता परिवर्तनहरु भएको पाउनुभएको छ ?**

**५. ह्योल्मो जातिको संस्कृति परिवर्तनका कारणहरु के के हुन् ?**

**६. ह्योल्मो जातिको मौलिक संस्कृति संरक्षणको वर्तमान अवस्था कस्तो छ ?**

**७. ह्योल्मो जातिको संस्कृति संरक्षण गर्न कुन कुन निकायबाट के कस्ता प्रयासहरु भइरहेको छ ?**

८. ह्योल्मो जातिको समाजमा कस्तो अवस्था छ ?

अन्तर्वार्ता लिइएका व्यक्तिहरु

१. टासी छिरिङ लामा

२. कान्छा लामा

३. पूर्ण लामा

४. निमा लामा

५. दावा लामा

६. दोर्जे लामा

७. विनोद लामा

८. नवराज कोइराला

९. छ्वा घिर्मी ह्योल्मो

१०. लामा दाबा ह्योल्मो

११. विजय लामा

१२. सुश्री पेम्बा डोल्मा ह्योल्मो

१३. सुश्री ङजेन लामा ह्योल्मो

१४. कामी दोर्जे लामा ह्योल्मो

**अनुसूची २**

उत्तरदाताका लागि सोधिएका प्रश्नहरु

**उत्तरदाताको नाम :**

**उमेर :**

**लिङ्ग :**

**ठेगाना :**

**पेशा :**

**शिक्षा :**

१. ह्योल्मो जातिको उत्पत्तिबारे तपाईंलाई के थाहा छ ?

२. सिन्धुपाल्चोकमा ह्योल्मो जाति कहाँबाट आएर बस्न थालेको हो ?

३. ह्योल्मो जातिको खानपिन, भाँडाकुँडा, हातहतियार के के छन् ?

४. ह्योल्मो जातिको भेषभुषा, गरगहना के के हुन् ?

५. तपाईंको परिवारमा कति जनाले आफ्नो जातिकै भेषभुषा लगाउनुहुन्छ ?

६. तपाईंको परिवारमा आफ्नै जातिको भाषा कति जना बोल्नुहुन्छ ?

७. आफ्नो परिवारभित्र कुराकानी गर्दा कुन भाषा प्रयोग गर्नुहुन्छ ?

८. तपाईहरुको जातिको आफ्नो लिपि छ ?

९. तपाईंहरुलाई तपाईंहरुको लिपि पढ्न र लेख्न आउँछ ?

१०. तपाईंहरुको मुख्य पेशा के हो ?

क. कृषि, ख. पशुपालन, ग. व्यापार, घ. नोकरी

११. ह्योल्मो जातिको नाचहरु के कस्ता छन् ? तपाईंलाई नाच्न आउँछ ?

१२. ह्योल्मो जातिको बाजागाजाहरु के के हुन् ? कस्तो अवसरमा कुनकुन बजा बजाइन्छ ?

१३. ह्योल्मो जातिको थरहरु कतिवटा छन् ? ती के के हुन् ?

१४. तपाईं कुन धर्म मान्नुहुन्छ ?

१५. तपाईंहरुको भाषा कुन जातिसँग नजिक छ ?

क. शेर्पा, ख. तामाङ, ग. कागते, घ. अरु कुनै

१६. धार्मिक तथा सामाजिक संस्कारहरु सम्पन्न गर्दा कुन पूरोहित लगाउनुहुन्छ ?

क. लामा, ख. बाहुन, ग. दुवै ।

१७. संस्कारहरु गर्दा बलि दिनुहुन्छ ? दिनुहुन्छ भने कुन कुन संस्कार गर्दा दिनुहुन्छ ? बलि कुन कुन पशुको दिनुहुन्छ ?

१८. धामीझाँक्रीमा कतिको विश्वास गर्नुहुन्छ ?

१९. विरामी परेमाा कहाँ उपचार गर्नुहुन्छ ?

क. धामीझाँक्री, ख. स्वास्थ्यचौकी, ग. औषधि पसल

२०. जन्मदेखि मृत्युसम्मका संस्कारहरु के के हुन् ? तिनीहरु कसरी सम्पन्न गरिन्छन् ?

२१. ह्योल्मो जातिका मौलिक चाडपर्वहरु के के हुन् ? ती चाडहरु कसरी मनाउनुहुन्छ ?

२२. तपाईंहरुका चाडपर्वहरुमा परिवर्तन आएको छ ? छ भने के परिवर्तन भएको छ ?

२३. अहिले कुन कुन चाडपर्व मनाउनुहुन्छ ?

२४. तपाईंहरु केके पूजाआजा गर्नुहुन्छ ?

२५. तपाईंहरुको संस्कृति बचाउन तपाईंको कस्तो भूमिका रहन्छ ?

२६. ह्योल्मो जातिको परम्परागत संस्कृतिमा परिवर्तन भएको छ ? छ भने के के परिवर्तन भएको छ ?

२७. तपाईंको जातीय उत्थानका लागि कुनै संगठन स्थापना भएको छ ?

२८. तपाईंको लागि त्यो संगठनले कस्तो काम गरेको छ ?

२९. तपाईंको जातिले परम्परागत संस्कृति बचाउनुपर्छ वा पर्दैन ? पर्छ भने कसरी बचाउनुपर्ला ?

३०. तपाईंको जातीय संस्कृति संरक्षण कुन कुन निकायले के कस्ता पहल गरेका छन् ?

३१. तपाईंहरुको जातिमा महिलाहरुको अवस्था कस्तो छ ?

३२. ह्योल्मो जातिको समाजमा कस्तो अवस्था छ ?

३३. तपाईं आफ्नो जातिबारे अरु केही भन्न चाहनुहुन्छ ?

३४. अन्त्यमा, तपाईंको विचारमा ह्योल्मो जातिको संस्कृति संरक्षणमा राज्यपक्षको भूमिका कस्तो हुनुपर्छ ?

**टिप्पणी– १**

गुरु, हजुरलाई प्रणाम चढाउँछु

मैले ठूलो पुण्यको कमाइले हजुरलाई भेटें

र हजुरले भविष्यवाणी गर्नुभएको ठाउँमा बस्दैछु

यो पहाड र जंगलहरुले शोभायमान,

अत्यन्तै स्मरणीय ठाउँ हो ।

पहाड-पाखाहरुमा फूलहरु फुल्दछन् ।

जंगलमा यताउता रुखविरुवाहरु चल्दछन् ।

बाँदरहरुको लागि यो क्रिडास्थल नै हो ।

चराचुरुङ्गीहरु भाका मिलाएर गाउँदछन् ।

माहुरीहरु ओहोर दोहोर गर्दछन् र भुनभुनाउँछन् ।

र दिन खुलेदेखि रात नझरेसम्म,

इन्द्रेणीहरु आउनेजाने गर्दछन् ।

गर्मी र जाडोमा हल्का वर्ष वर्षन्छ ।

र वसन्त तथा शरदमा तुवाँलो र कुहिरो मडारिन्छन्,

यस्तो आनन्दमय ठाउँमा एकान्तमा,

म, मिलारेपा, खुशीसाथ बस्दैछु

शून्यता, प्रज्वलित मनमा ध्यान गर्दैछु ।

(काठमाण्डौ कार्ग्यु लाछोग केन्द्रीय सचिवालयद्वारा, प्रथम राष्ट्रिय कोन्छेयोग च्येन्दी लामा सम्मेलन २०६२ मा प्रस्तुत कार्यपत्रबाट उद्धृत ।)

**टिप्पणी- २**

ह्योल्मो जातिले आफ्नो भाषामा बोलिने केही शब्दहरु यसप्रकार छन् :

नाता बुझाउन बोल्ने शब्दहरु

| ह्योल्मो भाषा | नेपाली भाषा |
| --- | --- |
| आमा | आमा |

| | |
|---|---|
| याप | बाबु |
| मेह्पे | बाजे |
| इवी | बज्यै |
| अऊ | काका |
| आशा | काकी |
| ज्याज्यो/आदा | दाजु |
| न्हो | भाइ |
| अजि | दिदी |
| नोह्म | बहिनी |
| सेबु | छोरा |
| बोह्मो/सेमो | छोरी |
| ख्योबु | लोग्ने |
| बेह्मी | स्वास्नी |

**जनावरलाई बुझाउन बोलिने शब्दहरु**

| ह्योल्मो भाषा | नेपाली भाषा |
|---|---|
| बलाङ | गाई |
| लङगो | गोरु |
| लु | भेंडा |

| | |
|---|---|
| चिवी | चरा/पंक्षी |
| ताबु/ता | घोडा |
| खी | कुकुर |

(स्थलगत भ्रमण, २०६८)

**टिप्पणी– ३**

ह्योल्मो जातिको एउटा रचना

म्हियुल ङ्हा नि म्हेन्डो
फायुल क्हाजे ह्वाबा ।
म्हीगी ग्लाल्खङ मेदी,
रहङगी क्होरे क्यिपा ।

म्हीयुल खाम्साङ म्हेको,
र्हङयुल खासाङ ज्येम्बा ।
ड्रम दङ गिटार दिन्ला,
ह्योल्मो ट्हम्डयेन ङ्येम्बा ।

क्षुबा स्होम्बा ङयीगी,
जुबु ङहति जङा
क्याब्रे डिस्को तवा,
स्याबु क्हाजे जेवा ।

म्हीगी दिहना ङ्हाला,
ह्योल्मो ङहा ह्यिन मवा ।
ह्योल्मो ङहोसी फेल्ना,

स्यीन ग्येपा म्हेबा ।

(टी.डी. ह्योल्मो, जोरपाटी, आरुबारी, काठमाडौं)